ISSN 2631-2298

nepalmag.com.np

आइतबार • २२ मंसिर २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

ग्यास च्याम्बर बन्दैछ काठमाडौं

राजधानीलगायत ठूला सहरहरूको प्रदूषणले जनताको स्वास्थ्य जोखिममा

'यो सरकार बनेपछि हाम्रो प्रतिवेदन अछुत भयो' प्रा श्रीधर खत्री

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS



The prime minister says fewer people have to wear dust masks since he's taken office. But pictures don't lie, and neither do numbers. The Post will bring you both, without fear or favour. See upto-the-minute status of air quality in major cities across the country at :

kathmandupost.com/airquality

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
Sunflow हिराको
उप हार
हिराको हार जित्ने मौका
10 digit no: 1004993882
Sunflow
REFINED SUNFLOWER OIL
Cholesterol Free
1 Ltr. Net
B. No. 28, MFD SEP 2019,
10 digit no: 1004993882
१० अंकको नम्बर हुने स्थान
Sunflow तेलमा पकाऔं मिठो परिकार
साथमा पाऔं हिराको हार उपहार!
Sunflow Sunflower तेलको १ र १/२ लि. को उपहार प्रवर्द्धित प्याकेट खरिद गर्दा प्याकेटमा भएको **१० अंकको नम्बर**लाई ३१००८ मा SMS गर्नुहोस् र लक्की ड्र मार्फत पाउनुहोस् हरेक १५ दिनमा
हिराको लकेट, हिराको टप र हिराको हार ।
साथै एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ
आकर्षक हिराको नेकलेस सेट*
सबै विजेताहरुको नाम राष्ट्रिय दैनिकमा प्रकाशित हुनेछ
* यो योजना सीमित अवधिको लागि लागु हुनेछ । शर्तहरू लागु हुनेछन् ।
CHOLESTEROL free
Original खोज्नुस् Sunflow नै रोज्नुस्
हिराको हार विजेताले Sunflow खरिद गर्नुभएको पसलको बिक्रेताले जित्नुहुनेछ 32" TV उपहार

भित्र

आइतबार, २२ मंसिर २०७६ (वर्ष २०, अंक १८)
Nepal National Weekly, 8 Dec 2019 (Vol. 20, No. 18)



१२ **हाम्रो नेपालमा** फुर्सदिला केटाकेटी

१४ **प्रदेश २** दाइजो-दंश

१६ **नेपाल राउन्ड टेबल** मेडिकल शिक्षा सरकार कि बजार नियन्त्रणमा ?

१८ **उपनिर्वाचन** प्रतिष्ठाको लडाइँ

२८ **आवरण** अर्को ग्यास च्याम्बर बन्दैछ काठमाडौं

४२ **व्यक्तिचित्र** सोचमग्न यात्री

५० **रङ** पशुपतिद्वारदेखि ग्रामीसम्म

५२ **सम्झना** विनय कसजू

सम्पादकीय | ५
प्रतिक्रिया | ६
स्मरण | ७
प्रवेश | ८
परिहास | १०
निबन्ध : निभा शाह | ४६
पुस्तक | ४८
तीन किताब | ४९
नेपाल मण्डल | ५४
नोटबुक | ५६

५० स्वर्ण टाढा छैन | ३८

सम्पादकीय

चिसो एस्ट्रेमा अलिअलि गर्दै निभिरहेको हाम्रो जीवन

कुनै बेला 'नयाँ नेपाल' भन्दा कम लोकप्रिय थिएन, 'स्वच्छ, सफा, हराभरा काठमाडौँ' नारा । तत्कालीन महानगरले यो नारा दिएको दुई दशक नाघ्दा आज प्राचीन सांस्कृतिक राजधानी पर्यावरणीय दृष्टिकोणले बस्नै नमिल्ने सूचीमा पर्दै छ । कवि भूपी शेरचनले चिसो एस्ट्रे भनेका थिए काठमाडौंलाई । यो चिसो एस्ट्रेमा हाम्रो जीवन अलिअलि गर्दै निभिरहेको छ ।

कात्तिक तेस्रो साता युरोपेली संस्था आईक्यु एयरले संसारभरिका प्रदूषित राजधानीको सूची प्रकाशन गरेथ्यो । बढी प्रदूषित सहरको पहिलो वरीयतामा नयाँ दिल्ली छ । काठमाडौँ सातौँमा । हामी सबैलाई थाहा छ, नेपालको राजधानी सहर अधिक प्रदूषित छ । *नेपाल*को यो अंकमा यम बमले आवरण कथामार्फत हाम्रो जीवनको गुणस्तर दयनीय हालतमा पुगिसकेको खुलाएका छन् ।

जसै हिउँद सुरु हुन्छ, घरघरका प्रदूषणपीडितहरू अस्पतालको चक्कर काट्न बाध्य हुन्छन् । बिरामी, केटाकेटी र बूढाबूढीलाई यस्तोमा जोगाउन असाध्यै गाह्रो छ । धुलाम्य सडक पार गर्दै विद्यार्थीहरू स्कुल-कलेज धाउन बाध्य छन् । प्रधानमन्त्री केपी ओलीले केही समयपहिले दाबी गरेझैँ काठमाडौं तत्काल मास्कविहीन सहर भइहाल्ने देखिँदैन । केही सडक खण्ड पहिलेभन्दा सन्तोषजनक हालतमा रहे पनि जनजीवन आक्रान्त बन्ने क्रम टुटेको छैन ।

समस्या राजधानीमा मात्रै छैन । देश भ्रमण वर्षको सम्मुखमा छ । तर पर्यटकहरू सर्वाधिक जान चाहनेमध्येको लुम्बिनी क्षेत्र नै असुरक्षित छ । लुम्बिनीलगायत तराई क्षेत्रमा धुलोको कणसँगै उद्योगबाट निस्केको धुवाँको मात्रा बढ्दो छ । चितवन, सौराहा, नेपालगन्ज उस्तै समस्या भोगिरहेछन् । सर्वोच्च अदालतले ०६३ मा बस्ती, वनजंगल, होमस्टे, स्मारक, पार्कबाट नजिक रहेका इँटाभट्टा तत्काल हटाउन सरकारको नाममा परमादेश जारी गरेको थियो । त्यो अहिलेसम्म कार्यान्वयन भएको छैन । वातावरण विभागले गत वर्ष दाङ, नवलपरासी र धादिङका सिमेन्ट उद्योगको अध्ययन गर्दा 'ती क्षेत्रमा धुलोको मुख्य स्रोत सिमेन्ट उद्योग, ढुवानीका सवारीसाधन र सडक' लाई औँल्याएको प्रसंग यहाँ स्मरणीय छ ।

यस्तोमा राज्यको ठोस पहल अपेक्षित छ । आज हाम्रा सामुन्नेको यो समस्याको स्रोत हामी नै हौं । बस्ती बसाल्न, मानिसको सुविधाका लागि विकास पूर्वाधार निर्माण गर्न पक्कै आवश्यक हुन्छ । तर विगतदेखि नै वातावरणको बढ्दो विनाशप्रति बेपर्वाह हुँदै विकास परियोजना अगाडि बढाइए । राज्यको भरपर्दो अनुगमन नहुँदा प्राकृतिक स्रोत दोहन गर्ने क्रम अझै बढ्यो । उसमाथि यसै वर्ष चक्रपथको दोस्रो खण्ड विस्तारका नाममा राजधानीमा काटिएका असंख्य रूख राज्यको लापरबाहीका प्रतिविम्ब हुन् ।

सार्वजनिक यातायात सहज उपलब्ध नहुँदा निजी सवारीको संख्या थपिँदो छ । आडम्बरकै लागि भए पनि विलासी देखिने लालसाले थपिएका सवारीसाधन पनि बढ्दो प्रदूषणका कारक हुन् । ४० लाखजति जनसंख्या बस्ने काठमाडौँ उपत्यकामा फोहोर व्यवस्थापन चुनौती बन्दै गएको छ । अहिलेसम्म राज्यका निकायले अस्थायी समाधानका भरमा समस्या पन्छाउँदै आएका छन् ।

हेलो सरकार, प्रदूषणको चिसो एस्ट्रेमा फ्नोसिन अभिशप्त आफ्ना नागरिकको जीवनलाई असमयमै कतिन्जेल निभिरहन दिने हो ?

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १५ मंसिर २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

राष्ट्रप्रमुखको दलीय अभ्यास

कार्यकारी राष्ट्रपति भएर पनि बालुवाटार, सिंहदरबार र पार्टी कार्यालयका काममा अनपेक्षित चासो राख्नु राष्ट्रपति पदको साख गिराउनु नै हो (*आलंकारिक राष्ट्रपतिको अनपेक्षित शक्ति अभ्यास, १५ मंसिर*) । राष्ट्रपतिमा निर्वाचित भएदेखि नै राजनीतिबाट निरपेक्ष रहने घोषणा गरे पनि सत्तारूढ दलले नै उनलाई शक्तिकेन्द्र मानेर राजनीतिमा आउन सघाएको देखियो । दुई अध्यक्षले नै राष्ट्रपतिलाई साक्षी राखेर पार्टीको कार्य विभाजन गर्नुले दलीय प्रभावबाट मुक्त नरहेको स्पष्ट संकेत हो ।

■ **हरि लामिछाने**, *पोखरा*

सत्ताप्रेमी उपेन्द्र

प्रधानमन्त्री केपी ओलीले उपेन्द्र यादवलाई कानुन मन्त्रालयमा सरूवा गरे पनि उनले त्यसलाई स्वीकारेका छन् (*उपेन्द्रलाई रेडकार्ड, १५ मंसिर*) । मन्त्रिपरिषद् पुनर्गठन प्रधानमन्त्रीको अधिकारको विषय भएको भनेर मन्त्री यादवले सरकारको बचाउ गर्नु सत्तामोह नै हो ।

■ **दुर्गानन्द ठाकुर**, *सप्तरी*

मेडिकल शिक्षा सुधार्ने कसरी ?
Mingmar G Sherpa @DrMingmaSherpa

पुलिस नै चोर भनेझैं नियमनकारी निकायले नै नियमबाहिर काम गर्न प्रोत्साहन गरेपछि अरूलाई दोष दिनु उपयुक्त हुँदैन ।

बाँसुरीमा औंला नचाउँदै ग्रामी अवार्डमा मनोनीत मनोजसिंह नेवा को हुन् ?
Rita Thapa @bheribas

नेपालका वास्तविक हिरो मनोज सिंह नेवाप्रति असीम गर्व अनुभव गरिरहेकी छु । उनलाई लाखलाख बधाई छ । नेपालमा उनको प्रस्तुतिको प्रतीक्षा गरिरहेकी छु ।

आलंकारिक राष्ट्रपतिको अनपेक्षित शक्ति अभ्यास
Bikash Shrestha @sthbikashnsu

राष्ट्रपति स्वयं र नेकपा सेरेमोनियल राष्ट्रपति पदको गरिमा ध्वस्त पार्ने कर्ममा लागेका छन् । संस्थाको गरिमा भत्काएर लोकतन्त्र बलियो हुँदैन । विगतका गलत अभ्यासलाई उदाहरण दिएर वर्तमानको कुकर्म सही पुष्टि हुन सक्दैन ।

Arun Dhoj Adhikary @arundadhikary

न राष्ट्रपति संस्था तथा राष्ट्रपतिको कार्यालय, न त राष्ट्रपति विद्यादेवी भण्डारी नै बलिया छन् । कतै राष्ट्रपतिका नाममा कसैले यस्तो हर्कत गरिरहेको त छैन ?

मेडिकल शिक्षा सुधार्ने कसरी ?
Suresh Pradhan

शिक्षा व्यापार होइन, हुनु हुँदैन । सरकारले मात्र सञ्चालन गर्नुपर्छ । तर शिक्षण संस्थाको नेतृत्व मेरिटका आधारमा हुनुपर्छ । त्यसमा राजनीतिको गन्ध हुनु हुँदैन ।

सोझै
Megha Raj Gyawali

गोकर्ण विष्टजस्ता इच्छाशक्ति भएका र जनताको पक्षमा काम गर्ने युवालाई मन्त्रिपरिषद्बाट हटाइनु दुःखलाग्दो, गलत निर्णय हो ।

सशस्त्र युद्धका घाइतेको सकसपूर्ण जिन्दगी
Ram Krishna Kafle

कम्तीमा शान्ति प्रक्रियायता चम्किएका माओवादी नेताका छोराछोरी र नातेदारको सम्पत्तिको छानबिन मात्रै गर्ने हो भने सबै कुरा छर्लंग हुन्छ । निरीह नेपालीले कति हरितन्नमलाई राजसी हैसियतमा उभ्याउने ?

ससुराको शक्तिमा बुहारीको रजाइँ
Bhim Changchha Rai

धेरै नेताले अपमान भोग्नुपरेको छ । राम्रालाई भन्दा आफ्नालाई हेर्ने स्वभावका कारण देशले कोल्टे फेर्नसम्म धौधौ छ ।

सातका ७ | nepalmag.com.np

१ **विनयशील जीवनको अन्त्य (भास्कर गौतम)**
पञ्चायतकालदेखि नै कसजू अनुत्तरदायी शासन व्यवस्थाबाट विरक्तिएका थिए । त्यसैले बहुदल आएपछि नेताका भाषणबाजी, खोक्रो आश्वासन र शक्ति-पूजा वरिपरि गरिने पत्रकारिताबाट उनी टाढा रहे । सशक्त जनगणको निर्माण नै उनको पत्रकारिता ध्येय बन्यो ।

२ **उपनिर्वाचन : अन्तिममा मःम र चाउमिन !**
उपनिर्वाचन जितेर कांग्रेस सरकारमा पुग्ने अवस्था होइन, न त हार्दैमा नेकपाको सत्ता खोसिने स्थिति छ । तैपनि पार्टीहरूले चुनावलाई प्रतिष्ठाको विषय बनाउँदा अस्वस्थ प्रतिस्पर्धा झन् चुलिएको छ ।

३ **मेडिकल शिक्षा :**
सरकार कि बजारको नियन्त्रणमा ? (नेपाल राउन्ड टेबल)
मेडिकल कलेजहरूले सरकारले तोकेभन्दा बढी शुल्क लिएपछि चिकित्साशास्त्रका विद्यार्थी आन्दोलित भए । विद्यार्थीसँग लिएको थप शुल्क फिर्ता गर्न मेडिकल कलेज सञ्चालकहरूले सरकारसँग सहमति नै गरेका छन् । तर विद्यार्थी आन्दोलन रोकिएको छैन । विद्यार्थीसँग असुलिएको बढी शुल्कको गाँठो फुक्ने अझै देखिएको छैन ।

४ **भट्टीपसलमा उमिरहेकी बूढी**
(साताको साहित्य : नारायण ढकाल)
गल्पकारले फूलमाया थसुल्लीको प्रश्नको जवाफ नदिँदै भट्टीपसलमा एउटा सत्तरी वर्ष नाघेको बूढो मानिस पाइलट चुरोट फुसफुस फुक्दै आइपुग्यो र सामुन्ने उमिरहेकी बम्बै बूढीलाई एकपल्ट क्रूरतापूर्वक घुर्दै अर्को छेउमा गएर बस्यो । ऊ गल्पकारभन्दा लगभग बीस वर्षजति जेठो थियो । उसले खैरा कमिजसुरुवाल र कालो इस्टकोट लगाएको थियो । टाउकामा खजमजिएको पुरानो ढाकाटोपी थियो । खुट्टामा तलुवा खिइएको चप्पल थियो । उसको अनुहारमा चाउरीका अनेक राजमार्ग देखिन्थे । नियमितजसो रक्सी खानाले उसका चिम्से आँखाका दुवै डिल सुन्निएका थिए ।

५ **सीले तोडेको प्राचीन निषेधाज्ञा : लक्ष्मी लम्साल**
चीनमा जनगणतन्त्र आएको यत्तिका वर्ष भइसक्यो । तर 'फर्बिडन सिटी' मा चिनियाँ राष्ट्रप्रमुखहरू कहिल्यै पनि भित्र छिरेनन् । उनीहरू पटक-पटक सो दरबारको नजिकसम्म पुगेर बार्दलीबाट चोकमा रहेका जनतालाई सम्बोधन गरे तर भित्रैसम्म कहिल्यै पुगेनन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारमा पनि 'माओलगायत केही नेता यति मिटरभित्रसम्म छिरे, उति मिटर बिछ्याएको रातो कार्पेटमा टेके' भन्ने खालका समाचार छापिन्थे ।

६ **बलिउडमा हिरोइनको मानक भत्काउँदै छिन्, भूमी पेड्नेकर**
डेब्यु फिल्ममा शरीरको वजन घटाएर चिरिच्याट्ट देखिन मरिहत्ते गर्छन्, हिरोइनहरू । 'राम्री' नदेखिए किनारा लाग्ने भय हुन्छ । ग्ल्यामर क्षेत्र भएकाले हिरोइनलाई 'स्लिम' हुनैपर्ने दबाब हुन्छ तर भूमी पेड्नेकरले यी सब मान्यतालाई चुनौती दिइन् । पहिलो फिल्म *दम लगाके हैसा*का लागि झन्डै ३० केजी वजन बढाइन् । फिल्ममा मोटी दुलहीको भूमिकामा थिइन् । फिल्म 'स्लिपर हिट' को सूचीमा दरियो । समीक्षकले खुलेर प्रशंसा गरे, 'भूमीको चरित्र साहसिक र अभिनय जीवन्त छ ।'

७ **ग्रामी अवार्डमा मनोनीत मनोजसिंह नेवा को हुन् ?**
संगीतका लागि विश्वकै सर्वोच्च पुरस्कार मानिने ग्रामी अवार्डमा नेपाली संलग्न संगीत सिर्जना मनोनयनमा परेको यो पहिलो अवसर हो । अमेरिकाको सनफ्रान्सिस्कोमा बस्दै आएका मनोज, जर्मनीकी देवा प्रेमल र बेलायतका मिटेनको संयुक्त एल्बम 'देवा' ग्रामीको ६२ औं संस्करणको 'बेस्ट न्यु एज एल्बम' विधामा छानिएको हो । बौद्धमा जन्मे-हुर्केका मनोज बाँसुरीको धुनसँगै कसरी ग्रामीसम्म पुगे ? यात्रा रोचक छ ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

मनकामना बस सर्भिसमा राजपरिवार

प्रीतम सिंह

सन् १९५९ मा पब्लिक मोटर्स स्थापनासँगै नेपालभर सार्वजनिक यातायात सञ्चालनार्थ कैयौं कम्पनी विस्तार भए । सुरूमा एक कम्पनीबाट सञ्चालित ट्रान्सपोर्ट व्यवसाय विस्तार हुँदै जाँदा पारिवारिक साझेदारीमा राजपरिवारका सदस्यसमेत हिस्सेदार बने ।

काठमाडौंमा सार्वजनिक यातायात सञ्चालनमा ल्याएलगत्तै उपत्यका नजिकको देवीघाट-त्रिशूलीमा बस सेवा चलायौं, पहिलोपल्ट, सन् १९५९ मै । त्यसपछि नेपालभर ट्रान्सपोर्ट व्यवसाय सञ्चालनका लागि पहिलोपल्ट वीरगन्जमा लोकभक्त बस सेवा कम्पनी खोलियो । यसले वीरगन्ज-नारायणगढ बस सेवा सञ्चालन गर्थ्यो । वीरगन्ज-काठमाडौं बस सेवा पनि यही कम्पनीमार्फत चलायौं ।

पश्चिमतर्फ यातायात विस्तार गर्न नेपाल दर्शन बस सेवा कम्पनी खोल्यौं । यो कम्पनीमार्फत सञ्चालित बस-ट्रक बुटवल-पोखरालगायत पश्चिम पहाडी जिल्लामा चलाइयो । नेपालगन्जबाट ट्रान्सपोर्ट सेवा थाल्न इन्डो-नेपाल रोडवेज कम्पनी खोल्यौं । यो कम्पनीले पनि सडक सञ्जाल विस्तारसँगै काठमाडौं-पोखरा, बुटवल, धनगढीसम्म यात्रु सेवा दियो । पारिवारिक साझेदारीका कम्पनी सञ्चालन गर्न परिवारका विभिन्न सदस्य उपत्यकाबाहिर बस्थे ।

नेपालको यातायात क्षेत्रमा शिख समुदायको लोभलाग्दो प्रगति देखेर विभिन्न कम्पनी खुले तर दिगो हुन सकेनन् । मैले नै खोलेको मनकामना बस सर्भिस कम्पनीमा राजपरिवारका सदस्य पनि जोडिन आइपुगे । महेन्द्रका ज्वाइँ दीपकविक्रम शाह (शान्ति शाहका पति) सँगै हामीले मनकामना बस सेवा ५ वर्षसम्म साझेदारीमै चलायौं । कम्पनी मुनाफामा जान थालेपछि दीपक आफैंले चलाउने निर्णय गरे । त्यसपछि मैले उक्त कम्पनीबाट हात झिकें । राजाका ज्वाइँको एकल स्वामित्वमा सञ्चालित मनकामना बस सेवा कमजोर व्यवस्थापनका कारण एक-डेढ वर्ष चलेर बन्द भयो ।



शिख समुदायकै कारण नेपालमा ट्रान्सपोर्ट फैलिएपछि राजा महेन्द्रले बस व्यवसायमा पनि लगानी बढाउन आग्रह गर्थे । मनकामना बस सेवा सञ्चालन गरेको यस्तै २-३ महिना भएको थियो । उपत्यकाबाहिर चल्ने बस सेवा सञ्चालनको अवस्था बुझ्न राजा महेन्द्रबाट मलाई दरबारमा बोलावट भयो । राजाले नै सार्वजनिक यातायातमा नेपालका अन्य कम्पनीसँग हातेमालो गरेर अगाडि बढ्न सुझाए । आफ्नो सल्लाहमै ज्वाइँले बस सेवामा लगानी हालेको राजाले मलाई जानकारी दिए ।

सुदूरपश्चिममा यात्रु तथा मालवाहक सेवा दिन पारिवारिक साझेदारीकै अर्को कम्पनी हेमकुण्ड ट्रान्सपोर्ट खोल्यौं । कान्छो भाइ दर्शन सिंहको जिम्मामा रहेको यो कम्पनीले धनगढी-डडेल्धुरासम्म यात्रु तथा मालवाहक सेवा चलाउँथ्यो । पछि नेपालमा सडक निर्माण हुँदै गए । महेन्द्र राजमार्ग निर्माणले गति लियो । उपत्यकाबाहिर खुलेका कम्पनीले राजधानीसम्म बस तथा ट्रक चलाउन थाले ।

हामीले नेपालमा यातायात सुरू गरेको २३ वर्षपछि बुटवल-पोखरा, नारायणगढ-बुटवल, सुनौली-पोखरा, धनगढी-नेपालगन्ज, नारायणगढ-मुग्लिन, काठमाडौं-पोखरा, वीरगन्ज-बुटवललगायतका सडक बने । यी सडकमा पहिलोपल्ट गाडी चलाउने कम्पनी हाम्रै थिए ।

नेपालको समथर क्षेत्र पश्चिममा यातायात चल्न थालेपछि राजा महेन्द्रले पूर्वाञ्चललाई आधार बनाएर राजमार्ग निर्माण अगाडि बढाए । दुई छिमेकीका साथै दातृ समुदायले पनि नेपालको सडक विस्तारमा सहयोग पुर्‍याए । जनकपुर, वीरगन्ज-पथलैया सडक बने । हामीले पनि पूर्वतिर बस सेवा थाल्यौं । हाम्रा कम्पनीले यातायात सेवा सुरू गर्नुअघि तराईका वीरगन्ज-रक्सौल, नेपालगन्जल, विराटनगरलगायत सहरमा टाँगा चल्थे । धनगढीमा बढीजसो बयलगाडा चल्थे । पहाडमा हुनेखानेले मात्र घोडा पाल्थे । खाद्यान्न ढुवानी भरियामार्फत हुन्थ्यो ।

नेपालमा पर्याप्त बस नहुँदा सर्वसाधारणलाई कैयौंपल्ट ट्रकमै राखेर गन्तव्य पुर्‍याइन्थ्यो । तराई क्षेत्रमा त ट्रकको हुटमा समेत मानिस कोचिन्थे । पहाडी क्षेत्रमा मालवाहक ट्रकलाई बिनासिटका यात्रुवाहक साधन पनि बनाइयो । पारिवारिक साझेदारीका झन्डै चार सय बस, ट्रक र ट्यांकरमार्फत नेपालको सार्वजनिक यातायात क्षेत्रमा करिब चार दशकसम्म सेवा गरियो ।

नेपालमा सार्वजनिक यातायातको व्यवस्थित जग बसाएर सन् १९५८-२००० सम्मको अवधिमा हजारौं ड्राइभर, मेकानिक्सलगायतका दक्ष जनशक्ति उत्पादन गरियो । हाम्रा कम्पनी उकासिए । अन्य निजी यातायात कम्पनीले फस्टाउने अवसर पाए ।

■ **प्रस्तुति : गोकुल अर्याल**

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

प्रवेश

सोझै

साताका चर्चित

पारस खड्का
क्रिकेटर

१३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा नेपालको झन्डा बोक्ने जिम्मेवारी ।

तारानाथ शर्मा
साहित्यकार

१ लाख रूपैयाँसहित बालकृष्ण सम पुरस्कार–०७६ बाट सम्मान गरिने ।

विनय कसजू
पत्रकार/लेखक

निमोनियाका कारण ७२ वर्षको उमेरमा निधन ।

दीप बस्न्यात
पूर्वप्रमुख आयुक्त, अख्तियार दुरूपयोग अनुसन्धान आयोग

अनियमितता पुष्टिपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा सम्पत्ति रोक्का ।

कृष्णदास गिरी 'सिद्धबाबा'
योगी

सुनसरी चतरा आश्रममा आफ्नै अनुयायीमाथि बलात्कारको उजुरी परेपछि पक्राउ ।

मुलुकबाहिर

बदमास बच्चाको सूची

क्रिस्चियन धर्मावलम्बीको पर्व क्रिसमस नजिकिँदै छ । २५ डिसेम्बरमा मनाइने क्रिसमसमा स्यान्टा क्लजले उपहार दिने र क्रिसमस ट्रि सजाउने चलन छ । यो पर्व यतिमा मात्र सीमित देखिँदैन, बेलायतमा अलि फरक तरिकाले क्रिसमस मनाउने चलन छ ।

मिररडट्युकेडटकमका अनुसार स्कुल स्टिकरले ११ वर्षयता क्रिसमसमा सज्जन र बदमास बच्चाको सूची बनाउँदै आएको छ । स्कुल स्टिकरले गरेको सर्वेक्षणमा यस पटक २७ हजार बालबालिका सहभागी थिए । सज्जन केटीतर्फ सोफी र सज्जन केटातर्फ ज्याकले शीर्ष स्थान ओगटेका छन् । यस्तै, बदमास केटीतर्फ एलेक्जेन्ड्रा र बदमास केटाको सूचीमा महिला लोगान शीर्ष स्थानमा परेका छन् ।

विद्यालयमा विद्यार्थीले अनुशासन पालना गरेको आधारमा सज्जन र बदमासको सूची सार्वजनिक गर्ने गरेको वेबसाइटले जनाएको छ । स्कुल स्टिकरका प्रबन्ध निर्देशक भन्छन्, 'हामीलाई अत्यन्त मन पर्ने सज्जन र बदमासको सूची क्रिसमसको परम्परा बनिसकेको छ । रमाइलोका लागि भए पनि सूचीमा आफ्नो नाम देख्न बालबालिका उत्साहित देखिन्छन् ।' ने



त्यस बखतको **नेपाल**

के मोबाइल सस्तो होला ?

सरकारले सेलुलर मोबाइल फोन सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई अनुमति दिएपछि मध्यमवर्गीय उपभोक्ताले मोबाइल बोकेर हिंड्ने कल्पना गर्न थालेका छन् । मोबाइल राख्न इच्छुक तर प्रचलित मूल्यमा यी अत्याधुनिक सुविधा उपभोग गर्न आर्थिक क्षमताले नभ्याउने अधिकांश जनतामाझ अहिले एउटै सवाल छ- 'अब मोबाइल फोन कति रुपियाँमा आउँछ ?'

निजी क्षेत्रबाट मोबाइल सेवा सञ्चालन गर्न अनुमतिप्राप्त खेतान समूहको ख्याति पनि अब यही प्रश्नमा अडेको छ । उनीहरूले सर्वसाधारण उपभोक्ताको चाहनाबमोजिम मोबाइलको शुल्क घटाउँछन् कि घटाउँदैनन्, आएको र गएको कलमा छुट्टाछुट्टै महसुल तिर्नुपर्छ कि पर्दैन ?

खुला बजार अर्थतन्त्रको सामान्य नियमअनुसार एकै प्रकारका वस्तु वा सेवा प्रदान गर्ने कम्पनीहरू धेरै भए तिनीहरूका बीच प्रतिस्पर्धा हुन्छ र मूल्य घट्न थाल्छ । यही नियम वस्तु वा सेवाको गुणस्तर र सुविधा वृद्धिमा पनि लागू हुन्छ । मोबाइल फोन सेवामा हालसम्म यस्तो स्थिति थिएन, पूर्ण सरकारी स्वामित्वमा रहेको नेपाल दूरसञ्चार संस्थानकै एकाधिकार थियो ।

नेपाल, १६-३० मंसिर २०५७

सुरेश किरण

साग र स्वर्ण

यसै सातादेखि नेपालमा साग खेलकुद हुँदै छ । तर यो खेलकुद नेपालका लागि भने यसपालि नरमाइलो हुने हो कि जस्तो लागिरहेको छ । किनभने नेपालले स्वर्ण पदक पाउने प्याराग्लाइडिङ खेल हटाइयो । स्वर्ण पाउन सक्ने अर्को खेल पनि हट्ने देखिन्छ रे । यसरी स्वर्ण पाउने खेल धमाधम हट्न थाले भने नेपालले जित्नेचाहिं के ? यो नेपालका लागि राम्रो भएन ।

तर यसो भए पनि हाम्रो गृह मन्त्रालयलाई भने धन्यवाद दिनैपर्छ । किनभने खेलकुदबाट स्वर्ण पाउने सम्भावना कम भए पनि स्वर्ण आउने अर्को बाटो भने गृहले मजाले खोलेको छ । यतिबेला हामी दिनदिनै समाचार सुनिरहेका छौं– त्रिभुवन विमानस्थलमा यति सुन समातियो, उति सुन समातियो । यो त समातिएको सुन भयो । नसमातिएको सुन त कति छ कति । हाम्रोमा अहिले दैनिक किलोभन्दा बढी सुन नसमातीकनै बाहिरिरहेको छ । त्यसमध्ये कति समातिन्छ, कति समातिंदैन । यसरी नियमित आइरहने स्वर्णका कारण सागमा स्वर्ण कम भए पनि हामी हतास हुनुपर्ने छैन । सागमा दुई–चार वटा स्वर्ण कम भयो भन्दैमा हामीसँग स्वर्णको भण्डार कम हुने होइन । भण्डारमा त स्वर्णै स्वर्ण छ । त्रिभुवन विमानस्थलबाट स्वर्ण आइरहुन्जेल सागबाट स्वर्ण आएन भनेर कोही चिन्तित हुनुपर्दैन । हामीसँग स्वर्णको कुनै कमी छैन ।

संविधान संशोधनको बेला

प्रधानमन्त्रीबाट बिनाजानकारी आफ्नो मन्त्रालय हेरफेर गरेकामा समाजवादी पार्टी आक्रोशित छ । सरूवा भएका उपप्रधान एवं कानुनमन्त्री उपेन्द्र यादव झनै आक्रोशित छन् । सायद आक्रोशकै क्रममा होला, उनले आफ्ना कार्यकर्तालाई भनेछन्, 'अबचाहिं संविधान संशोधन गर्ने बेला आएको छ । हामी संविधान संशोधनको माग अगाडि बढाउँदै छौं ।'

उपप्रधानमन्त्री यादव स्वास्थ्यमन्त्री हुँदासम्म संविधान संशोधन गरिहाल्नु परेको अवस्था आएको थिएन । जब उनी स्वास्थ्यबाट कानुनमन्त्रीमा सरे, तब संविधान संशोधन गर्नुपर्ने अवस्था आइदियो ।

पार्टी कार्यालयमा कार्यकर्तासँग भेटवार्ता चलिरहेको नै थियो । उपप्रधानमन्त्री यादवको फोन बज्यो । यादवले फोन उठाउँदै भने, 'हेलो !'

उताबाट भनियो, 'यादवजी, कुरा चलिरहेको छ । तपाईं स्वास्थ्यमै पुनर्बहाली होलाजस्तो छ ।'

यादवको अनुहार चकमन्न भयो । उनले कार्यकर्तालाई भने, 'संविधान संशोधनको कुरा पनि जान्छ, साथै विस्तारै वार्ता पनि गर्दै रहुँला । वार्ता गरेर कुनै हानि छैन ।'

उनको फोन फेरि बज्यो । फोन उठाउनेबित्तिकै उताबाट खबर आयो, 'बधाई छ, मन्त्रालय त स्वास्थ्य होइन, अब गृह नै होलाजस्तो छ ।'

'हँ ! हो र ?,' यादव उत्साहित भए, 'साथीहरू, संविधान संशोधन ज्यादै जटिल प्रक्रिया हो । यो अहिल्यै संशोधन गर्नुपर्छ, आजै गर्नुपर्छ भन्न मिल्दैन । सोच विचारेर हामीले जवाफ दिनुपर्छ । त्यसैले यसबारे अझै बहस चलाऔं ।'

फेरि फोन बज्यो । उनले हेलो भन्नै पाएका थिएनन् । उताबाट भनिहालियो, 'मन्त्रालयबारे फेरि समस्या आयो । तपाईंको भागमा त विज्ञान प्रविधि मात्रै होलाजस्तो लाग्यो । कानुनमा समेत अर्कैको दाबी लाग्यो ।'

यादवजीले फोन राख्दै भने, 'तर बहसको नाममा हामीलाई धेरै नै झुक्याउने खेल भइसकेको छ । त्यसैले संविधान संशोधन आजभोलि नै हुनुपर्छ भनेर हामी माग राख्नेवाला छौं ।'

फोनको घन्टी बजेन । उनी भन्दै गए, 'संविधान संशोधनको मागबाट हामी अब एक इञ्च पनि टसकोमस हुनेवाला छैनौं ।'

फेरि फोन बज्यो । उनले भन्न भ्याइहाले, 'तर...'

तर फोन घरबाट आएको रहेछ, 'घर आउने बेला भएन र भन्या ?'

कार्यकर्तातिर हेर्दै उनले भने, 'तर–सर अब हामी केही मान्नेवाला छैनौं । संविधान संशोधन गर्ने भए गर, नभए हामी आन्दोलन गर्छौं ।'

भेला सकियो । सबै उठे । उनी पनि उठे ।

आतंक र आतंकवादी

अमेरिकाले अचानक नेपालमा पनि आतंकवादी गतिविधि बढ्न सक्ने सम्भावना देखेछ । अब फेरि आतंकवादी गतिविधि भन्नाले विप्लव पार्टीको गतिविधि भन्न लागेको हुनुपर्थ्यो । होइन । अमेरिकाले देखेको आतंकवादी गतिविधि राष्ट्रिय होइन, अन्तर्राष्ट्रिय हो । लस्कर-ए-तोइबा आदि-इत्यादिजस्ता संगठनको गतिविधि नेपालमा बढ्न लागेको अनुमान अमेरिकाले गरेको छ । ती आतंकवादी संगठनको त नेपाल हब नै हुन सक्छ भन्नेसम्मकै अनुमान छ, अमेरिकाको ।

नेपालका कार्यरत एक अमेरिकी कूटनीतिज्ञसँग मैले यसबारे जिज्ञासा राखेँ, "के नेपाल अन्तर्राष्ट्रिय आतंकवादीहरूको हब बन्न लागेको साँचो हो ?"

कूटनीतिज्ञ महोदयले भने, "हो नि । अमेरिकाले सम्भावना देखिसकेपछि होइन भन्ने हुन्छ ?"

मैले भनेँ, "त्यसो हुनलाई कुनै कारण पनि त चाहियो नि । बिनाकारण त्यसो भन्न पाइन्छ ? अमेरिकासँग के त्यस्तो प्रमाण छ ?"

"प्रमाण त प्रशस्तै छ नि," कूटनीतिक महोदयले भने, "सबैभन्दा बलियो प्रमाण त हालै चीनका राष्ट्रपतिले गरेको नेपाल भ्रमण हो । त्यसपछि चीनसँग नेपालले गरेको 'रणनीतिक सम्झौता' हो । त्यस्तै, चीनको बेल्ट एन्ड रोड योजनालाई नेपालले साथ दिनु, अमेरिकाको सैनिक प्याक्टमा आउन नमान्नु, चीनसँग पारवहन सम्झौता गर्नु, चिनियाँ रेल ल्याउने तयारी गर्नु...यही त हो नि कारण । नेपालमा आतंकवादी गतिविधि बढ्नलाई यति कारण भए पुग्दैन ?"

आतंकवादी गतिविधि बढ्न सक्नुको कारणबारे कूटनीतिक महोदयले पेस गरेको लिस्ट देखेर मचाहिँ आतंकित भएँ ।

[झटारो]

राष्ट्र निर्माता धर्नामा

लक्ष्मण गाम्नागे

प्रधानमन्त्री ओलीजीले विकास निर्माणमा ढिलासुस्ती गर्ने वा खराब काम गर्ने ठेकेदारलाई कडा कारबाही गर्न मन्त्री तथा सचिवहरूलाई निर्देशन दिएपछि अबचाहिँ यिनीहरू फेला पर्ने भए भन्ठानेको त उल्टै बालुवाटारमै धर्ना बस्न पो थालेछन् । यही बेला एक ठेकेदार मित्रसँग चिया दोकानमा जम्काभेट भयो । कुरैकुरामा मैले भनेँ, "के हो ठेक्दारसाब, आफैँ काम नगर्ने, आफैँ धर्ना बस्ने ? खराब काम गर्नेलाई कारबाही गर्ने नपाउने माग राखेर पनि धर्ना बस्न सुहाउँछ ?"

मेरो कुरा सुनेर मुखमै पुर्‍याएको चियाको गिलास टेबुलमा बजार्दै मतिर फर्किए र चर्किन थाले, "के ठेक्दार ठेक्दार भनेको ? निर्माण व्यवसायी भन्न आउँदैन ? अझ राष्ट्र निर्माता भन न ! राष्ट्र मात्रै होइन, हामी त विश्व निर्माता हौँ । संसारभरिकै हेर्नलायक संरचना बनाउने हामी नै होइन ? ठूलठूला भवन, राजमार्ग, पुल, स्कुल, हाइड्रो, रेल, हवाईमार्ग, सुरुङमार्ग, स्मारक कसले बनायो ? हामी थिएनौँ भने यो संसार अहिलेसम्म ढुंगे युगमै हुने थियो ।"

"हरेक चौबाटोमा सालिक स्थापना गरेर पूजा गर्नुपर्ने राष्ट्र निर्मातालाई कालो सूचीमा राख्ने कानुन बनाउँछ सरकार । मुलुकलाई युगौँसम्म अविकसित राख्ने नेताहरू, प्रशासकहरूलाई चाहिँ कालो सूचीमा राख्नुपर्दैन ? हाम्रो माग छ, राष्ट्र निर्मातालाई कालो सूचीमा राख्ने कानुन तुरुन्त खारेज गर्नुपर्छ । हाम्रो रोजीरोटी खोस्ने गरी सरकारले स्थापना गरेको निर्माण कम्पनी विघटन हुनुपर्छ । निर्माण गर्ने काम सरकारको होइन, हाम्रो हो । त्यस्तो कम्पनी खोल्ने अधिकार हाम्रो मात्र हुनुपर्छ ।"

"समयमा काम नसकिनुमा ठेकेदारको होइन, सरकारको पनि दोष छ । कर्मचारीले गोजीभरि कमिसन नपाई फाइल अघि बढाउँदैनन् । मन्त्री, नेता, कार्यकर्ता, डन, गुन्डा सबका सब मुख बाएर बसेका हुन्छन् । हजार झन्झट पार गरेर काम हात परिहाल्यो भने काम गर्ने कामदार पाइँदैन । सरकारले देशमा रोजगारी नदिएर सबै कामदारजति विदेशतिर गएका छन् । यो हाम्रो कमजोरी हो ?"

"तिमी लेखक, पत्रकारहरू दिमागमा पट्टी लगाएर हाम्रो बेइज्जत गर्छौ । हामीले खोलो भएकै बेला त्यहीँमाथि पुल बनाएको हुन्छ, कालान्तरमा खोलाले बाटो बदलेर पुल अन्तै पुग्यो भने हाम्रो के दोष ? विदेशतिर देखेका छैनौ, हुन्डरीले घर भत्काएको, गाडी उडाएको ? अनि हुरीबतासले पुल लडायो भन्दा नपत्याउने ? सरकारले असारको झरीमा हतारहतार बजेट सक्न पिच गराउँछ अनि पिचलाई कार्पेटजस्तो पट्याएर फोटो खिचेर हामीलाई नै सराप्छौ । धेरैतिर बजेट बाँडचुँड गर्नु परेपछि काममा थोरबहुत लटरपटर हुन्छ अनि केही कमसल निर्माण हुनु कुन अधर्मको कुरा भयो ? नेताहरू त जोगी हुन राजनीति गरेको होइन भन्छन्, हामी त नाफा कमाउनैलाई ठेकेदार भाको होइन ?"

"हामी कति अपमानित भएर बाँच्ने ? हुँदाहुँदा हाम्रा ठेकेदार साथीहरूको तस्बिर ढेडुबाँदरसँग जोडेर रूख-रूखमा झुन्ड्याइएको छ । राष्ट्र निर्माताको यस्तो अपमान हुँदा पनि सरकार मौन छ । त्यस्तो गर्नेहरूलाई कारबाही गर्नु पर्दैन ? उल्टै हामीलाई कारबाहीको धम्की दिने ? यस्तो असहय स्थिति भएपछि धर्ना नबसेर के सरकारको जयजयकार गर्ने ? हेरिराख, यसपालि पनि हामी सरकारलाई घुँडा नटेकाई छाड्ने छैनौँ । म हिडेँ, तिम्रो चिया तिमी नै खाऊ ।"

यति भनेर उनी पाखुरा सुर्कंदै धर्ना बस्न हिँडे । म त हेर्‍याहेर्‍यै भएँ ।

फुर्सदिला केटाकेटी

छम गुरुङ

लार्के पास, ५ हजार १ सय ६ मिटर। गोरखाको उपल्लो भेग, तिब्बत सीमा पुग्ने बाटोभन्दा देब्रे पारेर उँभो लागेपछि पुगिने चुली-भन्ज्याङ। माथ्लो गोरखाको स्याला उकालो पार गर्नेबित्तिकै प्रवेशढोका, हिमाल, गाउँ, केटाकेटी आँखामा आइहाले। आँगनमा होटल-दिदी तान बुनिरहेकी छन्।

ल्होदेखि सामागाउँ जाँदा गाउँको मुखैमा सामा स्कुल भेटिन्छ। अध्यक्ष वीरबहादुर लामाले आफ्नो होटल मनास्लुको आम्दानीको केही हिस्सा स्कुलमा खर्चिंदा रहेछन्। आईएनजीओले सहयोग गर्दै आएको रहेछ। म पुग्दा स्कुल हातामा केही विद्यार्थी बोरा बोकेर यताउता हिंडिरहेको देखें।

भोलिदेखि पढाइ सुरु रहेछ। उनीहरूको झे (याकको गोबर) सफा गर्ने दिन रहेछ। झे बटुलेर आँगनमा सुकाइएको रहेछ। खाना पकाउँदा काम लाग्ने र जाडोमा आगो ताप्न प्रयोग पनि हुने। प्राविसम्म पढाइ हुने यस विद्यालयमा ४९ विद्यार्थी र १२ शिक्षक रहेछन्। हिमाल फेदीको सुन्दर बस्ती सामा गाउँमा मैदान पनि छ।

सामा स्कुल भनिए पनि बोर्डमा चाहिँ गौरीशंकर प्रावि लेखिएको रहेछ। गाउँमै किन्डरगार्टेन स्कुल पनि सञ्चालनमा आएको रहेछ। प्रायः विद्यार्थी गाउँमा पढ्नभन्दा काठमाडौँ या पोखरै ताक्ने रहेछन्। यहाँका विद्यार्थीको पनि सहरमा पढाउने स्पोन्सर व्यवस्था भइसकेको हुँदो रहेछ।

भोलिपल्ट ४ हजार मिटर उचाइको अन्तिम हिमाली गाउँ साम्दो पुग्यौं। सन् १९५९ दलाई लामाको तिब्बतबाट निर्वासनसँगै बस्ती बसालिएको रहेछ। चारैतिर हिमालले घेरिएको यो गाउँमा ४५ घरधुरी रहेछन्। शिक्षा र स्वास्थ्यमा यहाँको जनताको पहुँच छैन।

स्कुल प्रावि भए पनि पढाइ शिशुकक्षासम्म मात्रै हुँदो रहेछ। स्टाफ एक्लै रहेछन्, छिरिङ लामा। व्यवस्थापनमा १२ पढेका। विद्यार्थी ९ जना। स्कुल जानुपर्ने कतिपय बच्चा आमाकै पिठ्युँमा झुन्डिरहेको देखिए। पाठ्यपुस्तक र भाषाको समस्याले ६ महिनाजति मात्र राम्ररी पठनपाठन हुने रहेछ।

सामा गाउँलाई एउटा मूल बाटोले दुई फ्याक पारेको छ। मूलबाटो पर्ने होटलवाला परिवारको आर्थिक स्तर अनेक पहुँचमा विस्तार भएको छ भने उही गाउँमै अधिकांश सीमान्तकृत घरहरू। केही प्रतिशत परिवारले पर्यटन व्यवसायमार्फत अर्थोपार्जन गरे पनि उपभोगको केन्द्रचाहिँ राजधानी या सहरै हो। ने

दाइजो–दंश

महिलामाथि घरेलु हिंसाको कारक सम्पत्ति जोड्ने लालसा

अजित तिवारी/जनकपुर

दाइजोमा मोटरसाइकल नदिएको निहुँमा रौतहट, राजपुर नगरपालिका-७ की २५ वर्षीया सञ्जुदेवी सहनीलाई श्रीमान् रामबाबुले दिएको यातना असहनीय थियो । श्रीमान्बाट कुटपिट र लछारपछार त उनको नियति नै थियो । १९ भदौमा सञ्जुदेवी घरमै मृत भेटिइन् । सञ्जुको घाँटीमा डाम थियो । उनका बुबा अविलास सहनी दाइजोमा मोटरसाइकल नदिएको भन्दै छोरीलाई ज्वाइँ-ससुरा मिलेर हत्या गरेको दाबी गर्छन् ।

जनकपुर-७ की २६ वर्षीया रमिता रायलाई विवाह भएको एक महिनापछि नै उनका श्रीमान् शशि भट्टले यातना दिन थाले । दिनहुँ कुटपिट । कतिसम्म अमानवीय भने छिमेकले थाहा पाउलान् भनेर रमिताको मुखमा कपडा कोचेर कुट्थे, श्रीमान् । श्रीमतीलाई विभिन्न बहाना बनाउँदै कुटपिट गर्ने श्रीमान् भट्टको भने एउटै मनसाय थियो, दाइजो थोरै भयो ।

सञ्जु र रमिताको विवाहमा केटा पक्षले दाइजो नलिएको भने होइन । थोरै भयो भनेर जीवनभर सँगै बस्नुपर्ने श्रीमान्बाटै यी दुई चेलीमध्ये एक मारिए र अर्की यातना खेप्दै छिन् । विवाहमा दाइजो लेनदेनमा कानुनले प्रतिबन्ध लगाए पनि तराई-मधेसमा यो समस्या कहालीलाग्दो छ । ज्यानै जाने गरी छोरी-बुहारीमाथि यातना र अत्याचार हुँदा पनि समाज भने दाइजोलाई अझ बढावा दिइरहेको छ ।

बुहारी आरती घर भित्रिँदा सासू बेचनी चौधरीको खुसी थामिनसक्नु थियो । छोरीझैँ माया पाउँदा आरती पनि दंग थिइन् । विवाहका सुरुआती दिन राम्रै बित्दै थिए । विस्तारै आरतीले सासूको व्यवहारमा फरकपन महसुस गरिन् । श्रीमान् इन्द्रजीत चौधरी पनि बिनाकारण ठुस्स पर्न थाले । नबोल्ने र हेला गर्ने क्रम बढ्यो ।

त्यतिसम्म आरतीले सहेकै थिइन् । श्रीमान्, सासू र ससुरा तीनैतिरबाट तिरस्कार भोग्दा पनि आरतीले हिम्मत हारिनन् । छोरीझैँ माया गर्ने सासू एकाएक किन बदलिइन् ? उनले यही बुझ्न खोजिन् । कारण, दाइजो रहेछ । आरतीलाई आफ्ना बुबा-आमाको हैसियत थाहा थियो । त्यसैले उनले यो मामिला बुबा-आमालाई सुनाएर तनाव थप्न चाहिनन् । बरु सबै तनाव आफैँ झेलिन् ।

दाइजोकै निहुँमा श्रीमान् सासू-ससुरा कुटपिटमा उत्रिएपछि आरतीको धैर्यको बाँध टुट्यो । उजुरी बोकेर जिल्ला प्रहरी कार्यालय धनुषा पुगिन् । जनकपुर-१४ का श्रीमान् इन्द्रजीत, सासू बेचनी र ससुरा बिक्रु चौधरीले दाइजो नल्याएको भन्दै कुटपिट गरेको उजुरी दर्ता गराइन्, २१ मंसिरमा । प्रहरीको महिला सेलमा पुगेको उजुरीपछि १ पुसमा छलफलका लागि बोलाइयो । आरती, श्रीमान् र सासू-ससुरासहित टोलका भद्रभलाद्मी समस्याको निकासमा उपस्थित भए । आरतीलाई मिल्न दबाब दिइयो । उनले आफूसित भएको व्यवहार झलझली सम्झिइन् । आरतीको मन दुख्यो । श्रीमान्ले झम्टेको सम्झिँदा आँखा रसाए । अदालत पुगेको त्यो मुद्दा प्रक्रियामा छ ।

समाजले नै दाइजोलाई अनिवार्य बनाउँदा मधेसमा धेरैको घरपरिवार उजाडिएको छ । नवविवाहितामा कुटपिट, यातना र ज्यानै लिनेसम्मको घटना बढेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाको महिला सेलमा साउनयता दाइजोका कारण कुटपिट भएको उजुरी बोकेर जाने हिम्मत जनकपुरकी आरती र विदेहकी मानषीले मात्र देखाएका छन् ।

कुटपिट, खान-लाउन नदिएको, मानसिक

दाइजो कहर : दाइजो थोरै भएको निहुँमा श्रीमान्बाट यातना भोगेकी रमिता राय काखे बालकका साथ, जनकपुर

अजित तिवारी

यातना र गालीगलौजका उजुरी महिला सेलमा बढी आउने गरेका छन् । "दाइजोकै कारण बदमासी भएका उजुरी कम आउँछन्," महिला सेलकी प्रहरी भन्छिन्, "कुटपिट, खानलाउन नदिएको, यातना र गालीगलौजका धेरैजसो उजुरी छानबिन गर्दा दाइजो पनि कारण देखिन्छ ।"

जिल्ला प्रहरी कार्यालय धनुषाको मुद्दा फाँटमा दाइजोकै कारण घटना भएको एउटा पनि मुद्दा छैन । तर यसको प्रताडना यहाँ उच्च छ । दाइजो नै किटान गरेर मुद्दा आउँदैन । मुख्य कारण दाइजो भए पनि मुद्दा फरक प्रकृतिको आउँछ । महिला हत्या र आत्महत्यामा दाइजो कारण रहे पनि त्यसलाई लुकाइन्छ । प्रदेश २ का प्रहरी प्रमुख डीआईजी प्रधुम्न कार्की मधेसमा दाइजोकै कारण घरेलु हिंसा बढेको बताउँछन् । "घरेलु र महिला हिंसा यहाँ डरलाग्दो छ," डीआईजी कार्की भन्छन्, "यो स्थितिमा सुधार ल्याउन समाज नै जागरुक हुनुपर्छ ।"

३० पुसमा जनकपुर-४ सरन्चियाकुटीकी २५ वर्षीया सीमा शर्माले आफू र २ वर्षकी छोरी गौरीलाई विष पिलाएर ज्यान फालिन् । घटनालगत्तै श्रीमान् समीर मिश्रा फरार भए । माइती पक्षबाट किटानी जाहेरी परेपछि प्रहरीले ससुरा श्यामसुन्दर र सासू किरणदेवीलाई पक्राउ गऱ्यो । दाइजोका कारण छोरीलाई तनाव दिएको र विष खुवाएर मारेको माइती पक्षले आरोप लगाए । महोत्तरी लोहरपट्टी-७ का सीमाका दाजु सुजित शर्माले ३ माघमा कर्तव्य ज्यान कसुरमा धनुषा प्रहरीमा किटानी जाहेरी दर्ता गराए ।

जनकपुरका समिर र सीमाबीच २९ वैशाख ०७० मा मागी बिहे भयो । शर्माका अनुसार दाइजोमा ८ लाख रुपैयाँ नगद, २ लाख ३६ हजारको पल्सर मोटरसाइकल र २ तोला सुनको औँठी दिइयो । "विवाहपछि पनि बहिनीलाई दाइजो माग्दै यातना दिइयो," शर्मा सम्झन्छन्, "पछि २ तोला सुनको औँठी र आधा किलो चाँदी पनि दियौँ । जति माग्दा पनि दिँदो रहेछ भन्ने बुझेछन् । फेरि डिमान्ड आयो, १ लाख रुपैयाँ र एउटा वासिङ मेसिन ।" घटनालगत्तै पत्रकार सम्मेलन गर्दै शर्माले भने, "१ लाख र वासिङ मेसिन नदिँदा बहिनी-भान्जीको ज्यान लिइयो ।" सीमाका देवर शशि मिश्राले भने दाइजो मागिएको अस्वीकार गरे । र, सीमा आफैँले विष सेवन गरेर आत्महत्या गरेको दाबी गरे । जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि सासू-ससुरालाई जेल पठाएको छ । श्रीमान्लाई प्रहरीले खोजिरहेको छ ।

"घरेलु र महिला हिंसा यहाँ डरलाग्दो छ । यो स्थितिमा सुधार ल्याउन समाज नै जागरुक हुनुपर्छ ।

– प्रधुम्न कार्की
प्रहरी प्रमुख, प्रदेश २

२७ माघमा महोत्तरी मनरासिसवा-८ सहसराममा २१ वर्षीया धनमन्ती महतोको हत्या आरोपमा प्रहरीले उनका श्रीमान् मनोज महतो र जेठानी अनिता देवीलाई नियन्त्रणमा लियो । हत्यापछि हतारमा शव जलाउनै लाग्दा पुगेको प्रहरीले शवसहित श्रीमान् र जेठानीलाई नियन्त्रणमा लियो । धनमन्तीको घाँटी र पाखुरामा नीलडाम थियो । माइती पक्षले हत्याको आरोप लगाए । प्रहरीले शवको पोस्टमार्टम गरायो । श्रीमान् र जेठानीमाथि कानुनी कारबाही अघि बढ्यो ।

धनुषा, बटेश्वर-२ का धनमन्तीका बुबा बद्री महतोले दाइजोकै कारण छोरीको हत्या भएको दाबी गरे । "छोरीलाई यातना र धाकधम्की दिइरहेको सुइँको पाएको थिएँ," बद्री भन्छन्, "ज्यानै लिएछन् ।" ३ वैशाख ०७४ मा धनमन्तीको मनोजसँग बिहे भएको थियो । उनीहरूका २ महिने छोरा छन् । माइती पक्षले विवाहमा मोटरसाइकल, २ लाख नगद, दुई तोला सुन, फर्निचरलगायत सामान दाइजोमा दिएका थिए ।

समाजमा दाइजोका कारण हुने घटना बढी सुनिए पनि कानुनी उपचार खोज्ने न्यून रहेको सरकारी वकिलको कार्यालय धनुषाका न्यायाधिवक्ता शम्भु गौतम बताउँछन् । "दाइजो लेनदेनलाई कानुनले बन्देज गरे पनि लिए-दिएको मुद्दा आए कुन सजाय गर्ने, त्यो प्रावधानै छैन," गौतम भन्छन्, "हत्या-हिंसा, आत्महत्या, कुटपिट र यातनाका धेरैजसो घटना दाइजोसँग जोडिएका हुन्छन् ।" ने

मेडिकल कलेजहरूले सरकारले तोकेभन्दा बढी शुल्क लिएपछि चिकित्साशास्त्रका विद्यार्थीहरू आन्दोलित भए । विद्यार्थीसँग लिएको थप शुल्क फिर्ता गर्न मेडिकल कलेज सञ्चालकले सरकारसँग सहमति नै गरेका छन् । तर विद्यार्थी आन्दोलन रोकिएको छैन । चिकित्सा शिक्षामा राज्य कहाँ चुक्यो ? नियमनकारी निकायहरूको दायित्व के हो ? मेडिकल कलेजहरू विद्यार्थीबाट मनोमानी शुल्क किन उठाउँछन् ? 'नेपाल राउन्ड टेबल' मा वक्ताहरूका विचार :

प्राडा श्रीकृष्ण गिरी

प्राडा जगदीशप्रसाद अग्रवाल

मेडिकल शिक्षा : सरकार कि बज

ऐन नै हाम्रो मार्गचित्र

– प्राडा श्रीकृष्ण गिरी
उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग

चिकित्सा शिक्षाको गुणस्तर कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विभिन्न अवयवमध्ये शुल्क निर्धारण पनि एक हो । शुल्क निर्धारण गर्ने अधिकार आयोगसँग छ । आयोगले यो वर्षको शुल्क निर्धारण गरिसकेको छ । तर विगतमा कलेज आफैँले शुल्क निर्धारण गरेर चलिरहेको अवस्था थियो । यसले बेथिति भयो । त्यसलाई नियमन गर्न विश्वविद्यालयहरू सक्रिय बने र शुल्क निर्धारण गरे । तर मेडिकल कलेजहरूले मानेनन् । अभिभावक, विद्यार्थीबाट प्रशस्त गुनासो आइसकेपछि नेपाल सरकारले शुल्क तोकेको देखिन्छ ।

०७२ मा सरकारले शुल्क निर्धारण गरे पनि मेडिकल कलेजहरूले त्यसलाई पूर्ण रूपमा कार्यान्वयन गरेको देखिन्न । अहिलेको परिस्थिति यो पृष्ठभूमिमा सिर्जना भएको हो । सरकारले तोकेको शुल्क के कारणले कार्यान्वयन भएन भन्ने पनि प्रस्ट छ । निर्धारित शुल्क उनीहरूको अपेक्षाभन्दा कम भयो । हामीले सञ्चालकहरूसँग अन्तरक्रिया गर्‍यौँ । मुद्रास्फीतिको आधारमा शुल्क निर्धारण गर्ने निष्कर्षमा पुगेर उहाँहरूसँग अन्तरक्रिया गर्दा ३८ लाख प्लस र ४२ लाख प्लसमा ४.५ प्रतिशत थप्दा ४० लाख र ४४ लाख पुग्यो । उहाँहरूले अहिलेकै अवस्थामा ५-७ लाख बढी लिइरहेका छौँ, विगतको शुल्कमा यति थपेर त हामीलाई फाइदा छैन भन्नुभएको थियो । नेपाल सरकारले मुद्रास्फीतिलाई ध्यानमा राखेर शुल्क निर्धारण गर्ने तय गरेको थियो ।

चिकित्सा शिक्षा आयोगको शुल्क निर्धारण गर्ने समितिले लगानी, आम्दानीका स्रोत, अस्पतालको आम्दानी, उपकरणमा भएको खर्च, आम्दानी खर्च र रनिङ कस्टलगायत फ्याक्टर विचार गर्ने भनेको थियो । मुद्रास्फीति हेरेर यो वर्षका लागि शुल्क निर्धारण गर्नु उचित हुन्छ भनेर सिफारिसका आधारमा आयोगले अध्ययन गरेर शुल्क तोकेको हो । अघिल्लो वर्षको भन्दा ४.५ प्रतिशत बढेको मूल्य उहाँहरूले लिइरहेको शुल्कभन्दा कम हो । तर लिइरहेको शुल्कलाई कानुनसम्मत बनाउन सकिएन किनभने त्यो नेपाल सरकारले निर्धारण गरेको मूल्य थिएन ।

आयोगलाई मार्गचित्र ऐनले नै दिएको छ । शुल्क एउटा कुरा हो । मुख्य कुरा गुणस्तर खस्किन दिनुभएन । जहाँ सेवा चाहिने हो, त्यहाँ कलेज भएनन् । नेपालको सन्दर्भमा राज्यको आवश्यकताअनुसार समानुपातिक शैक्षिक संस्था वितरण गर्ने हो । सर्वसाधारणको चिकित्सा शिक्षामा पहुँच बनाउने हो । विपन्न सर्वसाधारणको पनि चिकित्सा शिक्षामा पहुँच हुनुपर्‍यो । शुल्क समाधान भयो भने अरू कुरा समाधान हुँदै जान्छन् । तर तोकिएको शुल्क नै मानिएन भने अगाडि बढ्न गाह्रो हुन्छ ।

गुणस्तर कायम राख्नु चुनौतीपूर्ण

– प्राडा जगदीशप्रसाद अग्रवाल
डीन, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान

विश्वविद्यालयमा शुल्क नेपाल सरकारले तोके सोहीबमोजिम हुने नत्र कार्यकारी परिषद्ले तोक्ने भन्ने हुन्छ । त्यो शुल्क व्यवस्थापन गर्न ०७४/७५ देखि भौचर भरेर कलेजमा नदिई चिकित्साशास्त्र अध्ययन संस्थानको वेबसाइटमा अपलोड गरेर मेरिट बेसिसमा भर्ना गरेर पठाउने कार्य सुरु गर्‍यौँ । त्यसको उद्देश्य के थियो भने विद्यार्थीले थप शुल्क दिन नपरोस् ।

जब ५० प्रतिशत पहिले नै भौचर भरेर पठाइसकेका छौँ भने

प्राडा भगवान कोइराला

ार नियन्त्रणमा ?

त्योभन्दा बढी बसोबास र खानाको मात्र लिन पाउने भनेको हो । नेपाल सरकारले तोकिसकेपछि त्यो नै अन्तिम शुल्क हो । चाहे त्यो आंगिक क्याम्पस होस्, चाहे त्यो सम्बन्धनप्राप्त नै होस् । बढी लिएको गुनासो हामीकहाँ पनि आए, पटक-पटक । अनुगमन निर्देशनालयमा छानबिनका लागि पठाएका छौँ । कार्यकारी परिषद्ले पनि छानबिनका लागि टोलीहरू बनायो । सतर्कता केन्द्रले पनि टोली बनायो । संसद्ले पनि छानबिन गऱ्यो । सबैमा हेर्दा तोकिएभन्दा बढी लिएको देखिएकाले अव्यावहारिक र नमिल्ने नै देखियो ।

तोकिएको शुल्क वैज्ञानिक भए-नभएको यथार्थ विज्ञहरूले दिने कुरा हो । केके कुरालाई हेरेर शुल्क निर्धारण गर्ने भन्ने ऐनमै व्यवस्था छ । त्यसअनुसार भएको हो-होइन भन्नेमा समीक्षा गर्न सकिन्छ । तर गुणस्तरमा सबैको चासो हुनुपर्छ । नेपालजस्तो देश जहाँ स्रोत सीमित छ, साधन-स्रोत छैन, त्यहाँ संख्या मात्र बढाउँदै जानुहुन्छ भने गुणस्तर आउँदैन । फ्याकल्टी र शिक्षण-पद्धतिदेखि सबैमा सुधार गर्नुपर्नेछ । सँगै मूल्यांकन प्रणालीमा पनि ध्यान दिनुपर्नेछ । कुनै पनि संस्थानको दुई-तीनभन्दा बढी कलेजमा अनुगमन गर्ने र गुणस्तर कायम राख्ने स्थिति नै छैन । तर हामीसँग थुप्रै कलेज छन् र बाध्यतावश सबै गर्नुपर्छ । सम्बन्धन दिनु मात्र होइन, त्यसको गुणस्तर कायम राख्नु चुनौतीपूर्ण छ ।

शुल्कको गाँठो सैद्धान्तिक

– प्राडा भगवान कोइराला
अध्यक्ष, नेपाल मेडिकल काउन्सिल

शुल्कको गाँठो एक हिसाबले सैद्धान्तिक पनि हो । देशका राजनीतिक शक्तिहरू दुईतिर बाँडिएका छन् । एउटाले निजी क्षेत्रको मूल्य नियन्त्रण गर्नुहुन्न भन्ने सोच राख्छ । अर्को, शिक्षा र स्वास्थ्य राज्यको दायित्व हो भन्ने ठूलो शक्ति छ । यदि पछिल्लोलाई मान्ने हो भने राज्यले यसलाई नियमित, नियन्त्रित र प्रोत्साहित गर्नुपर्छ । बेलगाम छाड्न मिल्दैन । शुल्क र गुणस्तरमा ध्यान दिनुपर्छ भन्नेमा सबै सहमत भएको अवस्था छ ।

सरकारले निर्णय गरिसकेपछि भित्रबाट विरोध जति पनि गर्न मिल्छ, छलफलमा उत्रिन जति पनि मिल्छ तर मान्दिनँ भन्न मिल्दैन । निर्णय नमान्नु गैरकानुनी हो । फरक मान्यतालाई ग्रहण गर्न सकिन्छ तर फलो गर्न किन सकिन्न भन्ने निर्णयमा देश पुगिसक्यो । केही वर्ष पहिला पैसाकै भरमा भर्ना हुने चलन थियो । विद्यार्थीको क्वालिटी राम्रो भए मात्रै डाक्टर राम्रो निस्कन्छ । त्यसैले पहिला भर्ना गर्दा नै मेरिटमा छान्नुपर्छ भन्ने निर्णयमा पुगेका हौँ । पहिला अदालतबाट हाऱ्यौँ । पछि भ्याकेटमा गएर जित्यौँ पनि । मेरिट स्थापित भयो तर शुल्कमा बहस जारी छ ।

व्यापार गर्नेले धेरै पैसा कमाउन खोज्नु स्वाभाविक हो । तर पुनरावलोकन नभइन्जेल यसैलाई लागू गर्नुपर्छ । यदि लागू भएन भने हाम्रो पतन सुरु भयो । नेपालमा आफ्नो स्वार्थअनुकूल काम गर्ने र बचाउनुपर्दा राजनीतिक आबद्धता जोड्ने चलन छ । राजनीति चाहिनेभन्दा बढी त्यसले गर्छ, जो अक्षम छ । लफडाबाजी गर्नेहरूले राजनीति बढी जोड्छन् । जो सक्षम छ, उसले धेरै राजनीति गरिरहनुपर्दैन ।

स्वास्थ्य सेवा मूलतः सबै राज्यको पकेटबाटै तिर्नुपर्छ भन्ने होइन तर मूलतः व्यवस्थापन गर्ने जिम्मा राज्यको हो । चिकित्सा शिक्षालाई स्वास्थ्यसँगै जोडेर हेर्नुपर्ने हुनाले चिकित्सा शिक्षा क्षेत्रमा पनि सरकारको दह्रो नियमन जरुरी छ । यो कुरा सत्तापक्ष र प्रतिपक्ष दुवैले स्वीकारेका छन् । तर त्यसभित्र बलिया शक्ति छन्, जसले अन्यथा पनि सोच्छ । शुल्क तोकेर हुँदैन, बजारलाई नै निर्धारण गर्न दिनुपर्छ भन्ने सोच धेरै नेताहरूमा छ । संसद्ले ऐन नै पास गरिसकेपछि पछाडि फर्किने अवस्था छैन ।

जसले सरकारले तोकेभन्दा बढी रसिद बनाएर खायो, उसको असुल गर्ने मात्र कुरा गरेका छौँ । तर यहाँ रेकर्ड नै नराखी बीसौँ-तीसौँ लाख बढी मागेका छन् र दिएका छन् । त्यो झन् ठूलो समस्या हो । खासमा यो हो ठगी भनेको । रेकर्डमा राखेको छ भने पनि ठगी होला तर मेरो हिसाबमा त्यो नियम मिचेको हो । एमबीबीएस पढ्न ८० लाखसम्म लिएका छन् । हामीले कारबाहीको माग त गर्नैपर्छ तर दिनेहरू होसमा बस्नु पर्दैन ? *हवाई नेसन्स फेल* किताबमा भनिएको छ- लोकतन्त्र नागरिकले बलियो बनाउँछ र सरकार तथा देश फेल हुने कारण पनि नागरिक नै हो ।

शुल्कको अंक तलमाथि हुन सक्छ । त्यसको निर्क्योल सबै सरोकारवाला बसेर गर्न सकिन्छ । सरकारले तोकेको शुल्क पालन गर्नु सबैको कर्तव्य हो । नाफा-घाटा जे भए पनि त्यसलाई मान्नुपर्छ । यो कानुनी शासनको सुरुआत हो । यो गर्नु-गराउनुपऱ्यो । सरकारले आफ्ना हुन् या अर्काका, छाड्नुभएन । सरकार गम्भीरतापूर्वक लागेजस्तो पनि देखिन्छ । नागरिकले पनि घुसखोरीलाई प्रोत्साहित गर्नु भएन । पारदर्शी र व्यावहारिक शुल्क प्रणाली लागू गर्नुपऱ्यो । तोक्ने तर लागू नहुने होइन, तोकेपछि लागू हुने गरी शुल्क निर्धारण हुनुपऱ्यो । ने

पूर्ण पाठ र भिडियो : nepalmag.com.np

विद्या भट्टराई, नेकपा

खेमराज पौडेल, कांग्रेस

दीपक परियार

प्रतिष्ठाको लडाइँ

सरकार र प्रतिपक्षले लोकप्रियता मापनको माध्यम बनाउँदा उपनिर्वाचन भड्किलो

जनक नेपाल

उस्तै तामझाम, उस्तै खर्चिलो। गाडीका लावालस्कर अनि कार्यकर्ताको भोजभतेर। भड्किलो चुनावी प्रचारप्रसारले १४ मंसिरको उपनिर्वाचन पनि दुई वर्षपछिको आमनिर्वाचनकै अर्को संस्करण बन्न पुग्यो।

उपनिर्वाचन प्रचारप्रसारको अन्तिम दिन ११ मंसिरमा नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को व्यस्तता बेग्लै थियो। एकै दिन पूर्व र पश्चिमका दुई चुनावीसभा भ्याउनुपर्ने भएपछि उनी पोखराको चुनावीसभा सकेर हेलिकप्टरबाट धरान पुगे।

पार्टीमा कार्यकारी अधिकार लिएका अध्यक्ष प्रचण्डले उपनिर्वाचन हुने सबैजसो प्रदेश र प्रतिनिधिसभा क्षेत्रका सभालाई सम्बोधन गरे। कार्यकर्ता प्रशिक्षणका लागि २० कात्तिकमा तुल्सीपुर पुगेका प्रचण्डको ध्यान दाङ ३ (ख) कै चुनावमा केन्द्रित थियो। २३ कात्तिकमा पोखरा पुगेका उनले ७ मंसिरमा राष्ट्रिय जनमोर्चालाई सघाउन बाग्लुङसम्म भ्याए। अघिल्लो निर्वाचनमा प्रदेश तथा प्रतिनिधिसभामा ती क्षेत्र वाम गठबन्धनले जितेका थिए। त्यसैले ती क्षेत्रमा पार्टी र सरकारको साख जोगाउनुपर्ने दबाबमा नेकपा परेको छ।

उपनिर्वाचनलाई प्रमुख प्रतिपक्ष कांग्रेसले पनि उसैगरी प्रतिष्ठाको विषय बनाएको छ। सभापति शेरबहादुर देउवाको एक महिना चुनावी चटारोमै बित्यो। दाङदेखि पोखरासम्मको दौडाहामा उनले खुलेरै सरकारको आलोचना गरे। चुनावीसभामा देउवा र प्रचण्डका घोचपेच चले। अघिल्लो चुनावमा कांग्रेसमाथि तत्कालीन एमाले अध्यक्ष केपी ओलीले भारतसामु लम्पसार परेको आरोप लगाएका थिए। अहिले देउवाले त्यही 'राष्ट्रियता' को अस्त्र प्रयोग गर्दै भारतीय नक्सा प्रधानमन्त्री ओलीकै सहमतिमा आएको भन्न भ्याए। प्रधानमन्त्री ओली आचारसंहिताले बाँधिएकाले चुनावी प्रचारमा सहभागी छैनन्। त्यसमाथि उनी बिरामी परेका छन्। त्यसैले देउवालाई प्रचण्डले पोखरामै पुगेर जवाफ फर्काए, "सच्चिनुस्, नत्र कांग्रेस किंवदन्ती बन्छ।"

नेकपा र कांग्रेसका दोस्रो तथा तेस्रो पुस्ताका नेताहरू पनि महिनौँ खटिए। पोखरा, धरान, दाङमा चुनावी 'टुरिज्म' फस्टाएको थियो। यो चुनावी सरगर्मीमा उपप्रधान तथा कानुनमन्त्री उपेन्द्र यादवमाथि आचारसंहिता उल्लंघन गरी चुनावी मैदानमा खटिएको आरोप लाग्यो। पूर्वप्रधानमन्त्री एवं समाजवादी अध्यक्ष बाबुराम भट्टराईदेखि माले अध्यक्ष सीपी मैनाली र राप्रपा अध्यक्ष कमल थापासम्मको दौडधूप हेर्नलायक रह्यो। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र मन्त्रीहरू पनि वडाध्यक्षको निर्वाचनमा समेत गाडीको लस्कर लगाएर भोट माग्न गाउँ पुगेका छन्। "उपनिर्वाचनको प्रचारप्रसार निकै उत्साहजनक रह्यो," प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया भन्छन्, "वडाको चुनावले प्रचारप्रसारमा पूर्वप्रधानमन्त्री पाएको छ। हामीले नजिकबाट आचारसंहिता

उपनिर्वाचन
०७६

कुल मतदाता
४,५४,११४

प्रतिनिधिसभा सदस्य
१

प्रदेशसभा सदस्य
३

उपमहानगरपालिका मेयर
१

गाउँपालिका अध्यक्ष
३

गाउँपालिका उपाध्यक्ष
१

कास्की २



मतदाता
७१,८७१

मुख्य प्रतिस्पर्धा
- विद्या भट्टराई (नेकपा)
- खेमराज पौडेल (कांग्रेस)

भक्तपुर १(क)



मतदाता
४५,०१५

मुख्य प्रतिस्पर्धा
- देवीप्रसाद ढकाल (नेकपा)
- कृष्ण भंडेल (कांग्रेस)
- निरज लवजु (नेमकिपा)

बाग्लुङ २(ख)

मतदाता
३६,९३३

मुख्य प्रतिस्पर्धा
- खिमविक्रम शाही (वाम गठबन्धन)
- जितबहादुर शेरचन (कांग्रेस)

दाङ ३(ख)



मतदाता
६८,७१९

मुख्य प्रतिस्पर्धा
- विमलाकुमारी खत्री (नेकपा)
- केशवराज शर्मा (कांग्रेस)

धरान उप-महानगरपालिका



मतदाता
९१,८८३

मुख्य प्रतिस्पर्धा
- प्रकाश राई (नेकपा)
- तिलक राई (नेका)
- गजेन्द्र इस्वो (समाजवादी)

अनुगमन गरेका छौं ।”

०७४ को संघीय तथा प्रदेश सभा निर्वाचनपछि राजनीतिक पार्टीहरूकै निष्कर्ष थियो, ‘निर्वाचन निकै खर्चिलो र भड्किलो भयो। चुनाव प्रचारको अहिलेकै शैलीले निरन्तरता पाए आउँदा निर्वाचनमा लोकप्रिय नेता होइन, खर्च गर्न सक्ने उम्मेदवार छान्नुपर्ने हुन्छ ।’ तर दुई वर्षपछिको निर्वाचनमा पनि दलहरूले चुनाव प्रचारप्रसारको पुरानै तरिका अपनाए।

मुख्य प्रतिस्पर्धी ठानिएका नेकपा र कांग्रेसका शीर्ष तहका सबैजसो नेताहरू चुनाव प्रचारमा खटिए। ठूलासाना चुनावीसभा गरिए । पार्टीहरूले गच्छेअनुसार कार्यकर्ता परिचालन गरे । तर स्वतन्त्र निकायबाट चुनावी अनुगमन तथा पर्यवेक्षण भने भएको देखिएन। उपनिर्वाचन जितेर कांग्रेस सरकारमा पुग्ने अवस्था होइन, न त हार्दैमा नेकपाको सत्ता खोसिने स्थिति छ । तैपनि पार्टीहरूले चुनावलाई प्रतिष्ठाको विषय बनाउँदा अस्वस्थ प्रतिस्पर्धा भएको पोखराकी नागरिक अगुवा जुनाकुमारी गुरुङ बताउँछिन् । भन्छिन्, “निर्वाचन आयोगले सीमा तोकेको छ तर सक्नेले जति खर्च गरे पनि हुनेजस्तो देखियो। आचारसंहिता उल्लंघन हुँदा पनि कारबाही भएको देखिएन ।”

प्रमुख निर्वाचन आयुक्त थपलिया भने उम्मेदवारको चुनावी खर्च यस पटक घटेको दाबी गर्छन्। आयोगको आफ्नै खर्च पनि आधा घटेको उल्लेख गर्दै उनी भन्छन्, “नेताहरू आउने, खाने-बस्ने बाहिरि खर्च पनि जोड्दा त पक्कै नाघ्छ होला। हैन भने उम्मेदवारले गर्ने प्रचारप्रसार खर्च आयोगको सीमाभित्रै छ ।”

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल पार्टी र सरकारले आफ्नो लोकप्रियता जाँच्ने अर्को भरपर्दो विकल्प नरहेकाले पनि उपनिर्वाचनलाई सत्ता-प्रतिपक्षले प्रतिष्ठाको विषय बनाएको ठान्छन्। युरोप, अमेरिकामा सरकारको लोकप्रियता मापनका नियमित सर्भेक्षण हुन्छन् । त्यसले एकाध क्षेत्रका चुनावको भर पर्नु पर्दैन। “सरकार र प्रतिपक्षले उपनिर्वाचनलाई लोकप्रियता मापनको माध्यम बनाएका छन् । त्यसले एकातर्फ अस्वस्थ प्रतिस्पर्धा बढाएको छ, अर्कोतर्फ मुलुकले धान्न नसक्ने गरी चुनाव महँगो बनेको छ,” पोखरेल भन्छन्, “चुनावमा सुधार नल्याउने र प्रचारप्रसारको अहिलेको रवैयाले हाम्रो लोकतान्त्रिक प्रणाली नै असफल हुने खतरा हुन्छ ।”

फराकिलो बहुमतसहित सत्तारोहण गरेको नेकपाले पौने दुई वर्षपछि हुन लागेको उपनिर्वाचनलाई सरकारको अर्धवार्षिक परीक्षाका रूपमा लिएको छ । ऊ कुनै पनि सर्तमा जनमत घटेको देख्न चाहन्न। उपनिर्वाचन हुने अधिकांश क्षेत्रमा यसअघि वाम गठबन्धनले जितेको थियो । कास्कीमा नेकपाकी विद्या भट्टराई र कांग्रेसका खेमराज पौडेलबीच मुख्य प्रतिस्पर्धा हुने ठानिएको छ । भट्टराई दिवंगत सांसद रवीन्द्र अधिकारीकी पत्नी हुन्। त्यहाँ समाजवादीका उम्मेदवार धर्मराज गुरुङ र साझाकी उम्मेदवार रजनी केसीले पनि प्रतिस्पर्धामा आउने आशा गरेका छन्। दाङ ३ (ख) मा नेकपाले दिवंगत सांसद उत्तरकुमार ओलीकी पत्नी विमलाकुमारी खत्रीलाई उम्मेदवार बनाएको छ । खत्री र कांग्रेस उम्मेदवार केशवराज शर्माबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । भक्तपुर १ (क) मा नेकपाका देवीप्रसाद ढकाल, कांग्रेसका कृष्ण भँडेल र नेमकिपाका निरज लवजुबीच त्रिपक्षीय भिडन्त हुने देखिन्छ। त्यस्तै, बाग्लुङ २ (ख) मा वाम गठबन्धनका तर्फबाट राष्ट्रिय जनमोर्चाका खिमविक्रम शाही र कांग्रेसका जितबहादुर शेरचनबीच प्रतिस्पर्धा हुने देखिन्छ । उता, धरान उपमहानगरपालिकाको मेयरका लागि नेकपाका प्रकाश राई, कांग्रेसका तिलक राई र समाजवादी पार्टीका गजेन्द्र इस्वोबीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ।

उपनिर्वाचन हुने ४३ वडामध्ये ०७४ को निर्वाचनमा २१ वडामा एमाले, १२ मा नेका, ३ मा राजपा, माओवादी, संघीय फोरम र स्वतन्त्रले २-२ तथा राजमो १ वडामा विजयी भएका थिए। ४ लाख ५४ हजार १ सय १४ मतदाता सहभागी हुने चुनावलाई नेकपा र कांग्रेसले मध्यावधि चुनावी सर्भेक्षणका रूपमा लिएका छन्। लामो पत्रकारिता छाडेर वैकल्पिक राजनीति भन्दै साझा पार्टी गठन गरेका रवीन्द्र मिश्रले नेपाली मतदाताको चरित्र विश्लेषण गर्दै अघिल्लो चुनावताका भनेका थिए, ‘होटल-रेस्टुराँ गयो, मेनु हेऱ्यो, ओल्टाई-पल्टाई गऱ्यो अनि लास्टमा मःम र चाउमिन ।’ मःम र चाउमिन भनेर उनले नेकपा र कांग्रेसजस्ता पुराना पार्टीलाई भनेका थिए । उपनिर्वाचनका अधिकांश पदमा यस पटक पनि मःम र चाउमिनकै बोलवाला हुने संकेत अहिल्यै देखिएको छ । ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

नेपाल

राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

FOSTER'S
EXTRA COLD BEER
FOSTER'S®
AUSTRALIAN FOR BEER
FOSTER'S LAGER NOW BREWED IN NEPAL
INTERNATIONAL QUALITY
FOSTER'S
LAGER BEER
AUSTRALIA'S FAMOUS BEER
alc. 5% vol.
FOSTER'S
GOLD
STRONG BEER
650 ml
CELEBRATE RESPONSIBLY
ALSO AVAILABLE IN FOSTER'S GOLD STRONG BEER

विशेष

‘यो सरकार बनेप
प्रतिवेदन अछुत भ

प्रा श्रीधर खत्रीसँग अन्तर्वार्ता

रवि मानन्धर

…छि हाम्रो …यो'

बसन्त बस्नेत र योगेश ढकाल

नेपाल एकातिर भूराजनीतिक शक्ति सन्तुलनको नक्सामा आफू देखिने ध्याउन्नमा छ । अर्कातिर, बीआरआई, इन्डो–प्यासिफिक, टु प्लस वान, त्रिदेशीय साझेदारीजस्ता नयाँ पहल र अवधारणाको द्विविधामा पनि छ ।

बदलिँदो विश्व शक्ति सन्तुलनसँगै परराष्ट्र नीतिमा चुनौतीका चाङ थपिँदै छन् । राजनीतिक नेतृत्व, खासगरी परराष्ट्र मन्त्रालयलाई यसबारे राम्रै जानकारी भए पनि गृहकार्य नपुगेको भनी आलोचना हुने गर्छ ।

यही सन्दर्भमा हामी गत साता परराष्ट्रविद् प्रा श्रीधर खत्रीसँग सुनाकोठीस्थित उनको निवासमा झन्डै दुई घन्टा गफियौँ । प्रेससामु उतिसाह्रो देखा नपर्ने खत्री *नेपाल*सँगको यो विशेष वार्तामा खुलेर प्रस्तुत भएका छन् ।

पछिल्ला केही महिनायता देशमा भूराजनीतिक तरंग छ । अब नेपाल कसरी अगाडि बढ्ला ?

नेपालको परराष्ट्र नीतिमा केही उपलब्धि भएका छन् । चीनसँग नेपालको सम्बन्ध विस्तारित भइरहेको छ । नेपाल-भारत सम्बन्ध अझै प्रस्ट परिभाषित छैन । प्रबुद्ध समूह (ईपीजी) को रिपोर्ट कार्यान्वयनमा आएपछि केही सुधार र प्रस्टता आउला भन्ने आशा थियो । रिपोर्ट तयार भएको २ वर्ष भयो । भारतीय पक्षले 'प्रधानमन्त्री नरेन्द्र मोदीले हेर्न नपाएको' भनेको छ । किन हेर्न नपाएको हो, कारण खुलेको छैन ।

बदलिँदो विश्व शक्ति सन्तुलनसँगै चीन र भारतको उदयले नेपाललाई थप चुनौती थपेका छन् । केही वर्षदेखि अमेरिकाको शक्तिमा आएको ह्रास र उसका आफ्नै पनि प्राथमिकता प्रस्ट नहुँदा अन्योल देखिन्छ । अर्कातिर, युरोप केही पहिलेसम्म विश्वमा प्रमुख पात्रका रूपमा देखिएको थियो । युरोप समान परराष्ट्र र सुरक्षा नीति अंगीकार गर्ने समूह हो । ब्रेक्जिट मुद्दापछि युरोप आन्तरिक समस्यामा फसेको छ । युरोप कसरी अगाडि बढ्छ, प्रस्ट देखिएको छैन । यसरी बदलिँदो विश्व शक्ति सन्तुलनको वास्तविकतामा नेपाल कसरी अगाडि बढ्छ, प्रस्ट छैन ।

नेपालले चीनको बीआरआईसँगै अगाडि बढ्ने प्रतिबद्धता जनाइसकेको छ । यही बीचमा अमेरिकाबाट इन्डो–प्यासिफिक रणनीति (आईपीएस) आयो । यस्तो अवस्थामा नेपालले लिनुपर्ने बाटो के हो ?

अमेरिकाको शक्तिमा ह्रास देखिए पनि प्रभुत्व घटेको छैन । स्थल, समुद्र र आकाशमा अमेरिका अहिले पनि सुपरपावर छ । डोनाल्ड ट्रम्प आएपछि अमेरिका ट्रान्स प्यासिफिक पार्टनरसिप (टीपीपी) बाट बाहिरियो । एटलान्टिक अलाइन्समा अमेरिकाकै कारण खलबल आइरहेको छ । यी समस्याले अमेरिकाको छवि पहिलाजस्तो प्रतिविम्बित हुँदैन । अमेरिकाको इन्डो-प्यासिफिक रणनीति उदाउँदो चीनको चुनौतीसँग कसरी सामना गर्न सकिन्छ भन्नेमा केन्द्रित छ । चीनलाई कसरी रोक्ने भन्ने प्रस्ट नीति भने होइन । अमेरिकाको रक्षा मन्त्रालयले निकालेको रिपोर्टअनुसार आउटलाइन हो तर नीति होइन । आईपीएस सुरुआत हुनुमा अमेरिका, भारत, जापान र अस्ट्रेलिया सम्मिलित 'क्वाड' को भूमिका छ । सन् २००८ देखि नै यी शक्तिकेन्द्र कसरी चीनलाई रोक्न सकिन्छ भन्नेमा थिए । अहिलेको रणनीति पुरानो नेटो, सिटोजस्तो अलाइन्सबाट आएको छैन, खुला र स्वतन्त्र साझेदारीको रूपमा आएको छ । रणनीति शब्दले

गर्दा सैन्य गठबन्धनजस्तो बुझेर नेपालमा निकै खलबल भयो। त्यसमा जोडिनु हुँदैन भनेर सांसदहरूले कुरा उठाए। अमेरिकी राजदूतले भनेका छन्- आईपीएस स्वतन्त्र र खुला हो, हस्ताक्षर गर्नु पर्दैन, अलाइन्स र नेटवर्कमा जोडिनु पर्दैन।

मेरो बुझाइमा पनि नेपालका लागि आईपीएसको सान्दर्भिकता दुइटा कुरामा छ। पहिलो- मिलेनियम च्यालेन्ज को-अपरेसन (एमसीसी) मार्फत गरिने करिब ५ मिलेनियम डलर सहयोग। दोस्रो- नेसनल गार्डस्ले चिकित्सा, विपद्लगायतका विभिन्न क्षेत्रमा तालिम दिने। नेपाल झस्केकोचाहिँ सुरक्षा छाताभित्र पर्ने डरले हो। शक्तिराष्ट्रको सुरक्षा छाताभित्र घुस्न नेपालको असंलग्न नीतिले पनि दिँदैन।

इन्डो-प्यासिफिक रणनीतिसम्बन्धी १ जुन २०१९ मा प्रकाशित रिपोर्टमा अमेरिकाले रुस र चीनलाई प्रतिस्पर्धी र दुस्मन मुलुक किटान गरेको छ। चिनियाँ चुनौती सामना गर्न सुरक्षा रणनीति अगाडि सारेको देखिन्छ। त्यसो भएकाले सुरक्षा छाताभन्दा भिन्न बुझ्न मिल्छ र ?

मेरो बुझाइमा अमेरिकी भाषा कडा र सैन्य फ्रेमवर्कभित्र देखिन्छ तर रणनीति खुला र स्वतन्त्र छ। तर यो रणनीति अमेरिकी विदेश मन्त्रालयबाट नआएर पेन्टागनबाट आएको हुनाले सुरक्षा नीतिसँग जोडियो। आधारभूत रूपमा सैन्य फ्रेमवर्कभित्र आएको छ। तर एउटा खाली स्थान पनि छ, जहाँ अलाइन्स होइन, पार्टनरसिप र को-अपरेसनको आधार छ। अमेरिकी भाषाले अस्पष्ट बनाउँदा धेरै देश असहमत थिए। अहिले थप व्याख्या आएपछि सहमति देखिन्छ।

नेपालमा पनि सांसद, विज्ञ, सञ्चारकर्मी तथा विभिन्न क्षेत्रबाट प्रश्न उठे। तर परराष्ट्र मन्त्रालयले बुझाउन सकेन। आईपीएस के हो, कस्तो हो भनेर परराष्ट्रले बुझाउनुपर्छ। तर मन्त्रालयको नेतृत्व त्यस्तो छैन। र, अहिले देखिएको विरोधाभास त्यही हो।

यसबीचमा भारतीय प्रतिक्रियाचाहिँ नेपाल चीनको पोल्टामा गयो भनेर आयो। भारतीय पक्षले स्वतन्त्र र मैत्री नेपाल रहेन भन्नुको अर्थ विश्वास आर्जन गर्ने कुरामा आउने दिन झन् कठिन हुँदै गएका हुन् ?

राजनीति र परराष्ट्र नीति कहिल्यै सजिलोसँग चल्दैनन्, जहिल्यै चुनौती रहिरहन्छ। अहिलेको समयमा विचार र चुनौतीलाई कसरी नेतृत्व गर्ने भन्ने प्रश्न मुख्य हो। बीआरआई, आईपीएस, टु प्लस वान, त्रिदेशीय यी सबै नयाँ पहल हुन्। यी पहललाई कसरी सम्बोधन गर्ने ? आफ्नो स्वार्थ अनुकूल हुने गरी कसरी ल्याउने ? ती नीति नेपालका लागि उपयोगी छन् कि छैनन् ? यी विषयमा संस्थागत रूपमा जानुपर्छ।

भारतीय दृष्टिकोणमा नेपाल चीनतिर ढल्कियो भन्ने छ। दक्षिण एसियाको परिदृश्य हेर्दा बंगलादेश, श्रीलंका, पाकिस्तान, मालदिभ्स मात्र होइन, भारत स्वयंको मुख्य व्यापारिक साझेदार चीन हो। नेपाल मात्रै यस्तो देश हो, जसको मुख्य व्यापारिक साझेदार भारत हो। अहिले विश्वको 'भ्यालु सप्लाइ चेन' चीनसँगको निर्भरतामा देखिन्छ। अबको १० वर्षपछि अमेरिकालाई उछिनेर चीन पहिलो अर्थतन्त्र हुने अभियानमा छ। भारत तेस्रो ठूलो अर्थतन्त्र भएको मुलुक भइसक्यो। यस्तो अवस्थामा हाम्रो चुनौती भनेको बदलिँदो विश्व परिस्थिति र आएका नयाँ विचारलाई कसरी सम्बोधन गर्ने भन्ने हो। नेपाल-भारत सम्बन्धको दूरी भारतीय पक्षबाट बढी देखिन्छ। नरेन्द्र मोदीले प्रधानमन्त्री हुनेबित्तिकै र संयुक्त राष्ट्रसंघको पहिलो सम्बोधनमा 'छिमेक नीति' अपनाउँछौँ भनेका थिए। मोदीले छिमेकमा भारतको सम्बन्ध राम्रो भएन भने बाहिर पनि राम्रो हुँदैन भनेका थिए। तर मोदी-२ आइपुग्दा विश्वमा भारतीय छविमा सुधार भयो तर छिमेकमा बिग्रिँदै गयो। पाकिस्तानसँग सम्बन्ध झन् खस्किँदै छ। नेपालसँग कतै अड्किएको छ। श्रीलंका र माल्दिभ्समा पनि कहिले प्रो-चीन र कहिले प्रो-भारत सरकार आउँछ। दक्षिण एसियामै प्रो-चीन र प्रो-भारत भन्ने दलहरू स्थापित हुन लागे। यो पृष्ठभूमिमा भारतीय विज्ञ र नीति निर्माताले नेपाल चीनतिर ढल्कियो भन्ने दृष्टिकोणबाट हेर्न मिल्दैन।

नेपाल अहिले बीआरआई, आईपीएस, प्लस वान, त्रिदेशीय साझेदारीजस्ता शक्तिराष्ट्रका नयाँ पहल-विचारको चेपुवामा परेको देखिन्छ। यसमा नेपालको प्रस्टता कति देखिन्छ ?

सन् २००८ मा तत्कालीन प्रधानमन्त्री प्रचण्डले त्रिदेशीय साझेदारीको विषय उठान गर्नुभएको थियो। त्रिदेशीय साझेदारीको नयाँ विचार कहाँबाट आयो ? आफ्नै विचार थियो कि अरू कसैले उठाइदिनु भनेका हुन् ? त्रिदेशीय साझेदारीमा जाने हो भने कुन आधारमा जाने ? यो अहिलेसम्म प्रस्ट छैन। सन् २०१६ मा प्रचण्डको व्याख्यामा त्रिदेशीय साझेदारी ट्रान्स हिमालय को-अपरेसनका लागि हो र सेन्ट्रल एसियन देशहरू पनि सहभागी हुन सक्ने भनाइ थियो। र, सार्क, बिमस्टेकको विकल्प नभएको भनेर प्रचण्डले नै प्रस्ट पार्नुभयो। सन् २००८ मा आएको त्यो विचारको ८ वर्षपछि सन् २०१६ मा बल्ल अलिकति व्याख्या भयो। यसबीचमा ६ वटा सरकार बदलिए। ती ६ वटै सरकारले त्रिदेशीय साझेदारीको कुरा गरेनन्। माओवादीकै प्रधानमन्त्री बाबुराम भट्टराईले पनि त्यो कुरा उठाउनु भएन।

तीन वटा देश सहभागी हुने कुरामा मुद्दाहरू प्रस्ट हुनुपर्छ। त्यसका लागि अवधारणा र निश्चित बुँदा तयार हुनुपर्छ। प्रचण्डले भनेजस्तै ट्रान्स हिमालयसहित सेन्ट्रल एसियासमेत जोडिने हो भने अवधारणापत्र झनै प्रस्ट चाहिन्छ। प्रचण्डले गोवा ब्रिक्स समिटमा त्रिदेशीय साझेदारीको विषय उठाउँदा चीनले सकारात्मक भन्यो तर भारतीय पक्षले अस्वीकार गऱ्यो। अहिले चिनियाँ राष्ट्रपति सीको भ्रमणमा प्रचण्डले एक पटक उठाउनुभयो। अर्को अन्तर्वार्तामा प्रधानमन्त्री केपी ओलीले पनि टु प्लस वान होइन, त्रिदेशीय नै हो भन्नुभयो। तर यी विचार कसरी र के आधारमा आए ? यसको लक्ष्य के हो ? सहकार्यको प्रकृति कस्तो हो ? निर्णय प्रक्रिया कस्तो हुन्छ ? सामान्य बहसमा केन्द्रित लुज नेटवर्क मात्रै हुन्छ कि सचिवालयसमेत हुन्छ ? संस्थागत फ्रेमवर्क कस्तो हुन्छ ? यसका क्षेत्र र गतिविधि के-के हुन्छन् ? व्यापार कि भौतिक पूर्वाधार विकासमा केन्द्रित हो ? कार्यक्रम के-के हुन्छन् ? ती कार्यक्रम कसरी तय हुन्छन् ? र, आर्थिक स्रोत के हो ? अवधारणापत्र कतै पनि छैन अनि बोलेर मात्र हुन्छ ? पहिला त्रिदेशीय भनियो, बीचमा फेरि टु प्लस वान आयो, अनि फेरि त्रिदेशीय। कहाँ जाने भन्ने चरण परिभाषित

नेपाल-चीन रेल र सडक सञ्जालको सम्पर्कले भारतप्रतिको निर्भरता केही हदसम्म घटाउँछ तर हटाउँदैन। मेरो विचारमा अझै ४०-५० वर्ष भारतीय निर्भरता रहिरहन्छ।

नहुँदाको परिणाम हो । यस्ता पहल आर्थिक विकासको साझेदारी भनिए पनि त्यसमा राजनीति र रणनीतिक स्वार्थ जोडिएको हुन्छ । त्यसमा नेपाल प्रस्ट हुनुपर्छ ।

नेपालको आवश्यक तयारी नदेखिएको हो ?

खासमा नेपालले भारतको समेत पोजिसन बुझेर आफ्नो प्रतिक्रिया र पोजिसनबारे चीनलाई प्रस्ट पार्न सक्नुपर्ने थियो । किनभने टु प्लस वानको अवधारणा चीनले ल्याएको हो । उसलाई नेपालले पोजिसन प्रस्ट बनाएर अवधारणापत्र ल्याऊ भन्न सक्नुपर्ने थियो ।

ट्रान्स हिमालय मल्टिडाइमेन्सनल नेटवर्कले जोडिने कुरामा नेपालको गृहकार्य कत्तिको पुगेको देखिन्छ ?

चीनको बीआरआई २६ ट्रिलियन डलरको परियोजना हो । युरोप, अफ्रिका र एसियाको मुख्य स्थानमा बीआरआई विस्तार भएको छ । यद्यपि दक्षिण एसियाबाट भारत सहभागी छैन । बीआरआई आर्थिक मुद्दासँग जोडिएको परियोजना भएकाले नेपालमा परराष्ट्र मन्त्रालयभन्दा अन्य मन्त्रालयमा काम भइरहेको देखिन्छ । परराष्ट्र नीतिमा परराष्ट्र मन्त्रालयले नेतृत्वकर्ता हुनुपर्छ भनेको छ । तर बीआरआईको विषयमा परराष्ट्रमा क्षमता देखिँदैन किनभने यो भौतिक संरचना निर्माणसँग जोडिएको छ । बहुमन्त्रालयसँग जोडिएको परियोजना भएकाले त्यसअनुसार काम गर्नुपर्नेछ । भर्खरै स्थापना भएको नेपालको रेल विभाग परियोजनामा जोडिसकेको छ । अर्थात्, आइपरेपछि काम गर्न थालियो । केरुङ-काठमाडौं रेल भौगर्भिक अवस्थितिका कारण प्रविधिको हिसाबले चुनौतीपूर्ण छ । यो 'फल्ट जोन' मा भएकाले पनि समस्या छ । रेल परियोजनामा अर्को चुनौती लगानीको हो । नेपालसँग केरुङ-काठमाडौं मात्र होइन, काठमाडौं-पोखरा-लुम्बिनीसम्मको योजना छ । यसरी हेर्दा करिब १२ विलियन डलरको परियोजना हुन्छ । हामीसँग निर्माणको क्षमता कति छ, निर्माणपछि व्यवस्थापनको क्षमता कस्तो छ, ध्यान दिएका छैनौं ।

१२ विलियन डलर ऋण लिने हो भने त्यो तिर्न निकै समय लाग्छ । परियोजना सम्पन्न भएपछि प्रभावकारी रूपमा कसरी सफल व्यवस्थापन गर्छौं ? यत्रो लगानीमा परियोजना बनाउँदै छौं भने रेलसम्बन्धी कति जनशक्तिलाई तालिम दिइयो ? चुनौती परियोजना ल्याउन होइन, त्यसको प्रभावकारी व्यस्थापन हो । बीआरआईअन्तर्गतका सडक र रेलवे संरचना निर्माणमा विश्वास छ । नेपाल-चीन रेल र सडक सञ्जालको सम्पर्कले भारतप्रतिको निर्भरता केही हदसम्म घटाउँछ तर हटाउँदैन । मेरो विचारमा अझै ४०-५० वर्ष भारतीय निर्भरता रहिरहन्छ ।

नेपालमा रेल चाहिन्छ कि चाँहिदैन भन्नेमा ठूलै बहस चल्यो हगि ?

केही व्यक्तिलाई नयाँ विचार-पहल भन्नेबित्तिकै एलर्जी हुन्छ । केही व्यक्ति विचार मात्रै खोजेर हिँड्छन् । तर यी दुईमा सन्तुलन चाहिन्छ । आधुनिक विश्वमा पूर्वाधारको विकास नगरी अगाडि बढ्छु भनेर हुँदैन । व्यापार बढाउन पूर्वाधार चाहिन्छ । सोभियत संघ विघटन हुनुमा राजनीतिक विचारधारा, नेतृत्व, शासन व्यवस्थालगायत कारण होलान् । तर अर्को एउटा कारणचाहिँ कनेक्टिभिटी अभाव हो । सोभियत संघको कुनै अर्को कुनामा कहिलेकाहीँ पाउरोटी किन्नै लाइन लाग्नुपर्ने थियो । सुपरपावरको दौडमा रहेको सोभियत संघमा उत्पादन नभएर पाउरोटीकै अभाव भएको होइन, उत्पादित खाद्यान्न आपूर्ति गर्ने सडक र रेलजस्ता

बीआरआई, आईपीएस, टु प्लस वान, त्रिदेशीय यी सबै नयाँ पहल हुन् । यी पहललाई कसरी सम्बोधन गर्ने ? आफ्नो स्वार्थ अनुकूल हुने गरी कसरी ल्याउने ? ती नीति नेपालका लागि उपयोगी छन् कि छैनन् ? यी विषयमा संस्थागत रूपमा जानुपर्छ ।

पूर्वाधारको कमीले हो ।

अहिले नेपालमा जलस्रोतको विकास प्रयासले गति लिएको छ । र, अर्को कुरा सडक र रेल कनेक्टिभिटीमा जोड दिन थालेको छ । कनेक्टिभिटी आन्तरिक र बाह्य दुवैका लागि महत्त्व छ । नेपालको ठूलो उपलब्धि यी दुई कुरामा भएको छ । कसैले रेल चाहिन्छ भन्छन्, कोही चाहिँदैन भन्छन् । प्रगति गर्ने हो भने रेल चाहिँदैन भन्ने विकल्प नै होइन । व्यापारका लागि पनि सडकभन्दा रेल सस्तो पर्छ । काठमाडौंको सहरीकरणले मेट्रो रेलको माग गर्न थालेको छ । अब सडक बनाएर हुँदैन । सहरलाई व्यवस्थित गर्न खास क्षेत्रको जनसंख्या नै सार्नुपर्ने हुन्छ ।

दक्षिण एसियामा पाकिस्तानसहित सहकार्य कि पाकिस्तानरहित सहकार्य गर्ने भन्ने बहस चल्दै छ । अब सार्कको औचित्य सकिएको हो ?

भारतले संविधानको ३७० धारा खारेज गरेर कश्मीरको विशेष अधिकार कटौती गरेपछि सार्क श्वास जाने अवस्थामा छ । कश्मीर मुद्दाभन्दा पहिला सार्क सुतिरहेको थियो । सार्कको मृत्यु भए पनि दक्षिण एसियामा सार्कजस्तै संगठन चाहिन्छ र १५-२० वर्ष अर्को संगठन आउँछ । पूर्वी एसिया, युरोपको अनुभव यस्तै देखियो । पूर्वी एसियामा आसियान आउनुभन्दा पहिला दुई-तीन वटा संगठन थिए । पहिले मापिलिन्डो (ग्रेटर मलायन कन्फिडेरेसन) संस्था थियो । त्यसपछि एएसए भनेर अर्को आयो । पछि आसियान आयो । यही हिसाबले युरोपिन कम्युनिटी हुँदै युरोपियन युनियन आएका हुन् । विश्वमा अहिले राष्ट्रिय सीमा विस्तार भएका छन् । विकासका कारण व्यापार, सञ्चार विस्तारित हुनुपर्‍यो । एक-दुई देशभित्र मात्रै व्यापार गरेर पुगेन । यस्ता संगठनको संरचना निर्माण गर्नु भनेको समान विचारधारा भएका देश मिलेर स्वतन्त्र व्यापारबाट आर्थिक विकास छिटो हुन्छ भन्ने मान्यता हो । त्यही धारणामा सार्क स्थापना भएको हो । सार्कमा पहिला इन्टिग्रेसन (एकता) शब्द पनि प्रयोग गर्दैनथे । को-अपरेसन (सहकार्य) भन्दै आए । र, धेरै पछि इन्टिग्रेसन शब्द प्रयोगमा आएको हो । त्यसैले सार्कको उद्देश्य जीवित छ भन्ने लाग्छ । तर भारत-पाक सम्बन्ध र राजनीतिले त्यसलाई प्रभावित पार्‍यो ।

भारत सार्कलाई किन कम महत्त्व दिन चाहन्छ ?

भारतीय जनता पार्टीको पहिलादेखिकै नीति हो, पाकिस्तानलाई एक्ल्याउने । त्यो प्रयास प्रधानमन्त्री अटलविहारी वाजपेयीको पालामा भए पनि सार्कलाई गति दिन रोकेनन् । प्रधानमन्त्री मोदीले सुरुमा सार्क राष्ट्रलाई महत्त्व दिएका थिए र सपथ ग्रहणमा सबै देशका सरकार प्रमुखलाई निम्ता पनि गरे । त्यसबेला मोदीले सार्क स्याटलाइट स्थापना गर्ने अवधारणा पनि ल्याएका थिए । तर भारतमा भएका आतंकवादी हमला र त्यहीँभित्रै चरमपन्थी धार हावी हुन थाले । पाकिस्तानसँग सम्बन्ध बिग्रिँदै जाँदा सार्कको भूमिका न्यूनीकरण हुँदै गयो । खासमा

सार्कलाई सक्रिय बनाएर लैजान सकेको भए मोदीको छिमेक नीति सफल भएको मानिने थियो । मोदीको छिमेक पहिलो नीति व्यक्त गर्ने मञ्च हुन्थ्यो र सार्क र दक्षिण एसियाको नेतृत्व नै गर्न सक्थे । सार्कलाई न्यूनीकरण गर्दा छिमेक पहिलो नीति विस्तार गर्न समस्या भएको छ । मोदीले दक्षिण एसियाको नेतृत्व गर्न पनि सकेनन् । नजानिँदो पारामा त्यसको फाइदा चीनलाई भइरहेको छ ।

भारत बिमस्टेक, एक्ट इस्ट, बीबीआईएनजस्ता प्लेटफर्म र अवधारणाबाट अगाडि बढ्न खोजेको देखिन्छ नि ?

भारतले नयाँ विचार/पहलमा संघर्ष गरिरहे पनि त्यसबाट कुनै समाधान आउन सकेको छैन । बिमस्टेकले के गरेको छ ? बिमस्टेकको सचिवालय सार्कको भन्दा कमजोर छ । बिमस्टेक हेर्ने १४ क्षेत्र पनि सार्कले हेर्ने क्षेत्र नै हुन् । बिमस्टेकमा थाइल्यान्ड र म्यानमार सदस्य छन् र पाकिस्तान छैन । यी दुई कुराबाहेक सार्क र बिमस्टेकमा केही फरक छैन । बिमस्टेक सैन्य तालिम गर्ने भन्नेमा थाइल्यान्ड गएन । नेपाल अन्तिम समयमा रोकियो । बिमस्टेकको जोस कहाँ छ ?

नेपालको प्रयास पर्याप्त भइदिए सार्कलाई ब्युँझाउन सकिन्छ ?

नेपालमा १८ औं सार्क शिखर सम्मेलन भयो । १९ औं पाकिस्तानमा हुनुपर्ने हो । भारत-पाकिस्तान सम्बन्ध बिग्रिएपछि सम्भव भएन र नेपालले अहिलेसम्म अध्यक्षता हस्तान्तरण गर्न सकेको छैन । सार्कमा सब-रिजनल को-अपरेसनको अवधारणा आएको थियो । त्यसमाथिको छलफलबाट केही प्रोभिजन पनि तयार भएको थियो । मुख्य कुरा सार्क सहमतीय फ्रेमवर्कका कारण नेपालले पहल लिन गाह्रो भयो किनभने सबै देश भिटोवाला हुन् । सार्क एउटा देशले हुन्न भन्यो भने स्थगित भइहाल्छ । सार्कलाई एक देशले पहल लिएर अगाडि बढ्ने होइन कि भिटो पावर च्यापेर अगाडि बढ्ने संस्था बनाइँदा समस्या भयो । नेपालका लागि सार्क महत्त्वपूर्ण छ । नेपाललाई स्वतन्त्र व्यापारबाट फाइदा छैन तर क्षेत्रीय व्यापार सम्झौता भयो भने फाइदा हुन्छ । ठूलो र सानो देशको व्यापारमा ठूलो देशलाई फाइदा हुन्छ । तर क्षेत्रीय अवधारणामा ठूलो देशलाई फाइदा भए पनि सानोलाई फाइदा हुने केही ग्यारेन्टी गर्नुपर्ने हुन्छ । जस्तो, युरोपियन युनियनले पोर्चुगलजस्ता देशलाई सहायता गर्छ । त्यो व्यवस्थालाई 'क्षतिपूर्तिसहितको प्रावधान' भनिन्छ ।

संसार अहिले क्षतिपूर्ति व्यवस्थासहितको प्रावधानभन्दा पनि आफू केन्द्रित व्यवस्थातिर लागेको छ नि ?

विश्वमा अहिले उदारवादबाट संरक्षणवादतिर जाने हावा चलेको छ । अर्को कुरा, उग्रराष्ट्रवादतिर जाने चलन बढेको छ । यस्तो एउटा चक्र हुन्छ, त्यसमा आत्तिनुपर्ने अवस्था हुँदैन ।

उग्रराष्ट्रवादको चक्र कहाँ पुगेर रोकिएला ?

राष्ट्रवादले कहिलेकाहीँ राष्ट्रिय एकता र पहिचानका लागि महत्त्व राख्छ । तर कहिलेकाहीँ हानिकारक हुन्छ । राजनीतिकर्मी जुन मुद्दा भावुक छ, त्यही बोक्छन् किनभने उनीहरू भोटको राजनीति गर्छन् । भारतमा हिन्दु राष्ट्रवाद स्थापित हुँदै गएको छ । चीनको राष्ट्रवाद निकै बलियो छ । अमेरिका आधारभूत रूपमा विभाजित छ । युरोप पनि विभाजित छ । ब्रेक्जिट कसरी हुन्छ ? त्यसले धेरै कुरा निर्धारण गर्छ । स्कटल्यान्डको मुद्दा कसरी टुंगो लाग्छ ? त्यहाँ फेरि जनमतसंग्रहको मुद्दा उठ्न थालेको छ । त्यसपछि उत्तरी आयरल्यान्डको कुरा छ । अहिले विश्वमा विश्वास गर्ने, भरोसायोग्य नेता छैनन् । यस्तै बेला केहीले फाइदा लिन्छन्, हिटलरले त्यसरी नै फाइदा लिएका हुन् ।

नेपाल-भारतबीच कालापानी मुद्दा लामो समयदेखि विवादको विषय छ । यो मुद्दा किन कचल्टिएको होला ?

नेपालको ठूलो समस्या भनेको सीमासम्बन्धी प्रस्ट नीति अभाव हो । ६० दशकको सुरुमा चीनसँग सीमा सम्झौता भयो । त्यो हुनु नै हाम्रो ठूलो उपलब्धि हो, भलै केही बिन्दुमा विवाद छ । सीमा विवाद सल्टाउन मेरै बुबा पदमबहादुर खत्री नेतृत्वको टोली बनेको थियो । तर दक्षिणी सीमा विवाद टुंगो लगाउन सकेनौं । दक्षिणी सीमामा पिलर कहाँ पुगे ? खोला कता बग्यो ? नक्सा कता पुगे ? केही खोजी भएन । रेकर्ड क्लिपिङ नेपालमा कहिल्यै पनि भएन । पुराना दस्तावेज अध्ययन गर्ने व्यक्ति विकास गरेनौं । समस्या आयो भन्ने तर पहिला कहिले ध्यान दियौं ? नेपालमा ती दस्तावेज हेर्ने २-४ विज्ञ होलान्, उहाँहरूसँग कहिले छलफल गरियो ? परराष्ट्र मन्त्रालयले कहिले टास्कफोर्स बनायो ? नेपालीको बानी संकट आएपछि चिच्याउने तर ६ महिनापछि बिर्सने हो ।

सुगौली सन्धिअनुसार कालापानी क्षेत्र नेपालको भागमा पर्छ । सन् ६० दशकमा इन्डो-चाइना युद्धपछि सामरिक महत्त्वको कालापानीमा भारतले कब्जा जमाएको हो । कीर्तिनिधि विष्टको समयमा १७ वटा चेकपोस्ट हटाउँदा कालापानीको पोस्ट किन बाँकी रह्यो ? कालापानीको मुद्दा अहिलेको होइन । नेताहरूले अहिलेसम्म गम्भीर रूपमा छलफल गरेनन् ।

नीति भनेको घटना र परिस्थितिको प्रतिक्रिया जनाउने होइन, आफ्नो स्वार्थलाई कसरी संरक्षण र प्रवर्द्धन गर्ने भन्ने हो । कालापानी क्षेत्रबारे परराष्ट्र सचिव स्तरमा छलफल गरेर टुंगो लगाउने भनिएको छ । एउटा उदाहरण दिनुस्, सचिवस्तरीय छलफलबाट टुंगो लागेका

यस्ता मुद्दा कति छन् ? फेरि परराष्ट्र सचिवको तहमा लैजानु भनेको यो मुद्दा टुंगो नलागोस् भन्ने नै हो ।

प्रधानमन्त्री ओलीले आवश्यक पर्‍यो भने समकक्षीसँग कुरा गर्छु भनिसक्नुभएको छ नि ?

राष्ट्रप्रमुख र सरकारप्रमुखले अँगालो मार्दैमा समस्या समाधान हुँदैन । त्यसका लागि सुरु तहबाटै काम हुनुपर्छ । सरकारी टोलीले कसरी गर्ने, के गर्ने, समाधान ल्याउनुपर्छ । प्रधानमन्त्रीले भारतीय समकक्षीसँग कुरा गर्छु भन्ने होइन, कुरा गर्नुपर्‍यो । भारतसँग कुरा गर्नुअघि के-के विषयमा गर्ने, कुन दस्तावेजका आधारमा गर्ने ? ती दस्तावेज जुटाउनुपर्‍यो । त्यो प्रयास भएको पनि देखिँदैन ।

उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको नेतृत्व गर्नुभयो । समितिले प्रतिवेदन तयार गरेर सरकारलाई बुझाए पनि कार्यान्वयनमा आएन । यसमा तपाईंको धारणा के छ ?

परराष्ट्र नीति पुनरावलोकन कार्यदललाई झन्डै १० महिना लागेको थियो । हाम्रो टोलीले २ फेब्रुअरी २०१७ मा प्रतिवेदन बुझाएको हो । अहिलेको बदलिँदो विश्व परिस्थितिमा नेपालको परराष्ट्र नीति कस्तो हुनुपर्छ र त्यसलाई सहयोग गर्न परराष्ट्र मन्त्रालयमा कस्तो क्षमता विकास गर्नुपर्छ भन्नेमै केन्द्रित थियो । हामी प्रमुख रूपमा चीन र भारतमा केन्द्रित थियौँ । पहिलोपल्ट चीन र भारत एकसाथ विश्व शक्तिमा उदाइरहेका छन् । त्यस कारण नेपालको परराष्ट्र नीति भारत र चीनमा केन्द्रित हुनुपर्छ । त्यसका लागि परराष्ट्र मन्त्रालयभित्र चीन र भारत डेस्क भिन्नाभिन्नै हुनुपर्छ । र, क्षमतावान जनशक्ति उत्पादन गर्नुपर्छ । हामीले यसैको सेरोफेरोमा रहेर प्रतिवेदनमा सुझाव दिएका थियौँ ।

विश्व शक्तिमा उदाउँदो चीनसँग अर्बौं डलरका परियोजनामा काम गर्दै छौँ । तर परराष्ट्रमा एक जना चीनविज्ञ छैन र चिनियाँ भाषा बोल्ने जनशक्ति पनि छैन । न भारतविज्ञ छन्, न त युरोप, अमेरिकाविज्ञ । परराष्ट्रका कर्मचारी पनि भारत र चीनमा पोस्टिङ नहोस् भन्ने चाहन्छन् । उनीहरूको रोजाइ युरोप, अमेरिका हुन्छ । अर्को, भविष्यमा परराष्ट्र सचिव बन्न चीन वा भारतमा पोस्टिङ भएको हुनुपर्नेछ भनेर पनि राखेका थियौँ । भारतमा परराष्ट्र सचिव हुने व्यक्ति दक्षिण एसियामा राजदूत भएकै हुनुपर्छ ।

परराष्ट्र मन्त्रालयलाई कसरी बलियो बनाउने भन्ने विषय समेटेका थियौँ । उपसचिवको तहमा नीति तथा योजना महाशाखा रहे पनि उक्त तहबाट यो हुँदैन । द्विपक्षीय र बहुपक्षीय कूटनीति क्षमताको विकास आवश्यक छ । साना देशमा राजदूत भएको व्यक्ति राष्ट्रसंघमा पठाएपछि बहुपक्षीय कूटनीति कसरी बलियो हुन्छ ?

परराष्ट्र नीति भविष्यमुखी होस्, व्यवस्थित होस्, व्यवस्थित योजनासहितको होस् । अन्तर्राष्ट्रिय कूटनीतिमा सरप्राइज प्रशस्त हुन्छ । तिनको सामना कसरी गर्ने ? हामीले प्रतिवेदनमा लेखेका छौँ । विगतमा सम्बन्ध विस्तार गर्दा, दूतावास खोल्दा फाइदाबारे हेरिन्थ्यो । सन् ९० पछि १७ वटा दूतावास बढाइयो । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रमा सम्बन्ध विस्तारको अभियान देखिन्छ । तर भोलि समस्या परेका बेला ती देशले हामीलाई भोट हाल्छन् ? भारत वा चीनसँग सम्बन्ध बिग्रियो भने ती देश कता लाग्छन् ? खासमा संख्यामा बढेका छौँ, गुणात्मक रूपमा छैनौँ । कांग्रेस-माओवादी सरकार भएका बेला हाम्रो कार्यदलले काम थालेको हो । चुनावपछि यो सरकार (नेकपा) आएपछि त्यो प्रतिवेदन 'अछुत' भयो । त्यसमा कुनै पार्टीको विचार छैन । त्यो कार्यदलको सदस्यसचिव रहेका परराष्ट्र सचिव अहिले पनि छन् तर कार्यान्वयन गर्न सकेका छैनन् ।

> कुनै सरकारले यस्तै प्रतिवेदन बनाउने कार्यदल बनायो भने त्यो प्रतिवेदन अहिलेको भन्दा फरक आए कान काटिदिन्छु ।

प्रतिवेदन राजनीति पूर्वाग्रहको सिकार भयो भन्न खोज्नुभएको ?

हो । होइन भने त्यो प्रतिवेदनमा राष्ट्र हित छाडेर दलको कुरा कहाँनेर छ ?

नेताहरूलाई भेटेका बेला सम्झाउनु भएन वा मेरो जिम्मेवारी सकियो भनेर छाडिदिनुभयो ?

प्रतिवेदन बनाइयो, सकियो भन्ने लागेको भए तपाईंसँग यो कुरा उठाउने नै थिइनँ । प्रतिवेदनको उपादेयता र उपयोगिता प्रस्ट्याउन यी कुरा गरेको हुँ । नेताहरूमा आफूलाई तत्काल फाइदा हुने विषय छैन भने बच्चाको जस्तो सुन्ने शक्ति छोटो हुन्छ । यो प्रतिवेदन जुनसुकै बेला बाहिर त पक्कै आउँछ । अनि कुनै सरकारले यस्तै प्रतिवेदन बनाउने कार्यदल बनायो भने त्यो प्रतिवेदन अहिलेको भन्दा फरक आए कान काटिदिन्छु ।

कुन इगोले दिएन त यो प्रतिवेदन कार्यान्वयनमा ल्याउन ?

समस्या परराष्ट्र मन्त्रालयमै छ । इगोको कुरा होइन, उद्देश्य नभएको हो । इगो त मान्छे जति ठूलो हुँदै गयो, त्यति बढ्दै जाला । तर उद्देश्य र चाहनाका कुरा महत्त्वपूर्ण हुन्छन् । बरु प्रतिवेदन हेरेर यो-यो कारण काम लाग्दैन भन्दा खुसी हुन्छु । तर शक्ति संरचनामा आएको परिवर्तनसँगै प्रतिवेदन कार्यान्वयनमा समस्या आउनु राजनीतिक अपरिपक्वता हो ।

सरकारले प्रतिवेदन कार्यान्वयन गर्ला भन्ने आशा छ ?

यो प्रतिवेदन कार्यान्वयन होस्-नहोस्, त्यो बेग्लै कुरा । कार्यान्वयन भए प्रतिवेदन बनाउनेलाई नभई देशलाई नै फाइदा छ । कार्यान्वयन भएन भने परराष्ट्र मन्त्रालय क्षयीकरणमा जान्छ । उद्धवदेव भट्ट नेतृत्वको सन् १९९६ टास्कफोर्समा पनि थिएँ । त्यतिबेला आर्थिक कूटनीतिको कुरा ल्याइयो । त्यो बेला पनि निकै मिहिनेत गरेर प्रतिवेदन बनाइयो । उक्त प्रतिवेदन त्यतिबेला परराष्ट्रमन्त्रीले परराष्ट्र मन्त्रालयलाई दिएर भुल गर्नुभयो । प्रतिवेदन हेरेर कार्यान्वयन गर्नू भन्नुभयो । परराष्ट्र मन्त्रालयले गुलियोजति खायो, तीतोजति खाएन । तीतोमा बढी फाइदा हुन्थ्यो । त्यही देखेर अहिलेको प्रतिवेदनमा एनेक्समा फलानो काम यसरी गर्ने भनेर सुझाएका छौँ ।

परराष्ट्रमन्त्रीसँग केही कुरा भएको छैन ?

म सोध्न जाने कुरा भएन । उहाँहरूले सोध्नुभएको छैन ।

अन्तर्वार्ताको पूर्णपाठ : nepalmag.com.np

ग्यास च्याम्बर बन्दैछ काठमाडौँ

यम बम

२० वर्ष नाघिसक्यो, 'स्वच्छ, सफा, हराभरा काठमाडौँ' नारा सुनेको । यी दुई दशकमा देशको व्यवस्था बदलिइसक्यो, संविधान नयाँ आयो । तर संघीय राजधानीको दशा भने झन-झन् गए-गुज्रिँदो हालतमा पुगेको छ । लाग्छ, भएको प्रकृति मासेर हामी जानीजानी धुवाँधुलोको जंगलमा हराउने बानी पार्दै गएका छौँ । देशको झन्डै एक चौथाइ जनसंख्या प्रदूषणले यसरी नै निस्सासिन बाध्य छ ।

'दिल्ली दूर नहीँ' भनेझैँ छिमेकी भारतीय राजधानीको दिनचर्याले हामीलाई छिट्टै छोइहाल्छ । पछिल्ला वर्षमा चरम वायु प्रदूषण झेलिरहेको छ, नयाँ दिल्लीले । खासगरी हिउँदका बेला 'ग्यास च्याम्बर' को उपमा पाउने गरेको दिल्लीको यस्तै खबरले काठमाडौँ पनि झस्किन पुग्यो । झस्किनु स्वाभाविक पनि थियो किनकि २० कात्तिकमा सार्वजनिक एक अध्ययन प्रतिवेदनले काठमाडौँलाई संसारका प्रदूषित सात राजधानीभित्र समेटेको थियो ।

युरोपेली संस्था आईक्यु एयरले सूचीकृत गरेका धेरै प्रदूषित राजधानीमध्ये चार सहर एसियाकै छन् । अध्ययन प्रतिवेदनमा पहिलो नम्बरमा नयाँ दिल्ली छ भने सातौँमा काठमाडौँ । समग्र देशकै प्रदूषणका दृष्टिले भने बंगलादेश अघि देखियो । यो अध्ययन वार्षिक औसत (पार्टिकुलेट्स म्याटर) पीएम-२.५ का आधारमा गरिएको थियो ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को वायु गुणस्तर मापदण्डअनुसार २४ घन्टामा प्रतिघनमिटर हावामा रौँभन्दा झन्डै तीन गुणासम्म मसिना प्रदूषित कण पीएम-२.५ को मात्रा २५ माइक्रोग्रामभन्दा बढी हुनु हुँदैन । तर यो मापदण्ड मुलुकहरूले आ-आफ्नै ढंगले कायम गरेका छन् । नेपालले यो सूचकांकलाई ४० माइक्रोग्राम तय गरेको छ । यी कण नाक र मुखबाट सीधै फोक्सोमा जाने भएकाले स्वास्थ्यका लागि हानिकारक मानिन्छन् ।

कचौरा आकारको काठमाडौँ उपत्यकाको प्रदूषण नियन्त्रणमा आउन नसकिरहेका बेला मुलुकका अन्य क्षेत्रको अवस्था झन् भयावह बन्दै गएको देखिन्छ । प्रदूषितमध्ये अग्रस्थानमा पर्न जान्छ, लुम्बिनी क्षेत्र । वातावरण विभागले ०७३ को वायु गुणस्तरको तथ्यांकलाई वार्षिक औसतमा विश्लेषण गर्दा लुम्बिनीमा पीएम-२.५ को मात्रा ५२.५२ देखिन्छ भने उपत्यकामध्ये सबैभन्दा बढी प्रदूषण मापन भएको रत्नपार्कमा ४०.३२ । यसरी हेर्दा लुम्बिनीमा ३ सय १० दिन वायुको गुणस्तरको तथ्यांक प्राप्त भएकामा १ सय ५८ दिन राष्ट्रिय मापदण्डभन्दा बाहिर (प्रदूषित हावा) देखिन्छ भने रत्नपार्कमा ३ सय १८ दिनको तथ्यांकमा १ सय १९ दिन मापदण्ड नाघेको छ ।

वातावरण विभागका सिनियर डिभिजनल रसायनविज्ञ शंकरप्रसाद पौडेल काठमाडौँमा धुलोको कणमिश्रित प्रदूषण बढी देखिने गरेकामा लुम्बिनीलगायत तराई क्षेत्रमा धुलोको कणसँगै उद्योगबाट निस्केको धुवाँको मात्रा बढी हुने गरेको बताउँछन् । भन्छन्, "हावामा सडकको धुलोको कण मात्र नभई तीभन्दा झनै मसिना कण हुन्छन् ।" उत्सर्जित नाइट्रोजन अक्साइड, कार्बन मनोअक्साइड, सल्फरडाई अक्साइड, नाइट्रेड सल्फेट, एमोनिया, धातुका टुक्रा, कार्बन तथा धातु हावामा धुलोधुवाँको कणमा मिसिँदा वायुमण्डल नै प्रदूषित हुन्छ ।

पीएम-१० को तथ्यांक हेर्दा लुम्बिनीभन्दा काठमाडौँमा बढी देखाउँछ । सरकारले तोकेको मापदण्डअनुसार पीएम-१० को मात्रा २४ घन्टामा १ सय २० नाघ्नु हुँदैन । तर पीएम-१० को मात्रा १ सय ५१ माइक्रोग्राम प्रतिघनमिटरसम्म पुग्ने गरेको छ । ०७३ मा रत्नपार्कमा पीएम-१० को वार्षिक औसतमा ९१.४९ देखिँदा पुल्चोकमा ७७.८८ र लुम्बिनीमा ७१.५९ देखिन्छ । पीएम-१० को आकार पीएम २.५ भन्दा चार गुणा ठूलो हुन्छ ।

वायु प्रदूषण : झन् भयावह

सुक्खा र वर्षायामको तुलनामा हिउँदमा बढी प्रदूषण हुन्छ । हिउँदमा घाम कम लाग्ने, तापक्रम न्यून हुने र तुँवालो लाग्ने भएकाले प्रदूषित हावा सतहमै रहन्छ, फलतः प्रदूषणको मात्रा झन् बढ्ने गर्छ । हिउँदमा वायुमण्डलमा 'ब्राउन क्लाउड' भनिने प्रदूषणको एउटा तह बनेर त्यसले सूर्यका किरण छेक्ने गर्छ ।

पछिल्लो २० दिन (२३ कात्तिकदेखि १२ मंसिरसम्म) को पीएम २.५ को आधारमा वायु प्रदूषणको विश्लेषण गर्दा सबैभन्दा बढी प्रदूषितमा नेपालगन्ज देखिन्छ । दोस्रो नम्बरमा

राजधानीको धुलोमा धातु, झन्डै एक चौथाइ जनताको स्वास्थ्य जोखिममा

काठमाडौँको रत्नपार्क स्टेसन छ । वातावरण विभागकै वार्षिक विश्लेषणबाट प्रदूषितमा 'कुख्याति' कमाइरहेको लुम्बिनीको स्टेसन 'अपडेट' नहुँदा तथ्यांक पाउन सकिएन ।

गणना गरिएको २० दिनको तथ्यांकलाई २४ घन्टाको औसतमा हेर्दा नेपालगन्ज र रत्नपार्कको प्रदूषणको मात्रा राष्ट्रिय मापदण्डभन्दा अधिक देखिन्छ । पीएम २.५ को सूचक २४ घन्टाको औसतमा हेर्दा ८ मंसिरमा नेपालगन्जमा सबैभन्दा बढी १ सय २४ पुगेको छ । ११ मंसिरको मापन हेर्दा रत्नपार्क स्टेसनमा औसतमा सबैभन्दा बढी ९९.४८ पुगेको तथ्यांक छ । २० दिनमध्ये १६ दिनको वायु राष्ट्रिय मापदण्डभन्दा बाहिर रहेको सौराहामा २४ घन्टाको औसत हेर्दा ३ मंसिरमा १०९.११ पुगेको थियो ।

उपत्यकामा ९ वटा स्टेसन रहेकामा तुलनात्मक रूपमा शंखपार्कमा कम प्रदूषण छ। यद्यपि पूरै स्वस्थकर भने छैन।१९ दिनमा २ दिनको वायु राष्ट्रिय मापदण्डभन्दा बाहिरै छ। २९ कात्तिकमा भक्तपुरको स्टेसनमा २४ घन्टाको औसतमा पीएम-२.५ को सूचक ६५.३९ रहेकामा १२ मंसिरमा ८७ नाघेको थियो । अर्थात्, भक्तपुर क्षेत्रमा रहेका इँटाभट्टा चल्न सुरु भएसँगै प्रदूषण उकालो लागेको देखिन्छ।

वायु प्रदूषणको विश्लेषण गर्दै आएको लिडर्स नेपालका महासचिव धीरज पोखेल भन्छन्, "उपत्यका त्यसै पनि बाह्रै महिना प्रदूषित रहन्छ, त्यसैमा हिउँदयाममा इँटाभट्टा चल्दा झन् प्रदूषण बढ्ने गर्छ ।" सर्वोच्च

आवरणसहित तस्बिरहरू : सरोज बैजू

उफ्, धूलो !
मूलपानीस्थित धुलाम्मे सडकमा बच्चासहित मुख छोपेर हिँडिरहेकी महिला

प्रदूषणका कारण लागेको दीर्घखाले रुघाखोकीको उपचार गराउँदै बीपी स्मृति अस्पताल, बसुन्धरामा नेपालटारका रामहरि महर्जन

अदालतले ०६३ मा बस्ती, वनजंगल, होमस्टे, स्मारक, पार्कनजिक रहेका इँटाभट्टा तत्काल हटाउन सरकारको नाममा परमादेश जारी गरे पनि कार्यान्वयन भएको छैन ।

पोखरा, झुम्का र सिमराको वायु तुलनात्मक रूपमा कम प्रदूषित देखिन्छ । २० दिने अवधिमा ती स्टेसनमा २४ घन्टाको औसतमा पीएम-२ क्रमशः ४३, ६१, ५३ सूचक नाघेको छैन । तर दाङ, सौराहाको प्रदूषण झन् बढिरहेको देखिन्छ । दाङमा औसतमा ९ मंसिरमा सबैभन्दा बढी ७३.१२ पुगेको छ । *(हेर्नुस्, इन्फोग्राफ)*

वातावरण विभागले गत वर्ष दाङ, नवलपरासी र धादिङमा रहेका सिमेन्ट उद्योगको अध्ययन गर्दा 'ती क्षेत्रमा धुलाको मुख्य स्रोत सिमेन्ट उद्योग, ढुवानीका सवारीसाधन र सडक' लाई औँल्याएको थियो । मंसिर आधा बितिसक्दा तराई विशेषगरी नेपालगन्जभन्दा काठमाडौं उपत्यका र धुलिखेलको प्रदूषण कम देखिन्छ । तर उपत्यकाको प्रदूषणको सीधा असर धुलिखेल पर्ने भएकाले त्यहाँ अहिले तुलनात्मक रूपमा कम प्रदूषण भए पनि पुस-माघमा बढ्ने गरेको तथ्यांकले देखाउँछ । कात्तिक अन्तिमतिर नेपालगन्जसहित तराई क्षेत्रमा बढी प्रदूषण देखिएकामा पछिल्लो समय काठमाडौँमा बढिरहेको छ ।

रसायनविज्ञ पौडेल भन्छन्, "उपत्यकामा तापक्रम घट्नुका साथै घाम मधुरो हुन थालेपछि प्रदूषण झन बढ्छ, घाम लागेर वायु तातेपछि साँगा हुँदै बाहिर निस्कने भएकाले त्यसको असर धुलिखेलसम्म पर्छ ।" पौडेलले भनेझैं १२ मंसिरमा नेपालगन्जको वायु प्रदूषण औसतमा पीएम-३०.२९ मा झरेकामा रत्नपार्कमा बढेर ८०.३४ पुगेको थियो । १३ मंसिरको अधिकतम हेर्दा मध्याह्न १२ बजे भैँसेपाटीको पीएम-२ को सूचकांक ३२९, भक्तपुरको १८३, रत्नपार्कको १३१ र सौराहाको १०८ पुगेको थियो । यस्तो सूचक २०१ नाघ्नुलाई धेरै अस्वस्थकर मानिन्छ भने १ सय ५१ देखि २ सयसम्मलाई अस्वस्थकर तथा १ सय १ देखि १ सय ५० सम्मलाई विशेष समूह (बालबालिका र वृद्धवृद्धा) का निम्ति अस्वस्थकर मानिन्छ ।

०७३, ०७४ र ०७५ मा १५ पुसदेखि १५ माघको प्रदूषणको पीएम-२.५ विश्लेषण गर्दा रत्नपार्क लुम्बिनीपछि दोस्रो नम्बरमा देखिन्छ । ०७३ मा लुम्बिनीमा २६ मध्ये २१ दिनको वायु मापदण्डबाहिर रहेकामा ०७५ को सोही समयावधिमा हेर्दा ३१ दिन नै प्रदूषित देखिन्छ ।

त्रिवि भौतिकशास्त्र केन्द्रीय विभागअन्तर्गत नेसनल एट्मस्फेरिक रिसोर्स एन्ड इन्भाइरोमेन्टल रिसर्च ल्याबोरेटोरी (नारेल) को अध्ययनले उपत्यकाको केन्द्र भागमा उत्सर्जन अधिक देखाएको छ । धरहरा क्षेत्रलाई केन्द्रबिन्दु मानेर गरिएको अध्ययनमा नाइट्रोजन अक्साइड, सल्फर अक्साइड, कार्बन मोनोअक्साइड र टोटल सस्पेन्डेड पार्टिकुलेट्स (टीएसपी) प्रतिदिन क्रमशः ३३.९०, १८.७४, ६५६.२६ र १२६.०१ मेट्रिक टन उत्सर्जन भइरहेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

काठमाडौँमा धुलो मानव स्वास्थ्यका लागि हानिकारक रहेको तथ्य नेपाल विज्ञान प्रविधि तथा प्रज्ञा प्रतिष्ठान (नास्ट) को अध्ययनले देखाउँछ । नास्टले गत जेठमा २७ किलोमिटरको चक्रपथको ४० स्थानबाट धुलोको नमुना संकलन गरी परीक्षण गर्दा क्यान्सरसमेत निम्त्याउने धातु फेला परेको हो । प्रतिग्राम धुलोमा औसतमा फलाम, जिंक, सिसा, निकेल र तामा क्रमशः ४१३०, १२९, २०, १०.५ र ६.१ माइक्रोग्राम पाइएको अध्ययनको नेतृत्व गरेका नास्टका वरिष्ठ वैज्ञानिक अधिकृत भोजराज पन्त बताउँछन् ।

चिकित्सकको भनाइमा सिसा, निकेल, तामाजस्ता धातु क्यान्सरजन्य पदार्थ हुन् । श्वास नलीमा थिग्रिँदै गए क्यान्सरजन्य रोग लाग्ने जोखिम हुन्छ तर ती धातुको परिमाणले पनि फरक पार्छ ।

जानकारका भनाइमा नेपालगन्ज, लुम्बिनीसहित तराईका सीमावर्ती सहरमा प्रदूषण बढ्नुमा भारतको उत्तरप्रदेश र बिहार राज्यमा रहेका इँटाभट्टा जिम्मेवार छन् । मनसुनपछि हावा पश्चिमबाट पूर्व चल्ने भएकाले दिल्लीमा प्रदूषण उच्च हुँदा त्यसको बाछिटा तराई क्षेत्रमा पर्ने बताइए पनि सरकारी अध्ययन भएको पाइँदैन । त्यसबाहेक तराई क्षेत्रमा रहेका उद्योग, सवारीसाधन पनि जिम्मेवार हुन् । वातावरण निरीक्षक गोविन्दप्रसाद लामिछाने भन्छन्, "पहिले काठमाडौँको प्रदूषणको बढी चर्चा हुन्थ्यो, लुम्बिनीमा स्टेसन राख्दा त्यहाँ पनि बढी देखियो । अहिले नेपालगन्जमा पनि उस्तै छ । यसरी हेर्दा तराईका सहर प्रदूषणबाट अछुतो छैनन् भन्न सकिने आधार छ ।"

खतरामा जनस्वास्थ्य

वायु प्रदूषणका कारण नेपालसहित दक्षिण एसियाका बंगलादेश, भारत र पाकिस्तानका बालबालिकाको औसत आयु ३० महिनासम्मका दरले घट्न सक्ने तथ्यसहितको अध्ययन सार्वजनिक भयो, ०७५ चैतमा ।

अमेरिकाको हेल्थ इफेक्ट्स इन्स्टिच्युटको 'ग्लोबल एअर' अध्ययन प्रतिवेदनअनुसार घरबाहिर रहँदा सवारीसाधन र उद्योगबाट निस्कने दूषित हावा तथा घरभित्र भएका बेला खाना पकाउँदा र आगो ताप्दा उत्सर्जन हुने धुवाँका कारण आयु घटिरहेको हो । अबको खतराको रूपमा पीएम-२.५ लाई लिइएकामा त्यसले फोक्सो, मुटु रोग र क्यान्सर हुने सम्भावना बढ्ने उल्लेख भएको अध्ययनमा भनिएको छ, 'दक्षिण एसियामा वायु प्रदूषण रोके मानिसको औसत आयु बढाउन क्यान्सर निको पार्न सकिएजस्तै लाभ हुनेछ ।'

वायु प्रदूषणको सिकार बालबालिका,

रोगप्रतिरोधात्मक क्षमता कमजोर भएका युवा र रोगप्रतिरोधात्मक क्षमतामा ह्रास आइसकेका वृद्धवृद्धा हुने गर्छन् । त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालका सहप्राध्यापक, छाती रोग विशेषज्ञ डा नीरज बमका भनाइमा पीएम-२.५ मा क्यान्सरजन्य रसायनसमेत मिसिएका हुन्छन्, ती कण श्वासप्रश्वास नलीको भित्तामा जम्मा हुन्छन् । भन्छन्, “फलतः दीर्घकालीन दम, ब्रोङ्कियल आज्मा, ब्रोङकाइटिस्टजस्ता रोग लाग्नुका साथै मुटु रोग बढ्ने, क्यान्सरको खतरासमेत रहन्छ ।”

स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) को अध्ययनअनुसार धुलोधुवाँले मुटुको समस्या, खोकी, रुघा तथा घाँटीको खसखस, दमजस्ता समस्या बढी गराउँछ । ०७३ को प्रतिवेदनअनुसार फोक्सो र श्वासप्रश्वाससम्बन्धी रोगमध्ये ३९ दशमलव ४ प्रतिशत प्रदूषित हावा कारक भएको उल्लेख छ । अध्ययनअनुसार उपत्यकामा निमोनियाका २९ दशमलव १ प्रतिशत, श्वासप्रश्वाससम्बन्धी गम्भीर रोगका १५ दशमलव ३ प्रतिशत, दमका ४ दशमलव ८ प्रतिशत र ब्रोनकाइटिसका ४ दशमलव ८ प्रतिशत बिरामीको मुख्य कारण दूषित हावा देखिएको थियो । परिषद्ले ५ महिना (सन् २०१८ को जनवरीदेखि मे) सम्म गरेको अर्को अध्ययनले काठमाडौँ, ललितपुर र भक्तपुरमा मात्रै क्यान्सरका ७ सय २ जना नयाँ बिरामी फेला पारेको थियो ।

नेपालमा औसतमा १ लाखमध्ये ३५ हजारको मृत्युको कारण वायु प्रदूषण रहेको तथ्यांक डब्ल्युएचओको छ । वातावरणीय स्वास्थ्यविज्ञ यादवप्रसाद जोशी भन्छन्, “धुलोको कण धुवाँको तुलनामा ठूला हुन्छन् । धुवाँको प्रदूषणले गर्भवती र गर्भमा रहेको शिशुको वृद्धिमा समेत नकारात्मक असर पार्छ ।” त्यसबाहेक विद्युतीय प्रदूषण बाल्दा निस्कने धुवाँ र रसायनले स्वास्थ्यमा दीर्घकालीन र गम्भीर असर पार्ने गर्छ ।

वायु प्रदूषणको सीधा असर निम्न र मध्यम आय भएका वर्गमा पर्छ । डब्ल्युएचओले गत वर्ष जारी गरेको अध्ययनअनुसार निम्न र मध्यम आय भएका देशमा ५ वर्षमुनिका ९८ प्रतिशत र उच्च आय भएका देशका ५२ प्रतिशत बालबालिका वायु प्रदूषणको सिकार बनिरहेका छन् ।

प्रदूषणको बढी मारमा बालबालिका र वृद्धवृद्धा हुन्छन् नै, त्यसमा पनि फोहोरमैला व्यवस्थापन, इँटाभट्टालगायत धुवाँ निष्कासन गर्ने उद्योगमा काम गर्ने मजदुर, फुटपाथमा सामान बचेर गुजारा चलाउनेहरूको स्वास्थ्य अझ जोखिममा हुन्छ । चिकित्सक बम भन्छन्, “प्रदूषित सहरमा बस्ने मान्छे धुमपान गर्ने जत्तिकै जोखिममा हुन्छ । घरबाहिरभन्दा घरभित्रको प्रदूषित हावा झन् खतरनाक हुन्छ ।”

दिनभर सडकमा खटिने ट्राफिक प्रहरी प्रदूषणको सिकार बन्ने गरेका छन् । ट्राफिक प्रहरी दिनभर सडकमा उभिँदा धुलोधुवाँका

२३ कात्तिकदेखि १२ मंसिरसम्म ०७६

वायु प्रदूषणको विश्लेषण

पीएम-२.५ सूचकांकमा

● वायु मापनको तथ्यांक दिनमा
● मापदण्डभन्दा बढी प्रदूषित दिन

रत्नपार्क	२०	२०
पुल्चोक	१०	२०
भैँसेपाटी	१६	१९
शंखपार्क	२	१९
भक्तपुर	१४	१४
धुलिखेल	९	१६
सौराहा	१६	२०
पोखरा	२	६
नेपालगन्ज	२०	२०
दाङ	१४	२०
सिमरा	९	२०
झुम्का	९	१८
धनकुटा	८	८

प्रदूषण शुल्कबापत

संकलित रकम

रकम रु करोडमा

०७६/७७ (असोजसम्म)	७१.५८
०७५/७६	१३३
०७४/७५	१०३
०७३/७४	८५.२०
०७२/७३	५१.६६
०७१/७२	५९.११
०७०/७१	५३.१०
०६९/७०	४६.९८
०६८/६९	४२.४६
०६७/६८	४२.८
०६६/६७ (असोजसम्म)	३८.५८

पीएम-१० को सूचकांकका आधारमा उपत्यकामा

प्रदूषणको स्रोत

चिसो हावा हलचल नगरी बस्छ

– प्रा रामप्रसाद रेग्मी

वायु प्रदूषणको समस्या मुख्यतया प्रतिकूल वायुमण्डलीय अवस्थिति र अवाञ्छित प्रदूषणजन्य स्रोतको उपस्थितिका कारण निम्तिन्छ। काठमाडौँमा पनि तिनै दुई कारण देखिन्छन्। वायुमण्डलीय अवस्थितिले उक्त क्षेत्रको वायु प्रदूषण वहन क्षमता निर्धारण गर्छ, जुन हाम्रो अधीनभन्दा बाहिरको विषय हो। तर त्यो क्षमता यकिन गरी सन्तृप्त हुन नदिन प्रदूषणजन्य स्रोतको उपस्थिति, उत्सर्जनको मात्रा र सञ्चालनका परिधि निर्धारण गरी कार्यान्वयन गर्न सके वायु प्रदूषणलाई काबुमा राख्न सम्भव हुन्छ।

काठमाडौँ उपत्यकाको वायुमण्डलीय अवस्थिति वायु प्रदूषणका दृष्टिले अन्य याममा भन्दा हिउँदमा अत्यन्त प्रतिकूल रहन्छ। वायु उडेर जाने-नजानेमा सापेक्षित आद्रतामा निर्भर रहन्छ। यद्यपि हावा चलेमा उडाएर लैजान्छ। जसरी पोखरीको पानी हलचल नगरी बस्छ, त्यसरी नै राती काठमाडौँमा चिसो हावा जम्मा हुन्छ, हलचल नगरी बस्छ। नागढुंगा, भीमढुंगा, मुड्कुभञ्ज्याङ र दक्षिणतर्फ बागमती किनारबाट आउने हावाले उपत्यकाको प्रदूषित हावा उडाएर नगरकोट र साँगा हुँदै बाहिर निकाल्छ। चोभारबाट आउने पातलो हावा चिसो हुन्छ। तर थानकोट क्षेत्रबाट आउने तातो हावा भैँसेपाटी, महाराजगन्ज लाइनमा जम्प गरेर माथि उठ्छ।

यसरी चिसो हावा तल र तातो हावा माथि भइदिँदा स्पर्श हुन पाउँदैन। प्रदूषित हावा लामो समयसम्म बाहिर निस्कन पाउँदैन। उपत्यका घेर्ने डाँडाको ठीकमाथि स्थिर किसिमको वायुमण्डलीय सतह बन्ने गर्छ। त्यसले उपत्यकामा बिर्को लगाएजस्तै गरी प्रदूषण आकाशतिर फिँजिएर जाने प्रक्रियालाई रोकिदिन्छ। त्यस्तो अवस्थामा उत्सर्जित वायु प्रदूषण उपत्यकाभित्र जम्मा हुन थाल्छ। काठमाडौँ उपत्यका कचौरा आकारमा छ। त्यसैले यहाँ उत्सर्जन भएको प्रदूषण पनि बाहिर निस्कन पाउँदैन, घाम नलागुन्जेल। र, उपत्यकाको वायुमण्डलीयमा रहन्छ।

वातावरण विभाग र त्रिभुवन विश्वविद्यालयको भौतिकशास्त्र केन्द्रीय विभागअन्तर्गत नेसनल एट्मस्फेरिक रिसोर्स एन्ड इन्भाइरोमेन्टल रिसर्च ल्याबोरेटोरी (नारेल) को सहकार्यमा 'काठमाडौँ उपत्यका तथा लुम्बिनी क्षेत्रमा उत्सर्जित वायु प्रदूषण डिस्पर्सन मोडेलिङ एवं नियन्त्रण पद्धति विकास' सम्बन्धी अनुसन्धान गरिएकामा उपत्यकामा हिउँदमा हावा नतातुन्जेल जमिनबाट २ सय ५० देखि ३ सय मिटरभन्दा माथि उठ्न नसक्ने देखाएको छ। यो अवधि बेलुका ६ बजेदेखि बिहान ८-९ बजेसम्म रहन्छ। हिउँदमा यहाँका इँटाभट्टालगायत कलकारखाना बढी चल्ने भएकाले पनि बढी प्रदूषण हुन्छ। नौबिसे र हेटौँडामा सञ्चालित सिमेन्ट उद्योगबाट उत्सर्जित प्रदूषण काठमाडौँ उपत्यकामा पस्ने गरेको नारेलकै अध्ययनले देखाएको छ। लुम्बिनीमा प्रदूषणको मुख्य कारण त्यस क्षेत्रमा सञ्चालित सिमेन्ट र इँटा उद्योग हुन्। बेलुकादेखि बिहान अबेरसम्म उत्सर्जित प्रदूषण लुम्बिनी-भैरहवालगायत क्षेत्रमा रुमल्लिएर बस्ने गर्छ। र, मध्याहनपछि उत्तर तथा पूर्वतिर फैलिएर जाने गरेको पाइन्छ।

(नारेलका प्रमुख अनुसन्धानकर्ता रेग्मीसँग कुराकानीमा आधारित)

कारण घाँटी दुःख्ने, खोकी लाग्ने, टाउको दुख्ने, श्वासप्रश्वासजस्ता समस्या हुने गरेको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता रविकुमार पौडेल बताउँछन्। धुलोधुवाँबाट यात्रु/बटुवा पनि अछुतो छैनन्। प्रदूषणको असर मानव स्वास्थ्यसँगै जीवजन्तु, सहरी सौन्दर्य, ऐतिहासिक सम्पदामा पनि पर्ने गरेको देखिने गरेको छ। सवारीसाधनको बढी चाप हुने क्षेत्रमा धुलोसँगै धुवाँ बढी हुने गर्छ।

वातावरण विभाग टुलुटुलु

काठमाडौँ उपत्यकामा धुलोधुवाँका कारण वायु प्रदूषण अधिक मात्रामा बढेपछि ५ माघ ०७३ मा राष्ट्रिय योजना आयोगले उपत्यकाको वायु प्रदूषण नियन्त्रण कार्ययोजना बनाउन

विकास कि विनास : चक्रपथ दोस्रो खण्ड विस्तारका क्रममा काटिएका रुख

वातावरण विभागका तत्कालीन महानिर्देशक दुर्गाप्रसाद दुवाडीको संयोजकत्वमा कार्यदल बनायो। कार्यदलले वायु प्रदूषण नियन्त्रण कार्ययोजनासमेत पेस गर्‍यो। तर त्यसयता ४ महानिर्देशक फेरिँदा पनि थन्किएको कार्ययोजना अहिले वन तथा वातावरण मन्त्रालयमा पेस भएको छ। विभागकी महानिर्देशक आभा श्रेष्ठ कर्ण भन्छिन्, "मन्त्रालयबाट स्वीकृत भएसँगै कार्यान्वयनमा जान्छौँ।" कार्ययोजनामा यातायात क्षेत्र र निर्माण गतिविधिबाट हुने वायु प्रदूषण न्यूनीकरणलाई विशेष प्राथमिकता दिने उल्लेख छ।

वातावरण संरक्षण र प्रदूषण नियन्त्रणको तालुक निकाय वातावरण विभाग भए पनि आफैँमा 'निरीह' छ। प्रदूषण गर्ने, गराउनेलाई कारबाहीको व्यवस्था भए पनि विभागलाई अनुगमन गरेर वन तथा वातावरण मन्त्रालयमा सिफारिस गर्नुबाहेक अधिकार छैन, मन्त्रालयलाई फाइल हेर्ने 'फुर्सद' हुँदैन। ०७५ मा विभागको महानिर्देशक रहेका झलकराम अधिकारी 'आफूहरूलाई कारबाहीको अधिकार नभएको र निर्देशनात्मक आदेश दिन सक्ने खालको शक्तिशाली निकाय नहुँदा वातावरणका मुद्दाको व्यवस्थापन हुन नसकेको' धारणा राखेपछि त्यसको केही महिनामै सरुवामा परेका थिए।

संविधानको धारा ३० (१) मा 'प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ' भनिएको छ। सोही धाराको (२) मा 'वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ' उल्लेख छ।

सोही मर्मअनुसार वातावरण संरक्षण ऐन, ०७६ जारी भइसकेको छ। नागरिकले न स्वच्छ वातावरणमा बाँच्न पाएका छन्,

GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491
url: www.golchhagroup.com.np www.facebook.com/pulsarnepal

Watch pulsar DARE VENTURE IV™
Every Saturday 9PM – 10PM only on AP1 HD

For more information about your nearest dealer please contact .

Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

बुद्धस्थल नै प्रदूषणको सिकार

■ मनोज पौडेल/लुम्बिनी

एक साताका लागि लुम्बिनी घुम्न आएका जर्मन पर्यटक वेर्न्ड भोइगटेइन्डर दुई दिनमै फर्किए । ६ जनाको समूहमा आएका उनी फर्कनुअघि भन्दै थिए, "अत्यधिक प्रदूषणले बिरामी पर्न थालेपछि फर्किएँ ।"

जापानको नागोयाबाट लुम्बिनी घुम्न आएका टासीबाना केसुईले कपडामा लागेको धुलो टकटकाउँदै भने, "श्वास लिनै सकस भयो ।" जापानमा मजदुरलाई वर्षको एक पटक १० दिनको 'गोल्डेन होली डे प्याकेज' प्रदान गरिन्छ । त्यही प्याकेजअन्तर्गत नेपालको आईटिनरी बनाएर उनी लुम्बिनी पुगेका थिए । "अन्य साथी विभिन्न मुलुक गए । म लुम्बिनीमा शान्तिको ऊर्जा सञ्चय गर्न आएको हुँ," सोचेभन्दा ठीक उल्टो पाएपछि उनी भन्छन्, "धुलो र धुवाँले बिरामी पर्न थालेपछि बसाइ छोट्याएर फर्कंदै छु ।"

भैरहवा-लुम्बिनी-तौलिहवा सडक खण्ड निर्माण भइरहेकाले धुलोको सास्ती खेप्नु परेको छ । अर्कोतर्फ लुम्बिनी भैरहवा खण्डमा सञ्चालित उद्योगबाट निस्कने धुवाँ र फोहोरका कारण विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी अत्यधिक प्रदूषणको चपेटामा छ । तर नियन्त्रण प्रयास शून्य छ । सिद्धार्थ होटल व्यवसायी एसोसिएसन लुम्बिनीका महासचिव लीलामणि शर्मा भन्छन्, "प्रदूषणका कारण पर्यटकको बसाइ छोट्टिन थालेको छ । यसले लुम्बिनीबारे नराम्रो सन्देश गइरहेको छ ।"

अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयुसीएन) र संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) ले २०१३ मा गरेको एउटा अध्ययनमा लुम्बिनी प्रदूषणको सवालमा खतरनाक स्तरमा पुगेको उल्लेख छ । रिपोर्टमा भनिएको छ, 'संरक्षित क्षेत्र लुम्बिनीमा कार्बन उत्सर्जन गर्ने उद्योगधन्दाको व्यापक वृद्धिले अनेकौं समस्या पैदा हुने डर छ । यसले यस क्षेत्रको जैविक विविधता, स्थानीय जनताको स्वास्थ्यसँग जोडिएका समस्या र पुरातात्त्विक सम्पदालाई नोक्सान पुग्नुका साथै सामाजिक र सांस्कृतिक मूल्यमा नराम्ररी गिरावट आउन सक्ने सम्भावना छ ।'

वातावरण विभागले काठमाडौंभन्दा डेढ गुणा बढी प्रदूषित लुम्बिनीमा ०७४ मा अध्ययन गर्दा तीव्र औद्योगिकीकरण, भारतीय सीमाबाट बहने प्रदूषित वायु प्रदूषण र लुम्बिनी आसपासमा बढी मात्रामा रहेका सिमेन्ट उद्योगलाई कारकका रूपमा औँल्याएको थियो । लुम्बिनीको प्रदूषणको कारणबारे अध्ययनको नेतृत्व

न त प्रदूषकलाई क्षतिपूर्ति भराउने व्यवस्था नै कार्यान्वयनमा आएको छ । अधिवक्ता पद्मबहादुर श्रेष्ठ भन्छन्, "हरेक नेपालीलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक भएकाले कुनै बहानामा पछाडि हट्न मिल्दैन । प्रदूषण नियन्त्रण गर्ने दायित्व राज्यको हो ।"

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता सिन्धु ढुंगाना भने प्रदूषकले क्षतिपूर्ति दिने प्रावधान वातावरण संरक्षण नियमावलीमा समेटिने बताउँछन् । राष्ट्रिय मानव अधिकार आयोगले ३० कात्तिक ०७५ मा 'वातावरण स्वच्छ राख्न १० बुँदे सिफारिससहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र लेखे पनि त्यसको सुनुवाइ भएन ।

गृहमन्त्री रामबहादुर थापा र वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत नै सवारीसाधनको प्रदूषण जाँच गर्न सडकमा निस्किए, २० जेठ ०७५ मा । सोही वर्ष सरकारले 'नेपाल स्वच्छ वातावरण महाअभियान-२०७५' घोषणा गर्दा सवारी प्रदूषण मापदण्डलाई पुनरावलोकन गरेर युरो-४ स्तरको मापदण्ड लागू गर्ने उल्लेख थियो । तर केही यातायात कम्पनीले युरो-४ मापदण्डका सवारीसाधन भित्र्याए पनि अझै पुराना र थोत्रा गाडी चलिरहेका छन् । ढुंगाना वृक्षारोपण अभियानलाई तीव्रता दिँदा अन्य कार्यक्रममा केही ढिलाइ भएको स्वीकार्छन् ।

यातायात व्यवस्था विभागका प्रवक्ता तीर्थराज खनाल सार्वजनिक यातायातमा सुधारका लागि काम भइरहेको र अब यातायात प्राधिकरण गठन गरेर सोहीअनुरूप अगाडि बढ्ने बताउँछन् । कतिसम्म भने सरकारले २० वर्ष पुराना सार्वजनिक सवारीसाधनमा रोक लगाए पनि व्यवहारमा कार्यान्वयन भएको छैन ।

उपत्यकाका डेढ सय बढी इँटाभट्टा रहेकामा हटाउने वा आधुनिकीकरण गर्ने बहस बेलाबेला चल्छ । तर यो विषय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत पर्छ, सरकारी निकायबीच समन्वय नै हुँदैन । जोशी भन्छन्, "हिउँदमा प्रदूषण बढे सबै तातेझैं गर्छन् तर हिउँद घर्केपछि योजना नै कार्यान्वयन हुँदैन ।"

बाग्मती कि ढलमती : राजधानीमा उचित ढल व्यवस्थापन नहुँदा फोहोर सीधै बाग्मतीमा मिसाइन्छ



काठमाडौं उपत्यकामा ९ र बाहिर १० गरी १९ वटा वायु गुणस्तर मापन केन्द्र छन् । तीमध्ये १४ वटा वातावरण विभागले राखे पनि बाँकी अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) तथा अमेरिकी दूतावासको सहयोगमा सञ्चालनमा छन् । त्रिभुवन विश्वविद्यालय हातामा रहेको मापन केन्द्रको ब्याट्री ०७४ मा चोरी भएपछि ठप्प छ ।

इसिमोडको अध्ययनअनुसार काठमाडौं उपत्यकामा १५ स्थानमा गरी मुलुकभर ५६ वटा वायु प्रदूषण मापन केन्द्र राख्नुपर्ने देखाएको थियो । त्यसयता सरकारले ०७३/७४ मा वायु गुणस्तर मापन केन्द्र स्थापनाका लागि २ करोड ५ लाख बजेट विनियोजन गरेको थियो । गत वर्ष मुलुकका मुख्य सहरमा वायु गुणस्तर मापन केन्द्र राख्ने भनिए पनि कार्यान्वयन भएन । आर्थिक वर्ष ०७६/७७ मा ७ स्थान (विराटनगर, चितवन, जनकपुर, हेटौंडा, रारा, धनगढी र महेन्द्रनगर) वायु प्रदूषण मापन केन्द्र राख्न १० करोड ५० लाख बजेट विनियोजन



लुम्बिनी गुरुयोजना क्षेत्रमा राखिएको प्रदूषण मापन केन्द्र

गरेका त्रिभुवन विश्वविद्यालयका प्रा रामप्रसाद रेग्मी लुम्बिनीको बढ्दो प्रदूषणमा त्यहाँका उद्योगबाट निस्कने धुलोधुँवाको हिस्सा ४८ प्रतिशत देखिएको बताउँछन्। घरायसी प्रयोजन निम्ति बालिने दाउरा, गुइँठाबाट हुने प्रदूषणको हिस्सा ३८ प्रतिशत छ।

लुम्बिनी प्रदूषित हुनुमा नजिकै सञ्चालित उद्योगबाट निस्कने धुवाँ र धुलोलाई मुख्य कारण मानिन्छ भने हिउँदको समय सीमावर्ती क्षेत्रमा रहेका इँटाभट्टाको धुवाँसमेत लुम्बिनी पुग्ने हुँदा त्यसले प्रदूषण बढाउने गरेको मानिन्छ। लुम्बिनीमा सञ्चालित सिमेन्ट उद्योगले लुम्बिनी, भैरहवा, बुटवल, बर्दघाटदेखि तानसेनसम्मलाई प्रत्यक्ष असर गरेको देखिन्छ।

सर्वोच्च अदालतले लुम्बिनी विकास कोष वरपर १५ किलोमिटर क्षेत्रमा उद्योग, कलकारखाना सञ्चालनमा रोक लगाउन अन्तिम आदेश जारी गर्‍यो, १५ असारमा। प्रदूषणका कारण लुम्बिनीको ऐतिहासिक, पुरातात्त्विक क्षेत्रमा प्रतिकूल असर परेको भन्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मासहितले दायर गरेको रिटमा माग गरिएको थियो, 'बढी कार्बन उत्सर्जन गर्ने उद्योग लुम्बिनीको १५ किमि दूरीभित्र खोल्न रोक लगाइयोस्।'

हुन त औद्योगिक प्रवर्द्धन बोर्डले मायादेवी मन्दिरदेखि १५ किलोमिटर एरियल दूरीमा उद्योग स्थापना गर्न रोक लगाएको थियो, ०६६/६७ मा । औद्योगिक प्रवर्द्धन बोर्डको १९० औँ बैठकले उद्योग विस्तार र पुँजी वृद्धि गर्न पनि नपाउने व्यवस्था गरेको थियो। तर उद्योग खुल्ने क्रम रोकिएन। लुम्बिनीस्थित चिनियाँ बौद्ध बिहारका प्रमुख सी चुङ युङ सर्वोच्चको आदेश कार्यान्वयन नहुनु विडम्बना ठान्छन्। भन्छन्, "धेरै चिनियाँ उपासक–उपासिका प्रदूषणकै कारण लुम्बिनी बस्न गाह्रो मान्थे। सर्वोच्चको आदेशसँगै प्रदूषण हट्ने ठानेका थियौँ तर अवस्था उस्तै छ।"

पश्चिमाञ्चल सिमेन्ट उद्योग संघका सचिव विदुर ढुंगाना स्थापित उद्योगमा ७० अर्बभन्दा बढी लगानी भइसकेकाले अब 'कुनै पनि निर्णयको दूरगामी असर केलाउनु जरुरी हुने' ठान्छन्। एक दशकअघि लुम्बिनी आसपास भैरहवा–लुम्बिनी सडक खण्डसँगै उद्योग, कारखाना खुल्न थालेपछि यस क्षेत्रमा प्रदूषणको मुद्दा उठेको हो। ३ वर्षयता भैरहवा–तौलिहवा सडक स्तरोन्नतिका कारण धुलाम्य छ। प्रदेशसभा सदस्य फकरुद्दिन खान राज्यले मुलुकको अर्थव्यवस्थालाई नै असर नहुने गरी व्यवसायीलाई चित्त बुझाएर उद्योग स्थानान्तरण गर्नुपर्ने बताउँछन्।

गरिएको वन तथा वातावरण मन्त्रालयको वार्षिक विकास कार्यक्रममा उल्लेख छ । त्यस्तै, ७ वटै प्रदेशको १ सय स्थानको वायु प्रदूषणसम्बन्धी नमुना संकलन तथा विश्लेषण गर्न ३९ लाख बजेट विनियोजन भएको छ।

नेपालमा सरकारी तवरबाट वायु प्रदूषणको अध्ययन र नियन्त्रण प्रयास थालिएको लामो समय भएको छैन। डेनिस सरकारको सहयोगमा तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालयले ०५९ मा उपत्यकामा वायुको गुणस्तर मापनका लागि ७ स्थानमा प्रदूषण मापन केन्द्र राखियो। त्यतिखेर वायुको गुणस्तर पीएम-१० मापन गरिन्थ्यो । तर दाताको सहयोग रोकिएपछि ०६३ मा वायुको गुणस्तर मापनको काम ठप्प भयो। ०६९ मा वातावरण विभाग खडा भएपछि ०७० मा पुतलीसडक, भक्तपुर र मच्छेगाउँमा पीएम-१० को मापन सुरु गरिएको थियो।

न्यूनीकरणका उपाय

उपत्यकाको वायुको गुणस्तर राष्ट्रिय मापदण्डभित्र ल्याउन प्रदूषण उत्सर्जन घटाउने, फुटपाथ र साइकल लेनलाई प्राथमिकता, हरियाली कायम र विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। नारेलको अध्ययनअनुसार घरायसी, यातायात र औद्योगिक क्रियाकलापबाट उत्सर्जित प्रदूषणलाई क्रमशः २०, ३० र ४० ले कमी गर्नुपर्छ।

यातायातबाट उत्सर्जन हुने प्रदूषण नियन्त्रणका लागि सवारीसाधनको संख्या घटाउनुपर्छ । त्यसका लागि सार्वजनिक यातायात भरपर्दो र सुरक्षित हुन जरुरी छ। सहरी यातायात व्यवस्थापनबारे जानकार वातावरणविद् भूषण तुलाधर भन्छन्, "मोटरसाइकल रहरले होइन, बाध्यताले चढिरहेका छन्। सार्वजनिक यातायात समयमै पुग्ने र सुरक्षित हुने हो भने यात्रु त्यतैतिर फर्कन्छन्। त्यसका लागि सवारीजामको समस्या पनि हटाउनुपर्छ।" साविक बाग्मती अञ्चलमा ११ लाख ८४ हजार सवारीसाधन रहेकामा तीमध्ये ९० प्रतिशत उपत्यकामै गुड्छन्।

अहिले सार्वजनिक यातायातमा केही सुधार हुँदै बढी यात्रु सिट क्षमताका बस भित्रिने क्रम बढेको छ। विज्ञहरू यो सकारात्मक पक्ष भए पनि सरकारले अब विद्युतीय सार्वजनिक सवारी साधनलाई बढावा दिनुपर्ने बताउँछन्। डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनले निष्कासन गर्ने धुवाँबाट प्रदूषण बढ्ने गर्छ।

मुलुक कुनै बेला चर्को लोडसेडिङमा गुज्रे पनि अहिले त्यो अवस्था छैन। प्रसारण लाइन र वितरण प्रणाली कमजोर भए पनि मुलुक केही वर्षभित्र विद्युत्मा आत्मनिर्भर बन्दै छ। अब विद्युतीय सवारीसाधनको प्रविधि, सहुलियत ऋण वा अनुदान दिएर प्रवर्द्धन गर्नुपर्ने बेला आएको छ। सरकारले ०६५/६६ देखि प्रदूषण करबापत पेट्रोलियम पदार्थबाट प्रतिलिटर ५० पैसा संकलन गर्दै आएकामा ७ अर्ब ३४ करोड संकलन भएको छ। *(हेर्नुस्, इन्फोग्राफ)* अब सोही रकमलाई प्रदूषण नियन्त्रणसँगै विद्युतीय सवारीसाधनको प्रवर्द्धनमा खर्चिन सकिने विज्ञहरू औँल्याउँछन्।

प्रदूषणको मारमा रहेका छिमेकी चीन र भारतले क्रमशः सन् ०२५ र सन् ०३० भित्र विद्युतीय सवारीमा केन्द्रित हुने घोषणा गरिसकेका छन्। "विद्युतीय गाडी धुवाँरहित हुने भएकाले वातावरणीय हिसाबमा फाइदा त छँदै छ, सहरलाई पनि व्यवस्थित गर्न भूमिका खेल्छ," तुलाधर भन्छन्।

०७५ को मन्त्रिपरिषद्ले ३ सय वटा विद्युतीय बस खरिद गर्ने निर्णय गरेअनुरूप साझा यातायातलाई २९ असारमा ३ अर्ब रकम निकासा गरिएको थियो। तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र साझा यातायातबीच 'स्पेसिफिकेसन' मा सहमति हुन सकेको छैन।

लिडर्सका महासचिव पोखेल सडकको धुलो नियन्त्रण, इन्धनमा शुद्धीकरण, फोहोर बाल्न पूर्ण प्रतिबन्ध, फोहोर व्यवस्थापन पनि

प्रदूषणको स्रोत : मध्यसहरका उद्योग

■ रूपा गहतराज/नेपालगन्ज

मध्य सहरमा छ, नेपालगन्ज औद्योगिक क्षेत्र। प्लास्टिक, प्लाइउड र मेटल उद्योगबाट निस्कने प्रदूषणले वरपरको वातावरण धुवाँमय छ। त्यसको सबैभन्दा ठूलो असर सय मिटर उत्तरमा रहेको शिक्षण अस्पतालमा पर्छ। उद्योग चलेका बेला झ्याल खोल्नै नमिल्ने गरी धुवाँ अस्पतालका वार्डसम्मै पुग्छ। वरपरका घरमा पनि उस्तै समस्या छ। चिकित्सकहरू गुनासो गर्छन्, बिरामीले स्वच्छ सास फेर्नसमेत पाउँदैनन्।

बाँकेको जानकी गाउँपालिकामा रहेको उद्योग

०३० सालमा नेपालगन्ज औद्योगिक क्षेत्र स्थापना गरिँदा वरपर खासै बस्ती थिएन। तर साढे चार दशकपछि उद्योग सहरले घेरियो। अहिले २९ उद्योग सञ्चालनमा छन्। तीमध्ये प्लास्टिक, प्लाइउड र मेटल उद्योगबाट धेरै प्रदूषण भएको गुनासो औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयमा पनि पुगेको छ। मोर्डन डोर्स एन्ड उड प्रोडक्स प्रालि, विजय मेटल ग्रुप र रिजवान इन्जिनियरिङलगायत उद्योगलाई वातावरणमैत्री बनाउन वर्षमा चार पटकसम्म पत्राचार गरिएका छन् तर कुनै सुधार छैन।

विज्ञले उद्योगहरूलाई नयाँ प्रविधि अपनाउन सुझाव दिँदै आएका छन्। उद्योगले मापदण्ड पूरा गरेको दाबी पनि गर्छन् तर सहरमा बर्सेनि प्रदूषण बढेको बढ्यै छ। उद्योगका कारण नेपालगन्ज क्षेत्रमा प्रदूषण बढेको विषय अदालतसम्म पुग्यो। उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट ०७५ कात्तिकमा वातावरण प्रदूषण रोक्न औद्योगिक क्षेत्र नेपालगन्जसमेतका नाममा निषेधाज्ञा र परमादेशको आदेश जारी भएको थियो।

अधिवक्ताद्वय लोकबहादुर शाह र पवनकुमार गुप्ताले रिट दायर गर्दै नेपालगन्ज औद्योगिक क्षेत्रबाट दैनिक निस्कने धुवाँ र ध्वनि प्रदूषण तत्काल रोक्न लगाउनुपर्ने, नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पार्ने र प्रदूषणजन्य कुनै पनि कार्य गर्न नहुने, उद्योग तथा कलकारखाना प्रचलित कानुनको दायरामा रही वातावरण प्रदूषण नहुने गरी व्यवस्थित ढंगबाट सञ्चालन हुनुपर्नेलगायत माग गरेका थिए। अधिवक्ता शाह भन्छन्, "अदालतले वातावरण प्रदूषण रोक्न आदेश जारी गर्दा पनि अवस्था उस्तै छ।"

नेपालगन्ज उपमहानगरकी उपमेयर उमा थापा मगर पनि औद्योगिक क्षेत्र र ईंटाभट्टाबाट निस्कने धुलोधुवाँलाई प्रदूषणको कारक ठान्छिन्। अहिले औद्योगिक क्षेत्रलाई सहरदेखि बाहिर लैजाने बहस चलेको छ। बाँके नौबस्तामा ३ सय ३८ बिघा क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र स्थापना गर्न विस्तृत अध्ययन (डीपीआर) तयार हुँदै छ। बाँकेकै कचनापुरमा विशेष औद्योगिक क्षेत्र (सेज) स्थापनाका लागि अध्ययन भइरहेको छ। बढी प्रदूषण फैलाउने उद्योगलाई त्यतै सार्नुपर्ने सुझाव नगरबासीले दिन थालेका छन्।

प्रदूषण बढेपछि उपमहानगरले नगर क्षेत्रमा नयाँ ईंटाभट्टाका लागि अनुमति दिन बन्द गरेको छ। उपमेयर थापा भन्छिन्, "पुराना ईंटाभट्टालाई पनि बाहिर धुवाँ नफ्याँक्ने चिम्नीयुक्त प्रविधिमा रूपान्तरणका लागि पहल भइरहेको छ।"

प्रदूषण नियन्त्रणका उपाय सुझाउँछन्। उनको भनाइमा यातायात, कलकारखानाबाट निस्कने धुलोधुवाँ नियन्त्रण गरेर व्यवस्थित गर्नुपर्छ भने विकास निर्माणका काम गर्दा धुलो उत्सर्जन न्यून गर्नुपर्छ। सर्वोच्च अदालतले ३० पुस ०७४ जारी गरेको परमादेशमा 'काठमाडौं उपत्यकाबाट बाहिर जान नसकी उपत्यकाको हावामा धुवाँधुलोको कणमा मिसिन गई समग्र वायुमण्डल नै प्रदूषित भएको' ठहर गर्दै न्यूनीकरणका लागि १३ वटा उपाय अवलम्बन गर्न भनिएको छ। त्यसमध्ये सडक खन्दा धुलो उड्न नदिने गरी पानी छर्कनू भनिएको थियो। अझै पनि केही भित्री सडकमा मेलम्ची खानेपानी आयोजनाको पाइप विस्तारको काम बाँकी छ।

हरेक बर्खायाममा काठमाडौंमा फोहोर थुप्रिन्छ। हाल सिसडोल ल्यान्डफिल साइटमा फोहोर व्यवस्थापन हुँदै आए पनि यो दीर्घकालीन होइन। जस्तो, सिसडोलका अति प्रभावित र प्रभावित क्षेत्रका स्थानीयलाई क्षतिपूर्ति दिइनुपर्ने र ल्यान्डफिल साइटलाई थप व्यवस्थित बनाउन मागसहित आन्दोलन भएपछि असारमा एक साता उपत्यकाको फोहोर उठेन। केही वर्षका लागि भनेर अस्थायी रूपमा बनाइएको ल्यान्डफिल साइटमा वर्षौंदेखि फोहोर फ्याँकिँदै आएको छ। "बर्खामा बढी दुर्गन्ध फैलने भएर बेलाबेला अवरोध हुने, सडक बिग्रेर महिनौं फोहोर नउठ्ने समस्या त हामीले भोग्दै आएका छौं," तुलाधर भन्छन्, "फोहोरलाई मोहरको रूपमा लिनुपर्छ।" त्यसका लागि घरबाटै निस्कने फोहोरको वर्गीकरण गर्ने, पुनः प्रयोगका लागि उद्यमीलाई जिम्मा दिने र त्यसपछि मात्र बाँकी रहेको फोहोर व्यवस्थापन गर्नुपर्ने देखिन्छ। बन्चरेडाँडामा ल्यान्डफिल साइट बनाउने भनिएकामा सहरी विकास मन्त्रालयले बल्ल प्रक्रिया अगाडि बढाएको छ।

काठमाडौं महानगरपालिकाले उपत्यका भित्रिने गाडी नाकामा पखाल्ने योजना बजेटमै ल्याएको छ। प्रवक्ता ईश्वरमान डंगोल गाडीबाट धुलो भित्रिने भएकाले यस्तो योजना ल्याएको सुनाउँछन्। तर त्यसअघि काठमाडौंका धुलाम्य सडक सुधार गर्नुपर्ने हुन्छ। महानगरपालिकाले ब्रुमर ल्याएर केही सडकको धुलो व्यवस्थापन गरिरहेको छ तर अवस्था उस्तै। खानेपानीको पाइपका लागि सडक खनेर लामो समयसम्म त्यसै छाड्ने एवं नाली भरिँदा पनि सफा नगर्दा धुलो सडकमा आउने गरेको पाइन्छ।

हरियाली सहरको स्वच्छता अनि दिगोपनसँग जोडिएको छ तर सहरी क्षेत्रमा हरियाली न्यून छ। सहरी वन विकासमार्फत सडक, गल्ली, चोक, गुम्बा, चर्च, मन्दिर, पार्क, ताल, सार्वजनिक जग्गा, स्कुल, घर कम्पाउन्डमा रहेका खाली ठाउँमा बोटबिरुवा रोप्न सके वातावरण अनुकूलनका लागि योगदान हुन सक्छ। ■

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

nari.ekantipur.com | narimagazine | @narimagazine

13th SOUTH ASIAN GAMES-2019

५० स्वर्ण टाढा छैन

२७ खेलमध्ये ५० मा पहिलो हुने नेपालको लक्ष्य

पवन आचार्य

अंग्रेजीमा अंक १३ लाई त्यति शुभ मानिन्न । तर नेपालको हकमा यो अंक शुभ र फलदायी हुने छाँट देखिएको छ । कारण, आफ्नै भूमिमा नेपालले दुई दशकपछि दक्षिण एसियाली खेलकुद (साग) को १३ औं संस्करण आयोजना गर्दै छ । यसलाई यादगार बनाउन अहिलेसम्मकै सर्वाधिक ५० स्वर्ण जित्ने लक्ष्य लिएको छ । हुन पनि नेपालले सागको एउटै संस्करणमा सबैभन्दा बढी पदक जितेको पनि घरेलु भूमिमै हो । सन् १९९९ को सेप्टेम्बर २५ देखि अक्टुबर ४ सम्म काठमाडौंमा भएको आठौं साग गेम्समा नेपालले अहिलेसम्मकै सर्वाधिक ३२ स्वर्णसहित कुल ६६ पदक जितेको थियो । उक्त संस्करणमा तेक्वान्दो र कराँतेले डेब्यु गरेका थिए । मार्सल आर्ट्समा जितेको स्वर्णकै कारण नेपाल सो संस्करणको पदक तालिकामा दोस्रो भएको थियो । आठौं सागमा जम्मा १२ खेलबाट ३२ स्वर्ण जितेको नेपालले यस पटक २७ खेलमा ५० स्वर्णको आश गर्नु नौलो नभएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रमेशकुमार सिलवालको तर्क छ ।

सागको इतिहासमा नेपालले अहिलेसम्म जम्मा ७९ स्वर्ण मात्रै जित्न सकेको छ । त्यसैले पनि ५० स्वर्ण आकाशको फल हुने हो कि भन्ने संशय छ । तर नेपालले पदकको आश गरेको कराँते र उसुमा भारतको सहभागिता नहुने भएकाले ५० स्वर्णको लक्ष्य कठिन नरहेको सिलवाल बताउँछन् । अन्तिम समय आएर भारतले तेक्वान्दोमा आफ्ना खेलाडी दर्ता गराएको छ । यस पटक तेक्वान्दोमा २९ स्वर्ण, उसुमा २२ र कराँतेमा १९ स्वर्णका लागि भिडन्त हुँदै छ ।

सागको पहिलो संस्करणमा ६२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुँदा नेपालले ४ स्वर्णसहित २४ पदक जितेको थियो । ४४ स्वर्ण जितेको भारत कुल ८८ पदकसहित पहिलो स्थान हासिल गर्दा नेपाल चौथो भएको थियो । श्रीलंकाले ७, पाकिस्तानले ५, बंगलादेशले २ स्वर्ण पदक जिते । नेपालका लागि बैकुण्ठ मानन्धरले एथलेटिक्सको म्याराथन दौड, दलबहादुर राना र पुष्करध्वज शाहीले बक्सिङबाट स्वर्ण दिलाए । अर्को स्वर्ण फुटबलबाट प्राप्त भएको थियो । रूपकराज शर्माको कप्तानीमा रहेको फुटबल टोलीले स्वर्ण जित्ने सौभाग्य पाएको थियो ।

सन् २०१६ मा भारतको गुवाहटी र सिलोङमा भएको १२ औं संस्करणको सागको नतिजालाई आधार मान्ने हो भने ५० स्वर्ण निकै कठिन लक्ष्य हो । २३ खेलका २ सय २८ इभेन्ट्समा प्रतिस्पर्धा हुँदा नेपालले जम्मा ३ स्वर्ण जितेको थियो । कुल ६० पदक जितेको नेपाल तालिकाको छैटौं स्थानमा रह्यो । एउटै पनि स्वर्ण नजित्ने भुटान र मालदिभ्स मात्रै नेपालभन्दा मुनि थिए, पदक तालिकामा । तर यस पटक अफगानिस्तानको सहभागिता नभएकाले त्यसको फाइदा नेपालले उठाउन सक्ने आकलन गरिएको छ । गएको संस्करणमा चौथो भएको अफगानिस्तानले ७ स्वर्णसहित

इलिट जोशी

दशरथ रंगशाला, काठमाडौं

३५ पदक जितेको थियो ।

गत संस्करणमा नेपाली पुरुष फुटबल टोलीले २३ वर्षपछि सागमा स्वर्ण जितेको थियो । उसुमा निमा घर्ती मगर र जुडोमा फुपुल्हामु खत्रीले स्वर्ण दिलाए, नेपाललाई । पहिलो पटक तेक्वान्दो स्वर्णविहीन भएको थियो १२ औं सागमा । कुनै समय स्वर्णको आश गरिएका एथलेटिक्स र भारोत्तोलनसहित मार्सल आर्ट्सका सबै खेलमा अहिले नेपालको प्रदर्शन खस्कँदो रहेकाले पनि ५० स्वर्णको लक्ष्य कठिन हुन्छ कि ?

उसु

सागमा उसुको सहभागिता श्रीलंकाको कोलम्बोमा सन् २००६ मा सम्पन्न दसौं संस्करणबाट भएको हो । त्यसयता नेपालले उसुको सान्सौ र थाउलो दुवै विधामा सहभागिता जनाउँदै आएको छ । उसुबाट नेपालले १० औंमा २ स्वर्ण, ११ औंमा २ स्वर्ण र १२ औंमा १ स्वर्ण जितेको छ । यस पटक उसुमा २२ स्वर्णका लागि स्पर्धा हुँदा नेपालको तयारी सन्तोषजनक छैन । उसुका खेलाडीले साग सुरु हुनअघिसम्म पनि कराँतेको म्याटमा प्रशिक्षण गर्नु परेको छ । नेपाली खेलाडीको बलियो पक्ष मानिएको थाउलोको प्रशिक्षण कराँतेको पुरानो म्याटमा भइरहेको छ । तेक्वान्दो र बक्सिङका गियर र प्याड लगाएर खेलाडीहरू प्रशिक्षणरत छन् । थाउलोका प्रशिक्षक प्रकाश लामाका अनुसार ट्रेनिङ म्याट र गियरबारे राखेपलाई धेरै अघि सूची बुझाइएको थियो । तर सामान खरिद भएर आइनसकेको भन्दै राखेपले उसुको खेल सामग्री उपलब्ध गराउन सकेको छैन । उसु संघका उपाध्यक्ष रञ्जित महर्जन खेलाडीलाई खान र बस्नबाहेक अन्य केही सुविधा उपलब्ध नभएको गुनासो गर्छन् । उसुमा नेपालको मुख्य प्रतिस्पर्धी भारत र श्रीलंका हुन् । यस पटक भारतको सहभागिता नरहने भएकाले पनि नेपालले बढी पदकको आश गरेको छ । उसुमा कम्तीमा ८ स्वर्णको आश गरेको नेपालले थाउलोतर्फ ८ र सान्सौतर्फ १४ खेलाडी उतार्दै छ ।

तेक्वान्दो

स्वर्णको हिसाब गर्ने हो भने नेपाली खेलकुद इतिहासमै सर्वाधिक सफल तेक्वान्दो खेल हो । सन् १९९९ को आठौं सागबाट प्रवेश पाएको तेक्वान्दोले हालसम्म २४ स्वर्ण, १४ रजत र ८ कास्य दिलाएको छ, नेपाललाई । तर गत संस्करणको सागमा ७ वटा फाइनल खेले पनि नेपालको खातामा तेक्वान्दोले स्वर्ण दिलाउन सकेन । तेक्वान्दो खेलाडी दीपक विष्टले सागमा लगातार ४ स्वर्ण जितेर कीर्तिमान बनाएका छन् । यिनै कीर्तिमानी खेलाडीको प्रशिक्षणमा रहेको तेक्वान्दो टोलीले २९ स्वर्णका लागि स्पर्धा गर्दै छ । यस पटक तेक्वान्दोकै पुम्से विधा थपिएको छ । ग्योरोगी (फाइट) र पुम्से (काता) मा यसअघिको भन्दा झन्डै दोब्बर संख्यामा पदक भएकाले पनि नेपालले आठौंको इतिहासलाई तोड्ने अपेक्षा गरिएको छ ।

मुख्य प्रशिक्षक नवीनकुमार श्रेष्ठ यस पटकको तयारी सन्तोषजनक रहेको बताउँछन् । भन्छन्, "ग्योरोगी टोलीले चीन र पुम्से टोलीले मलेसिया पुगेर प्रशिक्षण गरेकाले पनि पदकको आश गर्नु स्वाभाविक हो ।" यस पटकको अभ्यासले खेलाडीको मनोबल उच्च भएकाले पनि आधाभन्दा बढी स्वर्ण नेपालको पोल्टामा पर्ने अपेक्षा तेक्वान्दोको छ ।

त्यस पछाडिका कारण पनि छन् । अहिले तेक्वादो टोलीमध्येका ५ खेलाडीले ग्योरोगी र पुम्सेमा सागमा पदक जितिसकेका छन् । मनिता शाहीले सागमा १ स्वर्णसहित २ पदक जितिसकेकी छिन् । त्यस्तै, सागकी स्वर्ण पदक विजेता आयशा यस पटक पुम्सेमा प्रतिस्पर्धा गर्दै छिन् । मनिता र आयशा तिनै खेलाडी हुन्, जसले २००६ को दोहा एसियाडमा कास्य जितेका थिए ।

कराँते

सागमा नेपाललाई पदक दिलाउने खेलमध्येको एक हो, कराँते। अघिल्लो संस्करणमा समावेश नभएको कराँतेले आठौँयता २१ स्वर्ण दिलाइसकेको छ। आठौंमा १४ स्वर्ण, नवौंमा २, दसौंमा २ र एघारौंमा कराँतेबाट नेपालले ३ स्वर्ण प्राप्त गरेको थियो, सागमा। कराँतेको स्पर्धामा नेपालले ६ देखि ८ वटा स्वर्ण जित्ने लक्ष्य लिएको छ। १९ इभेन्ट्समा ३२ खेलाडी सहभागी हुने कराँतेमा आठौं सागपछि ऐतिहासिक उपलब्धि हासिल गर्ने प्रमुख प्रशिक्षक मदन उप्रेती बताउँछन्। खेलाडीको तयारी, उनीहरूको मनोबल र पछिल्ला प्रतियोगितामा प्राप्त नतिजाका आधारमा आफूहरूले ६ देखि ८ स्वर्णको लक्ष्य राखेको उनले सुनाए। कराँतेमा महिलातर्फ श्रीलंका र बंगलादेश तथा पुरुषतर्फ पाकिस्तानलाई मुख्य प्रतिद्वन्द्वी मानिएको छ। भारतको सहभागिता कराँतेमा नहुने भएकाले पनि यस पटक नेपाल फाइदामा छ। काता स्पर्धा र महिला इभेन्ट्समा नेपालले बढी पदकको आश गरेको छ।

नेपाली टोलीका प्रशिक्षक एवं सुपरीवेक्षक दीपक श्रेष्ठका अनुसार बंगलादेशमा हालै सम्पन्न पाँचौं संस्करणको दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा ८ स्वर्ण, ४ रजत र ७ कास्य जितेको नेपाली टोलीले भारतीय खेलाडीलाई पराजित गरेकाले पनि मनोबल उच्च छ। उक्त प्रतियोगितामा पाकिस्तानले सहभागिता जनाएको थिएन। कराँतेमा भारतीय खेलाडी नेपालको तुलनामा निकै अब्बल मानिन्छन्।

भारोत्तोलन

सागमा सबैभन्दा पुरानो खेल भारोत्तोलन पनि हो। पहिलो संस्करणबाटै समावेश भएको प्रतियोगितामा नेपालले छैटौंबाहेक अन्यमा सहभागिता जनाएको छ। तर नेपालले स्वर्ण जित्न भने दसौं संस्करणसम्म कुर्नुपर्‍यो। सागमा भारोत्तोलनबाट नेपाललाई स्वर्ण दिलाउने एक मात्र खेलाडी कमलबहादुर अधिकारी हुन्। कमलबहादुरले सन् २००६ कोलम्बो सागमै भारोत्तोलनका लागि पहिलो स्वर्ण जितेका थिए । त्यसयता उनी लगातार खेलिरहेका छन् र यसपल्ट पनि प्रतिस्पर्धामा उत्रँदै छन्। सागका लागि भारोत्तोलनमा सर्वाधिक पदक जित्ने खेलाडी भने सुनीललाल जोशी हुन्। पहिलोदेखि सातौंसम्म उनले ५ रजत र ९ कास्य जितेका थिए।

संख्याको हिसाबले भारोत्तोलन सागमा सबैभन्दा बढी पदक दिलाउने खेल हो। ४२ रजत र ६७ कास्य भारोत्तोलनबाट जितेको छ, नेपालले सागमा। २० खेलाडी उतार्न लागेको नेपालले ८ जनालाई दक्षिण कोरिया र १२ जनालाई उज्वेकिस्तानमा प्रशिक्षण दिलाएको थियो। अन्तर्राष्ट्रिय सहभागिता अत्यन्तै न्यून भएको खेलको रूपमा रहेको भारोत्तोलनले यस पटक स्वर्णको आश गरेको छैन। दक्षिण एसियाली देशका खेलाडी शारीरिक रूपमा नेपालभन्दा बलिया भएकाले पनि पदकको आश नगरिएको हो।

एथ्लेटिक्स

नेपालले सागका सबै संस्करणमा सहभागिता जनाएको खेल हो, एथ्लेटिक्स। लामो दूरीको स्पर्धामा नेपालले राम्रो गरे पनि एथ्लेटिक्सको छोटो दूरीमा भने सधैं असफल रहँदै आएको छ। त्यसैले यस पटक पनि नेपालले लामो दूरीबाटै स्वर्णको आश गरेको छ। नेपालका बैकुण्ठ मानन्धरले पहिलोदेखि तेस्रो सागसम्म म्याराथनमा लगातार स्वर्ण जिते। म्याराथनमा उनले बनाएको २ घन्टा १५ मिनेट ३ सेकेन्डको दक्षिण एसियाली कीर्तिमान कसैले भंग गर्न सकेको छैन। सातौं संस्करणको सागमा गणेश राईले म्याराथनमा स्वर्ण जिते। ११ औं सागमा राजेन्द्र भण्डारीले रोड रेसमा जितेको स्वर्ण नै एथ्लेटिक्सले प्राप्त गरेको पछिल्लो पदक हो। सातौं सागमा खुर्सिद अहमद खानले ज्याबलिन थ्रोमा रजत र दसौंमा कान्छीमाया कोजुले १० हजार मिटर दौडमा जितेको रजत पदकलाई छाड्ने हो भने खेलकुदको राजा मानिने एथ्लेटिक्समा नेपालको प्रभाव नगन्य छ। कम वैदेशिक सहभागिता हुने एथ्लेटिक्समा आवश्यक मात्रामा प्रशिक्षण सामग्री उपलब्ध हुन नसक्दा पदक जित्ने सम्भावना पनि क्षीण हुँदै गएको छ।

बक्सिङ

सागको सबै संस्करणमा सहभागी भए पनि बक्सिङबाट नेपालले हालसम्म ६ वटा मात्र स्वर्ण जितेको छ। सन् १९८४ को पहिलो सागमा २ स्वर्णसहित कुल ९ पदक जितेको बक्सिङले कोलकातामा भएको तेस्रो र पाकिस्तानमा सम्पन्न चौथो सागमा १-१ स्वर्ण दिलाएको थियो। त्यसपछि एकैचोटि आठौंमा २ स्वर्ण जितेको बक्सिङले त्यसयता स्वर्ण पदकको मुख देखेको छैन। पहिलो सागमा दलबहादुर राना मगर र पुष्करध्वज शाहीले स्वर्ण दिलाएको बक्सिङबाट पछिल्लो पटक प्रकाश थापा मगर र रामचन्द्र थापा मगरले स्वर्ण जिते। विदेशी प्रशिक्षक उज्वेकिस्तानका अलिशेर रहीमुभ र वैदेशिक प्रशिक्षणमा अनुभव हासिल गरेको नेपाली टोलीबाट यस पटक पुरुषतर्फ २ र महिलातर्फ १ स्वर्ण जित्ने आशा गरिएको छ। बक्सिङमा नेपालले ६ महिला र १० पुरुष खेलाडी उतार्दै छ।

फुटबल

सागको टिम गेममा नेपाललाई सर्वाधिक स्वर्ण दिलाउने खेल हो, फुटबल। पुरुष फुटबलमा सागको सबै संस्करणमा सहभागिता जनाएको नेपालले सन् १९८४, १९९३ र २०१६ मा स्वर्ण जितेको छ। सन् १९८७ र १९९९ मा दोस्रो भएको नेपालले सन् १९८५ र २००७ मा कास्यमा चित्त बुझायो।

सागमा सन् २०१० बाट महिला फुटबल समावेश गरिएको हो। सहभागिताको दुवै संस्करणमा उपविजेता बनेको नेपाली महिला टोलीको तगारो नै भारतीय टिम हो। फुटबलमा २३ वर्षमुनिका टोलीले सहभागिता जनाउने भए पनि नेपालको टिममा अधिकांश राष्ट्रिय टोलीका खेलाडी छन्। विश्वकप फुटबल २०२२ को छनोट एएफसी एसियन कप २०२३ को छनोटमा व्यस्त पुरुष फुटबल टोलीको मनोबल उच्च छ। त्यसैले स्वर्णको आश गरिएको छ। यस्तोमा पुरुष फुटबलतर्फ भारतको सहभागिता नहुँदा त्यसको प्रत्यक्ष फाइदा नेपाललाई हुन्छ। महिलातर्फ भारतको तगारो पन्छाउन सके नेपालले पहिलो पटक स्वर्ण जित्नेमा कुनै द्विविधा छैन।

जुडो

पाँचौं सागदेखि निरन्तर सहभागी हुँदै आएको खेल हो, जुडो। सातौं संस्करणको सागमा जितेको ३ स्वर्ण नै जुडोले नेपाललाई दिलाएको अहिलेसम्मकै धेरै पदक हो। त्यतिबेला वीरबहादुर थापा मगर, रमेश बस्नेत र जीतबहादुर चौधरीले जुडोबाट नेपाललाई स्वर्ण दिलाए। त्यसपछि भने पदकको खडेरी लाग्यो। अघिल्लो संस्करणमा फुपुल्हामु खत्रीले नेपाललाई जुडोबाट स्वर्ण दिलाएकी

थिइन्। उनी अहिले राष्ट्रिय टोलीमा छैनन्। तर यस पटक मनिता श्रेष्ठ र सोनिया भट्टबाट राम्रो प्रदर्शनको आश गरेको छ, नेपालले। २० मध्ये १४ खेलाडीलाई मंगोलिया र ४ लाई जापानमा प्रशिक्षणका लागि पठाएकाले ४ स्वर्णको अपेक्षा गरिएको जुडो संघका अध्यक्ष दीपकहर्ष वज्राचार्य बताउँछन्। मार्सल आर्ट्सका खेलाडी धेरैजसो विभागीय टोलीमा आबद्ध भएकाले पनि उनीहरू नियमित प्रशिक्षणमा रहने गरेका छन्। त्यसैको फाइदा उठाउने योजना रहेको संघ अध्यक्ष वज्राचार्यले सुनाए। तर अन्तर्राष्ट्रिय एक्सपोजरको कमी र प्राविधिक स्रोत-साधन अभावले नेपालको लक्ष्यमा धक्का पुऱ्याउन सक्छ।

आर्चरी

श्रीलंकाको कोलम्बोमा भएको दसौं सागबाट सहभागिता जनाएको आर्चरीले त्यसपछिका २ संस्करणमा १-१ कास्य दिलाएको छ। बंगलादेशमा सम्पन्न इन्डिभिज्युअल रिकर्भ इभेन्ट्समा कास्य र भारतमा भएको १२ औं सागमा टिम इभेन्ट्समा आर्चरीबाट नेपालले कास्य जितेको छ। यस पटक आर्चरीमा भारत सहभागी नहुने भएकाले पनि नेपालको स्वर्णको आश थप बलियो भएको छ। भारतको आर्चरी संघ निलम्बनमा परेकाले उसको सहभागिता नरहने भएको हो। रिकर्भ, कम्पाउन्डमा गरी ८ महिला र ८ पुरुष खेलाडीले यस पटक सहभागिता जनाउँदै छन्। पोखरामा बन्द प्रशिक्षणमा रहेका खेलाडीले अन्तर्राष्ट्रिय प्रशिक्षण नपाए पनि उत्कृष्ट प्रदर्शन गर्ने आर्चरी संघका अध्यक्ष दीपक गुरुङ बताउँछन्। टिम इभेन्ट्समा ४ राष्ट्रको मात्रै सहभागिता हुने भएकाले पनि नेपाल फाइदामा छ। कम्तीमा २ स्वर्ण जित्ने लक्ष्य संघको छ, १३ औं सागमा।

टेबलटेनिस

तेस्रो संस्करणको सागबाट प्रवेश पाएको टेबलटेनिसले नेपाललाई पाँचौं संस्करणमा स्वर्ण दिलाएको थियो। सन् १९९१ मा श्रीलंकाको कोलम्बोमा भएको स्पर्धा यस कारण पनि ऐतिहासिक थियो कि त्यतिबेला स्वर्ण जित्दा नेपालले भारतलाई हराएको थियो। तर त्यसपछि भने टेबलटेनिसमा नेपालले कुनै पदक जित्न सकेको छैन। दक्षिण एसियाली राष्ट्रमध्ये नेपाली खेलाडीको खेल्ने शैली फरक छ। अन्य देशका खेलाडीले ऱ्याली फर्मुलामा खेल्छन् भने नेपाली खेलाडीको सबल पक्ष ३ बल एट्याक हो। अन्तर्राष्ट्रिय अनुभवको कमी भएकाले पनि धेरै पदकको आश गर्नु अस्वाभाविक छ। थाइल्यान्डको बैंककमा प्रशिक्षणमा रहेका १० खेलाडीबाट १ स्वर्ण र टिम तथा मिक्स्ड डबलमा २ स्वर्णको अपेक्षा गरिएको छ।

त्यसबाहेक नेपालले पदकको आश गरेको खेल ट्रायथलन हो। अघिल्लो संस्करणबाट सुरु भएको यो स्पर्धामा नेपालले टिम रिलेतर्फ रजत र महिलातर्फको व्यक्तिगत स्पर्धामा कास्य जितेको थियो। दक्षिण एसियाली राष्ट्रमध्ये ट्रायथलनका नेपाली प्रशिक्षक अब्बल मानिन्छन्। तर खेलप्रतिको घट्दो आकर्षण, खेल सामग्री र उपकरण महँगो पर्ने हुँदा प्रशिक्षणमा उत्पन्न हुने बाधा पदक प्राप्तिका तगारा हुन्। ५ मध्ये २ स्वर्ण जित्ने लक्ष्य ट्रायथलनको छ। त्यसबाहेक बास्केटबल, क्रिकेट र महिला भलिबलबाट नेपालले पदकको आश गरेको छ। पछिल्लो समय महिला भलिबले हासिल गरेको सफलताका कारण पनि नेपालले सो स्पर्धामा स्वर्णको अपेक्षा गरेको हो। नेपालले लक्ष्य बनाएको ५० स्वर्णमा टिम गेममा कप र व्यक्तिगत स्पर्धामा बढी पदक जित्ने योजना छ। ने

भारतले नखेलेको फुटबल

दक्षिण एसियाको फुटबल पावर हाउस मानिएको भारतको १३ औं सागमा सहभागिता नहुने भएको छ। महिला र पुरुष दुवैमा सहभागिता जनाउने निश्चित भए पनि अन्तिम समय आएर भारतले पुरुष फुटबलबाट हात झिकेको हो।

प्रतियोगिताको ड्र सार्वजनिक भइसकेपछि भारतले पुरुष फुटबलको टिम नपठाउने निर्णय गरेको थियो। अघिल्लो संस्करणमा भारतलाई हराउँदै नेपालले फुटबलमा स्वर्ण जितेको थियो।

भारतीय फुटबल संघले घरेलु फुटबलको व्यस्त तालिकालाई ध्यानमा राखेर साग नखेल्ने निर्णय गरेको जनाएको छ। फुटबलको सर्वोच्च निकाय फिफाको क्यालेन्डरमा साग नपरेकाले सहभागिता नजनाउने निर्णयमा पुगिएको भन्ने भारतीय तर्कमा कुनै दम छैन। राष्ट्रिय टोलीका खेलाडी विभिन्न क्लबमा आबद्ध भएका र उनीहरूले फिफाको क्यालेन्डरमा समावेश प्रतियोगिताका लागि मात्रै खेलाडी रिलिज गर्ने भएकाले पनि भारतलाई बलियो टिम निर्माणमा समस्या परेको थियो। अघिल्लो संस्करणमा पराजित भारत कमजोर टोलीसहित नेपाल आउने पक्षमा थिएन। त्यसैले पनि उसले अन्तिम समय नाम फिर्ता लिएको हो।

दुइटा शीर्ष डिभिजनको लिग खेल्ने भारतीय क्लबले सिजनभरका लागि खेलाडीलाई मोटो रकम खर्चिएर अनुबन्ध गरेका छन्। भारतमा अहिले फुटबलको लिग चलिरहेको छ। वर्षभरि व्यस्त तालिकामा रहने भारतीय फुटबल क्लबले सागका लागि खेलाडी छाड्न नमानेपछि भारतले फुटबलमा सहभागिता नजनाउने भएको हो। पुरुष फुटबलमा अब राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा हुनेछ।

सोचमग्न यात्री

साहित्यका 'ब्याड ब्वाय' नारायण ढकालको अराजक जीवनशैली

राजकुमार बानियाँ
तस्बिर : रवि मानन्धर

परिचय थप्ने हो भने नारायण ढकाल, ६७, लाई प्रकाशक फेरिरहने लेखक भन्दिए पनि हुन्छ । इन्द्रजाल (०७१) फाइन प्रिन्टको थियो, *नारायण ढकालका कथा* (०७३) र *हजार माइलको बाटो* (०७४) फिनिक्सका थिए भने *प्रेतकल्प*को नयाँ संस्करण र प्रकाशोन्मुख *तमस* बुक हिलका ।

पहिले-पहिले उनी किताबबाट दामको आशा गर्दैनथे, किताब छापिदिए पुग्थ्यो । प्रकाशकले लेखकस्वबापत दिएका केही प्रति साथीभाइलाई बाँडेर मनग्गे खुसी हुन्थे । बिस्तारै 'कमर्सियल प्रकाशक' ले स्वागत गर्न थालेपछि उनको डेरा सरूवा भएको भयै छ ।

पहिलेका प्रकाशकसँग गुनासो नहुँदा-नहुँदै पनि 'प्रकाशक ढकाल' वर्षौं धाए, उनीभित्रको लेखक ढुलमुलिहाल्यो । "म नश्लवादी त होइन । तर कताकता पानीभन्दा रगत बाक्लो हुन्छ भन्ठानेछु," यी पारदर्शी लेखक आफैँलाई उडाउँछन्, "दसैँताका फोन गरेँ, उठेन, एसएमएस गरेँ, जवाफ आएन । प्रकाशक आफैँ भागेपछि ल भइहाल्यो भनेर अर्को ठेगाना रोजेँ ।"

कताकता उनलाई लाग्छ, प्रकाशकसित भेट नहुनुमा आफ्नै पनि कमजोरी होलान् । तर अब त्यो खुट्याइरहने समय छैन । उनले किताब छापेर कमाउने ध्याउन्न पनि छाडिसकेका छन् । उनको टोन बदलिएको छ- कमाएर दिए ठीकै छ, नदिए पनि गुनासो हुने छैन ।

यी लेखक चाहन्छन्, *नरकको ढोका* कवितासंग्रहजस्तो *तमस* चर्चाविहीन नहोस् । खासमा उन्नाइसौँ किताबको नाम उनले 'भट्टी पसलमा उमिरहेकी बूढी' राखेका थिए । प्रकाशकले नामै फेरिदिए । उनलाई किताब छाप्नु थियो, त्यही सदर भयो । १३ कथामध्ये ६ वटा त *गुगल* गाउँमै भेटिन्छन् । पुनर्लेखन गरेका र शीर्षक बदलेका सात वटा नयाँ छन् ।

उसो त 'तमस' आफैँमा पुरानो कथा हो । ०५१ को भर्सनमा तमस, त्यसपछि 'तमसोमा ज्योतिर्गमय' । "यो कथालाई मैले कम्तीमा दसचोटि पुनर्लेखन गरेँ, अर्को संस्करण निस्क्यो भने फेरि पुनर्लेखन गर्नेछु," आत्ममुग्धता नभएका यी लेखक परिहास गर्छन्, "मलाई कुनै कथा पूर्ण भएजस्तो लाग्दैन । किताब निस्केको भोलिपल्टदेखि झूर लाग्न थाल्छ ।"

पुरानो कथाकिताबको 'आत्महन्ता' पनि यसमै छ । झन्डै उपन्यासजति लम्बाइको कथा पनि उनले बुढेसकालको उत्साह भरेर पुनर्लेखन गरे । "एक अन्तर्राष्ट्रिय पढन्ता (गोविन्दराज भट्टराई) ले अल्बेयर कामुको आउटसाइडरभन्दा राम्रो छ भनेर बखान गरेपछि मलाई पनि लोभ लाग्यो," उनी ठट्टैठट्टामा भन्छन्, "संरचना र जोडान मिलाएर पाठकसामु फेरि हाजिर गरेको छु ।"

यसै मेसोमा भनिहालूँ, *प्रेतकल्प* उनको कमाउने किताब हो । तर त्यसका तीन कमजोरी पाठक-समीक्षकले नऔँल्याएकामा खिन्न छन् । पहिलो, उनी संस्कृतका विद्वान् होइनन्, गहकिला श्लोक सारेका छन् । दोस्रो, मन्त्री खान्नँ भन्ने पण्डित बालकृष्णजस्तो त्यागी पात्र खडा गरेका छन् । तेस्रो, उपन्यासको जस्तो क्रान्तिकारी प्रेम कहीं पनि हुन्न । तुलनात्मक रूपमा राम्रो उपन्यास *वृषभ वध* त्यसकै छायामा पर्‍यो । *प्रेतकल्पले* साझा पुरस्कार पायो, बिक्री पनि भरमार भयो । भलै साझा प्रकाशनसित पाँच-छ लाख उठाउन सकेनन् र नयाँ प्रकाशकलाई जिम्मा लगाए ।

झूर लेख्छु भन्नु पक्कै पनि लेखकको विनम्रता हो । कुनै बेला चित्रकार-लेखक मनुजबाबु मिश्र त्यसैगरी आफ्नै अनुहारमा सिङ र दाह्रा राखेर सेल्फ पोट्रेट बनाउँथे । अरूको अनुहारमा त्यसरी सिङ र दाह्रा हाल्नु असभ्यता हुन्थ्यो उनका लागि । लाग्छ, नारायणले पनि मनुजकै शैलीमा अरूको कथालाई झूर भन्नुभन्दा आफैँलाई झूर भनेका हुन् । "व्यक्तिलाई के गाली गर्नु ? म मित्रमण्डली पनि गुमाउन चाहन्नँ," उनी ढाँट्दैनन्, "धेरैजसोका रचना पल्टाएर यसो हेर्छु, झूर नै लाग्छ । म पनि त्यति राम्रो लेखिरहेको छैन ।"

आफ्नो 'ब्याड ब्वाय' छविसँग हुरूक्कै हुन्छन्, नारायण ढकाल । बाल्यकालदेखि नै उनी 'खराब काममा राम्रा' रहेछन् । गुरूलाई थर्काउने गरी किताब पढ्ने, आफू पहिल्यै सिक्ने, गुरूलाई अन्टसन्ट सोध्ने अनि यसले पढाउन सक्दैन भनेर होहल्ला गर्ने र मान्छे उठाएर लखेट्ने । उनका संस्मरण पढ्दा थाहा हुन्छ, यी हरिप लेखक हुन् । "पितृभक्त, मातृभक्त, गुरूभक्त बन्ने बाटोतिर म हिंड्दै हिंडिनँ," उनी स्वीकार्छन्, "बदमासीमा मेरो रेकर्ड कसैले तोड्न सकेनन् ।"

कक्षा १ मा भर्ना हुन जाँदा गुरूले उनलाई २ मा राखिदिए । त्यहाँ पहिलो भएपछि ४ मा फड्काइदिए । चाबेलको पशुपति हाइस्कुलमा पढ्दापढ्दै एसएलसी बोर्डमा आउने महत्त्वाकांक्षाले पद्मोदय स्कुल पुगे । त्यहाँ पनि किताबका किताब घोकेर पहिला-दोस्रा भइरहन्थे । ९ कक्षामा विज्ञान गुरूले अर्ती दिए- 'भगवान् हुन्न, त्यो मान्छेले बनाएको हो, घोक्ने होइन, बुझ्नुपर्छ ।'

घोक्न छाडेपछि झन्डै फेल भए । मूलपानी-पुतलीसडक पैदलै धाउँथे । आउजाउमै चार घन्टा सकिन्थ्यो । ०२५ को एसएलसीमा हनहनी ज्वरो आएर जाँच दिँदा पनि सेकेन्ड डिभिजन ल्याएको भनी गुणगान भयो काँठमा । डाक्टर बन्ने मनसुवाले अस्कल क्याम्पस गए । न घोके, न त लेक्चर बुझे । कतिसम्म भने, फिजिक्समा जिरो, बायोलोजीमा तीन र केमिस्ट्रीमा सात नम्बर आयो ।

कि कलेज फेर कि दोहोऱ्याएर पढ भन्यो कलेजले । ०२८ माघतिर मनमनै क्रान्ति गर्छु भन्दै साथी विजय नेपालसित दार्जिलिङतिर भागे । पुराना साथीहरू भन्छन् रे, 'फिजिक्सजस्तो सजिलो विषय पनि पढ्न सकिनस् ? साहित्यभन्दा त धेरै सजिलो हो ।'

डाक्टर बन्ने सपनाको दुर्घटनापछि उनी आफ्नो महत्त्व स्थापित गर्न साहित्यतिर लागे । विक्रम नेपाली, बाबुकाजी नेपाली, बालकृष्ण थापा, मगर श्रेष्ठ, रजनी थापा आदि छद्म नाममा समेत लेख्ने उनको साहित्यलाई समाजले बुझ्न भने सकेन । "साहित्यले समाजसित गर्ने संवाद ढिलो हुन्छ, त्यही काम राजनीतिले एकदमै छिटो गर्न सक्छ भन्ने लागेर म राजनीतिमा लागेँ," उनी भन्छन्, "तर मैले नसक्ने वा नबुझ्ने किसिमले पो संवाद गर्दो रहेछ ।"

नारायणको ब्याड ब्वाय छवि किन पनि बन्यो भने कुनै बेला हंग्री जेनेरेसनजस्तो अराजकतावादी दर्शनको पछि लागेका थिए । कपाल पाल्ने, ठूलठूलो बुट अनि पालजस्तो बाक्लो जिन्स लगाउने, लागूभागू खाने, गाँजा-भाङ-धतुरो-एलएसडी केही नछाड्ने । निरन्तर डुलिहिँड्ने लफंगो ।

उनका बा, बाजे, कुप्रा बाजे थिए काँठमा कहलिएका ज्योतिष । नातिले घरमा झन्डा हाल्छ भन्थे बाजे । गृह मन्त्रालयको शान्ति सुरक्षा शाखामा सुब्बा थिए, बा । अराष्ट्रिय तत्त्वको कोड ट्रान्सलेट गरेर सचिवलाई बुझाउने विश्वासपात्र । तिनैका जेठा छोराले टुप्पी फाले, जनै चुँडाले र

पुरानो कुरासित आनन्द नआएकाले घर छाडेर हिँडे । राजनीतिमा लाग्दा एक दर्जन पटक पक्राउ परे र जेल बसे ।

उनलाई मार्क्सिजमतिर लैजाने पनि त्यही हिप्पिजम रहेछ । एलेन गिन्सबर्गको कवितांश 'मार्क्स पढिरहेको छु र गाँजा खाइरहेको छु' पढेपछि उनलाई होसहवास आयो- गाँजा खाएर मात्र हुँदो रहेनछ, मार्क्स पनि पढ्नुपर्ने रहेछ । "म हिप्पी नभएको भए कुनै हालतमा मार्क्सवादी हुने थिइनँ," उनी भन्छन्, "प्रेम सम्बन्धको ढाँचा, गाँजादेखि खानासम्मको साझेदारी अनि नारीका निम्ति समतामुखी स्पेस हेर्दा हिप्पिजम अहिले पनि प्रगतिशील लाग्छ ।"

शरणविक्रम मल्ल, रघुजी पन्त अनि युवराज कार्कीले विमल निभा र उनलाई पुष्पलालको लाल शिविरमा पुर्‍याए । हिप्पीको त्यस्तो अराजकताबाट निस्केका उनी १० वर्षसम्म कुनै भट्टीमा पसेनन्, गाँजाचरेस खाएनन्, प्रेमको चक्करमा लागेनन् । भाषण गरेर कहिल्यै भागेनन्, श्रोताको आँट बढाउनका निम्ति ।

तत्कालीन नेकपा (माले) को मुखपत्र दृष्टि साप्ताहिकको सम्पादकका रूपमा खटिए । उनको पारा देखेर गोपाल गुरागाईं मुसुमुसु हाँसिरहन्थे । तर उनले सात दिनमै गियर लिइहाले । त्यतिबेला बाग्मती अञ्चलाधीश कार्यालयलाई चार हजार प्रति जफत गराएर ६० हजारसम्म बजारमा पुर्‍याएको फूर्ति उनी लगाइरहन्छन् । रत्नपार्कमा माइला भनिने कृष्णप्रसाद गौतम *गोरखापत्र*भित्र हालेर *दृष्टि* बेच्थे । जिल्ला-जिल्लाबाट फोन आउँथ्यो रे, 'खै हाम्रो झन्डा आइपुगेन ।'

भूमिगत नाम मुक्ति भएका उनले सात वर्ष मास्टरीमा खर्चिए । मूलपानी गाउँ पञ्चायतको जनपक्षीय प्रधानपञ्च लड्नका निम्ति राजीनामा दिएर निस्कँदा उनी एक हाइस्कुलका हेडमास्टर थिए । तर उनी तेस्रो भएर हारे । ०४९ मा त्यसको बदलासहित गाविस अध्यक्ष चुनिए । तत्कालीन एमाले महासचिव मदन भण्डारीले जिल्ला विकास समिति काठमाडौँको उपसभापतिमा उठाए । पूर्वविद्यार्थी रहेका कांग्रेस मतदाताले सघाएकाले जिते पनि ।

०५३ मा तत्कालीन पार्टी अध्यक्ष मनमोहन अधिकारीले काठमाडौं क्षेत्र नं १ छाडे र त्यहाँको उपनिर्वाचनमा उनैलाई उठाए । उनले तीन वर्ष संसद्को सुविधा लिए तर सुत्केरी भत्ता खाएनन् । एमाले काठमाडौं जिल्ला सचिव हुँदा पजेरो-प्राडो लिनुहुन्न भन्ने सर्कुलर गर्दा झन्डै कारबाही भोगेनन् ।

एमाले विभाजनपछि मालेमा लागेका उनी सात दिनभन्दा बढी टिक्न सकेनन् । वामदेव गौतमभन्दा पहिले एमालेमा फाल हाले तर हाल उनको कुनै पदीय सक्रियता देखिँदैन । यी अस्थिर र असफल राजनीतिक प्राणी हिजोआज ठाडै भनिरहेका छन्, "म राष्ट्रिय सभामा जाँदा आन्दोलनलाई धोका हुँदैन ।"

"म हिप्पी नभएको भए कुनै हालतमा मार्क्सवादी हुने थिइनँ ।"

एकेडेमीमा 'म नजाने' भनेर हात उठाउने पनि यिनै नारायण थिए ।

"म नश्लवादी त होइन । तर पानीभन्दा रगत बाक्लो हुन्छ भन्ठानेँ ।"

कुनै बेला एमालेको संस्कृति विभाग प्रमुख प्रदीप ज्ञवालीले एकेडेमीमा जानेहरूले 'हात उठाउनोस्' भन्दा 'म नजाने' भनेर हात उठाउने पनि यिनै नारायण थिए । केका लागि सांसद बन्ने त ? उनको तर्क छ- राष्ट्रिय सभामा कुनै नतिजा दिनु पर्दैन । "काँठमा पार्टी संगठन गरेको श्रेय त छँदै छ, साहित्यकारका हिसाबले पनि मेरो योग्यता पुग्छ, ओलीजीले बुझ्नुपर्ने हो," संसद्मै आफूलाई पर्यटक घोषणा गरेका उनी भन्छन्, "तर हाम्रो राजनीतिक (कु) संस्कृतिका कारण त्यति आशावादीचाहिँ छैन ।"

सांसदको तीन वर्षे पदावधि सकिएपछि बेरोजगार भएका बेला उनले झूर स्तम्भसमेत लेखे । बैंकबाट चार लाख ओभर ड्राफ्ट लिँदा झन्डै घर लिलामी गएन । घर जोगाउन भारतीय लगानी रहेको आप्का हाउसमा जागिर खाए, आठ वर्ष । उनलाई देशभक्त भनेर सधैं धाप मार्ने राजेश्वर देवकोटाले नै घृणा गरे ।

सरकारी मार्क्सवादी हुन नचाहने नारायण ढकाल कोलम्बियाली लेखक मार्खेजको ब्रान्ड एम्बेसडरजसरी प्रस्तुत हुन्छन् । अहिले पनि खराब गर्न कहाँ पाइन्छ भनेर मौका खोजिपस्छन् । कहिले मापसेमा होलटाइमर भए । थुप्रै प्रेम गरे, छुटेपछि सेन्टीचाहिँ भएनन् । हिप्पीको प्रभावमा बरू अर्को प्रेममा सल्किए । दार्जिलिङबाट फर्केलगत्तै बाले जबर्जस्ती विवाह गरिदिएपछि पत्नीप्रेममा परे । अहिले त पाँच छोराछोरीबाट दस नातिनातिना नै छन् ।

हिप्पीकालमा पश्चिमा ब्यान्डका गीत सुने उनले । गितार बजाउने कोसिस पनि गरे । बिट भंग भएको झाङझाङ अहिले पनि चल्छ । लोक लयमा नाच्छन् पनि । कर्मकाण्ड पछ्याउनु उनको बाध्यता हो । वयोवृद्धा आमाकै खुसीका लागि बाको काजकिरिया मात्र गरेनन्, बर्सेनि श्राद्ध पनि गरिरहन्छन् । पत्रिकाको जागिरे हुँदा 'बद्री केदार जानु छ' भन्दै ढाँटेर बिदा लिई *प्रेतकल्प* लेखेका उनले ससुरा बासित त्यहींको तीर्थयात्रा पनि गरे ।

मूलपानीको हावापानी उनलाई फलिफाप भएको छ । स्फूर्ति र स्मृति राम्रो छ । "अस्ति मुटु जँचाउँदा तेरो मुटु सोह्र वर्षको जस्तो छ भन्यो । साँच्चै भन्यो कि चाप्लुसी गर्‍यो ?" उनी ठट्यौली मुद्रामा आउँछन्, "बेलुकी बुहारीले माया गरेर धेरै भात खान दिन्छिन् । स्लिम फिट भुँडी पनि पुटुस्सिएको छ ।" छोराहरू पढाउन काँठको दुई रोपनी जग्गा बेचेका यी लेखकसित अझै पनि पाँच रोपनीजति सहीसलामत छ । भलै खेतीपाती गर्दैनन्, भाडामा दिएका छन् ।

पाठकवृन्दले शंका गरे पनि नगरे पनि उनले जति बुझेका छन्, त्योभन्दा धेरै नै लेखिसके । काँठको थोरै कच्चा पदार्थ लिएर धेरै किताब लेखेको ख्याल उनलाई छ । अर्को किताब नआउन्जेल अन्तर्वार्ता पनि नदिने उनको अठोट छ । लेखकीय 'मालम्याटिरियल' दोहोरिनु भनेको आत्महत्याबराबर हो । कम्तीमा त्यो उनी चाहँदैनन् ।

पक्कै पनि नारायण ढकाल श्राप परेर लेखक भएका होइनन् । स्वान्त सुखाय मात्र होइन, लेखकीय आनन्द अनि समाज र जागरूक पाठकसितको संवादका लागि उनी लेखिरहन चाहन्छन् । अब वर्षौंटै किताब निकालेर झिझ्याट लगाउने विचार पनि छैन । उनको अनुरोध छ, "कम्तीमा दुई वर्ष प्रकाशकले फुर्सद दिए हुन्छ । पाठकले पनि पर्खिए हुन्छ । मलाई माफ गर्नुहोला ।" ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

नेपाल म्यागजिन

अब APP मा पनि

आजै डाउनलोड गर्नुहोस् ।

GET IT ON Google Play

Available on the App Store

योनी शक्ति

निभा शाह

विष पुरूषहरू सुन
स्त्रीत्व मौन आगो भएको बेला
पुरूषत्व मौन आँधी भएको बेला
योनीकरको आर्तनाद सुन
विष पुरूषका विरासती विष पुरूषहरू हो सुन
योनीकरको आर्तनाद सुन ।

कुकुरबाट बलात्कार गराए। नांगो बनाए। ममाथि दुइटा कुकुर छाडिदिए। अनि मेरो इज्जत कुकुरबाट लुछ्न लगाए। अचेल म बाटोमा कुकुर देख्दा बौलाहाजस्तो हुन्छु, डरले काम्छु।

यी बलात्कृत आर्तनादी शब्दहरूले मलाई छुँदै गए । के योनी विष पुरूषहरूको विष खन्याउने भाँडो हो ? के योनी पितृसत्ताको विषदानी हो ? इतिहासदेखि वर्तमानसम्म स्त्री देह आमा हो कि भाँडो हो ? स्त्री देह प्रेमस्पर्श हो कि प्रेमको दहन हो ? स्त्री देह मान्छे हो कि वस्तु हो ?

लालपुर्जाले जन्माएको पितृसत्ताको घेराभित्र योनी कब्जा र स्त्री देह कब्जामा तात्विक भिन्नता हुँदैन । यी दुवैको रूपमा भिन्नता देखिए पनि सारमा एकता हुन्छ । वैवाहिक संस्थाद्वारा पुरूषले स्त्रीको देह, योनी र गर्भाशय कब्जा गर्छ । यो संस्थाबाट पुरूषले स्त्रीको योनी कब्जा गर्छ। षोडसी सुन्दरी संस्थामा चाहिं जो स्त्री सुन्दरी छे, त्यसलाई ठूलो दाममा ठूला मालिकहरूले आलोपालो गरी स्त्रीदेह खरिद बिक्री गर्छन् र आलोपालो सहमतिमा भोग्या बनाउँछन्। यो संस्थाकी प्रतिनिधि पात्र माधवी र आम्रपालीहरू हुन् । विवाह संस्थाभित्र नियोग उपसंस्था छ, त्यसकी प्रतिनिधि पात्र माद्री र कुन्तीहरू हुन् ।

पितृसत्ताभित्र स्त्री देहको दैहिक एवं मानसिक उत्पीडनका लागि बनाइएका थुप्रै गठमठ छन्। निर्मला काण्डले पनि भन्छ, सिंहदरबार सरकार आफैं गठमठ हो । पुरूषले स्त्री देहप्रति यतिविघ्न घृणा किन गर्छ हँ ?

कैलालीको घटना हो। म सानो छँदा बाटोमा एउटी केटी रूँदै-कराउँदै गरेको आवाज सुनेर सबै त्यतै हेर्न गए । म पनि एक थरूनी आमाको पछाडिपछाडि गटिया समातेर त्यहीं गएं। त्यो दृश्य देखेर एकदम डराएं। एउटी केटी जोडजोडले चिच्याइरहेकी छन्। तिनै केटीलाई डोरीले बाँधेर जगल्टा लुछ्दै घिसारिरहेका छन्। ती केटीको कपाल लामो थियो। डोरीको तल रातो फुर्को थियो । कोही त्यही फुर्कोभन्दा माथिको भाग समातेर तानिरहेका थिए। चोलो च्यातिएर स्तन देखिन्थे। तिनी भयभीत र निरीह देखिन्थिन्। जस्तो, बाघको अगाडि बाख्रा परेको होस्। बिरालाको अगाडि मुसा परेको होस् । मलाई त ती पुरूषको हिंस्रक रूप देखेर डर लाग्यो । मेरो भयभीत र रून्चे अनुहार देखेर ती थरूनी आमाले भनिन्, 'डराइटो बाबु आऊ बुकु' भन्दै बोकिन्। मचाहिं बुकु लागेर आतंकित दृश्य हेरिरहें।

यो समाज एक स्त्रीलाई घिसार्दै, तान्दै ल्याइरहेको दृश्य हेर्दै थियो। जुन उनी साङ्लामा बाँधेर तान्दै गरिएकी एक मुढा हुन् । ठूली भएपछि पो थाहा पाएँ, त्यो साङ्ली मुढा त जारी प्रथाको कानुनी प्रहसन रहेछ ।

तिनै साङ्ली मुढा १४ र १५ वर्षको हुँदा राम (मेला) हेर्न गएको बेला एक जना केटाले केटी तान्ने परम्पराअनुसार तिनको सप्को तान्दै संगी-साथीसँग मिलेर घिसार्दै-पछार्दै घर लगेछ । तर ती केटी त्यहाँबाट उम्की माइत गई बसिछन् । त्यो केटाको घरमा कहिल्यै फर्किनछन्। उक्त घटनाको दुई-तीन वर्षपछि ती केटी अर्कै केटालाई मन पराएर गइछिन् । सामाजिक रीतअनुसार 'पोइल' जानु स्वाभाविक हो । त्यसरी गएपछि सप्को तान्ने केटाले (साङ्ली मुढाको सप्को तानेबापत) ५ सय रूपैयाँ उनको लोग्नेसँग उपजारी लिएछ ।

घर समाज पितृसत्ता न हो। लोग्ने टिपेको केही समयपछि साङ्ली मुढालाई तिनका लोग्नेले बेस्सरी पिट्न थालेछन्। पिटाइको पीडा खप्न नसकेपछि तिनले नौलो पोई टिपिछन् । नौलो पोई त टिपिन्, त्यसपछि भूपू पोईले नौलो पोइसँग ५ सय रूपैयाँ सप्को तानेको उपजारी मागेछ। तत्कालीन कानुनअनुसार बाँकी आफ्नो जारीको रकम १ हजार रूपैयाँ पनि मागेछ । नौलो पोइली पक्षले भूपू पोइली पक्षलाई १ हजार रूपैयाँ जारी तिर्न तयार भयो तर उपजारी ५ सय रूपैयाँ तिर्न तयार भएन । त्यस कारण भूपू पोइली पक्षले ती साङ्ली मुढालाई घिसार्दै आफ्नो घरतिर लग्दै रहेछ ।

२५-३० वर्ष अघिसम्म पनि पहाडबाट मुवाल्याहरू हिउँदभरि गाईवस्तु ल्याएर तराई झर्थे । ती मुवाल्याले आफ्ना गाईवस्तु जसको खेतमा बाँध्थे, त्यसबापत खेतवालासँग अनाज लिन्थे । अनाज लिने मुवाल्याहरूचाहिं रातमा गाईवस्तु

कुर्न अस्थायी छाप्रो बनाएर खेतमा सुत्थे । एक रात मुवाल्याहरू छाप्रोमा सुतिरहँदा घोडसवारको एक समूह एक केटी लिएर उनीहरूको छाप्रो नजिक आएछ । त्यो समूहले ती केटीको मुखमा कपडा बाँधेर सामूहिक बलात्कार गरेछ । सलाईको काँटी बाल्दै स्त्री देह पोलेछन्, घाँटी न्याकेर मारेछन् । लासमाथि पिसाब फेरेर फेरि बलात्कार गरेछन् । बलात्कारपछि स्त्री देहलाई थुकेछन्, लात्तीले हानेछन् । लाशलाई बोरामा बाँधेर लगेछन् । उक्त घटना मुवाल्याहरूले त्रसित भएर छाप्रोभित्रबाट हेरेको हेऱ्यै भएछन् र बिहान गाउँलेलाई सूचित गरेछन् ।

क्रिसमस इभ थियो । म एक्लै सिकागोको सडकमा हिँडिरहेकी थिएँ । चार जना केटाहरू आएर मेरो कन्चटमा बन्दुक राखेर बस्न लगाए । तिनीहरूमध्ये एउटाको हातमा बन्दुक भएकाले मैले कुनै शारीरिक प्रतिक्रिया जनाइरहेकी थिइनँ । तिनीहरूले मलाई लुछे, पिटे र जमिनमा पछारे । म बलात्कृत हुंदै गएँ । यो बलात्कृत हुनुको अनुभूति हो, अन्तर्राष्ट्रिय स्तरकी हेयर स्टाइलिस्ट सपना भवनानीको ।

यस्ता थुप्रै दैहिक एवं मानसिक पीडाका अनुभूति छन्, स्त्रीसँग । कुनै विष पुरूषले स्त्रीको यौनांगमा खुर्सानीको धुलो छरेको अनुभूति, कुनै विष पुरूषले कंकड हालिदिएका अनुभूति छन् । यो पितृसत्ताको दुनियाँमा स्त्रीसँग विषैविषको अनुभूति छ । पुरूषहरू आफू त बलात्कार गर्छन् नै, कुकुरलाई समेत बलात्कारी बनाएर स्त्री देह लुछ्न लगाउनुले प्रमाणित गर्छ । पुरूष देहले स्त्री देहलाई घृणा गर्छ तर किन ? पुरूष मनोविज्ञान थाहा भएन । चाहन्छु, माधवी हुने प्रक्रियामा पूर्णविराम लागोस् ।

उनी जातप्रथाअनुसार 'तल्लो' तमिल महिला थिइन् । उनीजत्तिको काली सुन्दरी मैले श्रीलंकामा देखिनँ । उनी प्रत्येक दिन मकहाँ शौचालय सफा गर्न आउँथिन् । मैले उनलाई मनबाट निकाल्न सकिनँ । उनी आउने बाटामा केही न केही उपहार राखिदिन थालेँ । तर ती महिला उपहार तिरस्कार गरेर हिंड्थिन् ।

एक बिहान मैले उनको कलाई (नाडी) जोडले समातेर आँखामा हेरेँ । आँखाभित्र कुनै भाषा थिएन । उनी बिनामुस्कान एक ओछ्यान भइन् । यो एक पुरूष र एक मूर्तिको सम्भोग थियो । यो अनूभूतिपछि मैले यस्तो कहिल्यै गरिनँ । यी अभिव्यक्ति नोबेल पुरस्कार विजेता कवि पाब्लो नेरूदाका हुन्, जुन उनको आत्मकथामा छ । अब भन्नु के ? को विष पुरूष, को अमृत पुरूष ? छुट्याउने गाह्रो । यत्ति भन्न सकिन्छ- *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्तिमा* एंगेल्सले भनेझैं लालपुर्जाको व्यवस्था मात्र एक कारण होइन, महिला अन्तिम उपनिवेश हुनुमा । हो, लालपुर्जा महिला उत्पीडनको प्रमुख कारण हो तर सबै होइन । पुरूष देहभित्र पनि केही त्यस्तो तत्त्व छ, जसले महिला हिंसा गर्छ, जसको औषधीबारे शोध भएको छैन वा मैले पढ्न पाइनँ ।

जब सूर्य
मध्याह्नको तप्त धूपमा
पसिना-पसिना भएर
तप्प तप्प चुहिन्छ
त्यो चुहानको पल
सूर्यको प्रसव पीडाको पल हो,
हो यही प्रसव पीडाले जन्माउँछ दियालो
अब भन त महाशय
यो सृष्टिको आगो
कसको गर्भाशयले जन्मायो ?? ने

के योनी विष पुरूषहरूको विष खन्याउने भाँडा हो ? के योनी पितृसत्ताको विषदानी हो ? इतिहासदेखि वर्तमानसम्म स्त्रीदेह आमा हो कि भाँडो हो ?

रूपेशका रुमानी कविता

राजकुमार बानियाँ

स्रष्टाको संख्या थपिँदै गए पनि उति सारो सिर्जनशीलता नदेखिने विडम्बना छ, नेपाली साहित्यमा । नयाँ कृतिका नामै हेर्दा पनि त्यो लज्जाबोध हुन्छ । अधिकांशले एक शब्दमा त कसैकसैले बढीमा दुई शब्दका नाम राख्छन् । सिर्जनशीलता एक वा दुई शब्दमा बन्दी हुन सक्दैन । समाचारवाचक रूपेश श्रेष्ठले आफ्नो पहिलो कविता किताबको नाम तीन शब्दमा जुराएका छन्, *घिन्ताङ घिसी ट्वाक* । यस्तो पो सिर्जनशीलता !

किस्नमानको जिन्दगीमा त/सागैसाग मात्रै छ/त्यसबाहेक कुनै उत्सव छैन/ छ त केवल प्रकृतिको पूजा र जात्राहरू/र सालिन्दा आउने/मृत्युको एक सुन्दर उत्सव/घिन्ताङ घिसी ट्वाक !

भक्तपुरे (सायद) किसान किस्मान कुटूको पोर्ट्रेटमा हरियो रङ चम्केको छ । उसको समय भनेको हनुमन्ते खोलाको पानी मात्रै हो । उसको जीवनको अर्थनीति हो, हरियो साग । निनी (फुपू) ले कपाल खौरेर गुठियारले देवल घुमाई मेल्वा (व्रतबन्ध) गरिदिएपछि बाले नामसारी गरिदिएको खर्पन बोकेर जिन्दगी चलाइरहेको एक पाको पात्र ।

'घिन्ताङ घिसी ट्वाक' भक्तपुरको सुन्दर सांस्कृतिक विम्ब हो । बर्सेनि गाईजात्रामा परम्परागत नेवारी बाजा धिमे घन्काएसँगै लौरी ठोक्काएर निकालिने ताल अनि झाँकीलाई रूपेशले कविताको मौलिक कथ्य बनाएका छन् । गाईको प्रतीकलाई धिमेको धुनसँगै दिवंगत आत्माको शान्तिको कामना गर्दै नगर परिक्रमा गराउने परम्पराको जमिनमा उभिएको छ, कविता । कुनै चामत्कारिक काव्यिक अभिव्यक्ति नभए पनि यसले एउटा नवीनता र ताजापन देखाएको छ । काव्यनायक किस्नमानका माध्यमबाट पींधका मान्छेका आवाज प्रस्फुटन भएको छ ।

जीवन र संगीत, उत्सव र संगीत अनि लोक जीवन र कविताको सम्बन्ध निकट हुन्छ । यस्तै मसिना अनुभूति उनेर कविता लेख्न सिपालु छन्, रूपेश । कविमा गाउँप्रति अतिशय प्रेम छ । रूमानी भँगालोका कवितामा प्रेम मात्रै फुलिरहने सपनाको सातै रङ खुलेको सुन्दर गाउँको चिया पसलमा भुनभुनाइरहने स्वर पनि समेटिएका छन् । सहरतिर पसेपछि कविलाई लाग्छ, को हिँड्छ होला यो बाटोमा आजभोलि ?

काँठ कस्तो औपचारिकतामा रमाइरहेको छ भन्ने रोचक कविता हो, 'छिमेकी' । पुरूषोत्तम दाइ बिहानको भान्साअगाडि बरन्डामा हात धुन निस्कन्छन् र भान्सा भयो भनेर कविलाई सोध्छन् । र, खाना खान बोलाउँछन् पनि । कवि सधैं हुन्छ भन्छन् तर जाँदैनन् । पुरूषोत्तम पनि कर गर्दैनन् ।

साँझ खाइसकेर कवि पनि आँगन अघिल्तिर चुठ्दै पुरूषोत्तमलाई भान्सा भए-नभएको सोध्छन् अनि खान बोलाउँछन् । उनी पनि हुन्छ भन्छन् तर आउँदैनन् र कवि पनि उस्तो बल गर्दैनन् । पुरूषोत्तम कविका छिमेकी हुन्, कवि पुरूषोत्तमका छिमेकी । छिमेकको बयानबाजीमै रूपेशको अभिव्यक्ति शैली थाहा हुन्छ । 'नेपाल यातायात' मा कवि सार्वजनिक यातायातको बेथिति चित्रण गर्छन् । यात्रुलाई सम्मानजनक व्यवहार हुन नसकेको चिन्ता जनाउँछन् । कवि भन्छन्, 'ओ नेपाल यातायात ! अलिक सुस्त हिँड, जिन्दगी लामो छ, टक्क चोकमा रोक, ठिक्क यात्रु बोक, बजाऊ नारायणगोपालको कुनै मीठो गीत, सिकाऊ सहचालकलाई थोरै मीठो लवज । हाँसेर बोलाऊ आउनेहरूलाई, हाँसेरै बिदा गर जानेहरूलाई ।' कविता सामान्य छ तर यसले आम आदमीका आकांक्षा बोलेको छ ।

संग्रहका ४२ कविता उस्तै कोटिका भने छैनन् । तिनमा बौद्धिकताभन्दा ज्यादा कोमल भावना नै फक्रिएका देखिन्छन् । उनका प्रायः कविताले सभामा सुनाउने र थपडी पाउने हक राख्छन् । त्यसो त कविले आत्माको भाषा पनि नपक्रेका होइनन् । एक्लोपन सुसेलिरहेको वृद्धावस्थाको चित्रण छ, 'रामसिंह बूढा' मा । पुँजीवाद र बजारीकरणको अभिव्यक्ति हो, 'जिन्दगी सेलमा' । 'अखबार' कविताले मुलुकको विसंगतिलाई पटाक्षेप गरिदिएको छ । 'सालिक' कवितामा चरम राजनीतिक विस्मय छ ।



घिन्ताङ घिसी ट्वाक

कवि : रुपेश श्रेष्ठ
प्रकाशक : बुकहिल पब्लिकेसन
पृष्ठ : ९५
मूल्य : ३०० रुपैयाँ

रूपेशका कवितामा लालित्य मात्र छैन, व्यंग्य र प्रतिरोध पनि छ । समाज, शक्ति र सत्तासँगका प्रश्न छन्, जीवन र जगत्का फरक-फरक आयाम छन् अनि सामाजिक यथार्थ र मिथकीय प्रयोग पनि । मुख्यतः जनमनका संवेदना मुखरित भएको छ । सचिन यगोल श्रेष्ठको उम्दा आवरण चित्रकारिताले पनि यसलाई ज्यान दिएको छ ।

कविता न तमसुक हो, न त खबर मात्रै । स्वस्फूर्त उच्च रसात्मक अभिव्यक्ति भएकाले कवितालाई कुकुर छुट्टीमा/पुलिस भट्टीमा मार्का तुकबन्दीमा सीमित गर्न सकिँदैन । कतिपय कविताको आरम्भ गतिलो भए पनि अन्त्य सोहीअनुसार गहकिलो हुन सकेको छैन । पेसाले सञ्चारकर्मी भएकाले कवितामा समाचारको प्रभाव ज्यादा छ । समाचार र सिर्जना अलग गर्न सकेको खण्डमा उनका कविता अझ अग्लिन सक्छन् । ने

तीन किताब

डा अनुप सुवेदी | संक्रमण रोग विशेषज्ञ



गरिमामय मृत्यु

संसारको इतिहासमै सबैभन्दा महत्त्वपूर्ण, कुशल र सफल राजनेतामध्ये एक मानिने अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनको उम्मेदवारीदेखि हत्यासम्मको समय र कार्यको लेखाजोखा हो, **टिम अफ राइभल्स** । डोरिस कियर्न्स गुडविनलिखित यस किताबमा अश्वेत जातिलाई मुक्ति दिलाउने त्यस्तो नेतृत्व कसरी जन्मिन्छन् भन्ने अहं प्रश्नलाई केन्द्रमा राखी इतिहास पर्गेल्ने काम गरिएको छ । लिंकन राष्ट्रपतिमा छानिनुअघि भर्खरै जन्मिएको रिपब्लिकन पार्टीभित्र विविध पृष्ठभूमिका अग्रज पात्र र आवाज थिए । उनी निर्वाचित हुनेताका अमेरिकाका दक्षिणी राज्यहरू छुट्टिने मागसहित गृहयुद्धमा जाने मानसिकतामा थिए । विपक्षीहरूले नरूचाएकै परिवेशमा विजयी लिंकनले अपत्यारिलो र अप्रत्याशित काम गर्छन् । नामी तीनै कट्टर विपक्षीलाई उनले मन्त्री बनाउँछन् र बिस्तारै सम्मान पनि जित्छन्, जसले उनको नेतृत्वशैलीमा निहित विलक्षणता उजागर गर्छ । दैनिक कार्यशैली हेर्दा उनी अत्यन्त सरल र नम्र लाग्छन् । व्यक्तिगत तहमै एकदमै अपमान गर्ने पार्टीभित्रकै वकिललाई समेत मन्त्री बनाउँछन् तर ती व्यक्तिले मन्त्री छँदै पनि लिंकनको आलोचना गर्छन् । काम गर्दै जाँदा ती व्यक्तिलाई आफ्नो प्रशंसक बनाउन सक्नुलाई लिंकनको सम्पत्ति मान्न सकिन्छ ।

लिंकन कुनै विरासतबाट नभई गरिब परिवारबाट आएका थिए । कानुनको स्वअध्ययन गरेका उनको भावनात्मक विद्वता उच्च थियो । व्यक्तिगत आकांक्षालाई कहिल्यै अघि नसार्ने उनले आफूलाई देश र जनताको नाडी छाम्न सक्षम एक इमानदार राजनेताको रूपमा उभ्याए । गरिब जनतालाई साथीजस्तै व्यवहार गर्ने उनी कविताजस्ता भाषण गर्न सक्ने वाक्‌कलाका धनी थिए । समाजका विभिन्न तप्काका मानिसको दुःख बुझेका निष्कपट र फराकिलो हृदयका लिंकनले प्रतिस्पर्धीसँग विनयशील हुन सक्ने खुबी राख्थे । विषयलाई गहिराइमा बुझ्ने, आफैँलाई परीक्षण गर्ने र नैतिक निष्ठामा नडगमाउने उनले हन्डर पनि पाएका हुन् । बेलाबेलामा उदास भए पनि उनको हास्यचेत उच्च थियो । गुरूभन्दा स्वसिकाइ नै उनको सामर्थ्य थियो ।

अमेरिकामा प्रगतिशील युग सुरू गर्ने अमेरिकी राष्ट्रपतिद्वय थियोडर रूजबेल्ट र विलियम हावर्ड टाफ्टको जीवनी हो, **द बुल्ली पुलपिट** । गुडविनकै यो पुस्तकअनुसार नयाँ युग आउनमा प्रयोगशील पत्रकारिताको ठूलो हात छ । अहिले नेपालमा देखिएजस्तै औद्योगिकीकरण र सहरीकरण बढ्दै जाँदा अमेरिकामा अकुत सम्पत्ति कब्जा गर्ने वर्गको उदय हुन्छ, जसको हातमा जमिन, खानी, रेल-रोड सबै पुग्छ । यस्तो आर्थिक प्रणाली फस्टाउँदै गएपछि राजनीतिक संयन्त्र र धनीमानीबीच अपवित्र गठबन्धन हुँदै जान्छ, जसका कारण दैनिक राज्य सञ्चालनदेखि शक्ति-संघर्षमा व्यवसायीहरू हाबी हुन्छन् । धनीहरू असाध्यै धनी र गरिबहरू झनै गरिब हुने क्रम व्यापक हुन्छ । आर्थिक असमानताकै कारण आम जनतामा राज्य र राजनीतिप्रति चरम वितृष्णा पैदा हुँदै जान्छ । पुँजीपतिहरूकै इसारामा चल्ने शक्ति संयन्त्रको जगजगीकै बीच रूजबेल्ट र टाफ्ट पनि राष्ट्रपति बन्छन् । उनीहरूले विभिन्न नीतिबाट ठूला निगमलाई टुक्र्याइदिन्छन् र आर्थिक एकाधिकारवादको अन्त्य गरिदिन्छन् । अनियन्त्रित पुँजीवादले सर्वत्र हानि गर्ने भएकाले नियन्त्रित अर्थतन्त्रको विकल्प नरहेको धारणा अघि सार्छन्, उनीहरू ।

कम्पनीहरूका ठगी, भ्रष्टाचार, एकाधिकार र राजनीतिक चलखेल सार्वजनिक गर्ने तटस्थ खोज पत्रकारहरूलाई रूजबेल्टले नै संरक्षण गर्छन् । यही सहकार्यले अमेरिकामा आर्थिक रूपान्तरण भएको मानिन्छ । व्यवसायी र बिचौलियाको नियन्त्रणमा पुगेको आजको नेपाली राजनीतिलाई दिशानिर्देश गर्न पत्रकारिताका युगीन चुनौती छन्, जसलाई बोध गर्न यो किताब सहयोगी हुन सक्छ ।

बिल क्लिन्टनको पालामा राष्ट्रपति कार्यालयका स्वास्थ्य सल्लाहकारसमेत रहेका शल्यचिकित्सक अतुल गवान्डेलिखित **बिइङ मोर्टल**मा मर्यादापूर्ण मृत्युको व्याख्या छ, जसमा लेखकको आफ्नै अनुभव पनि समेटिएको छ । मृत्यु चिकित्सकीय समस्या होइन, यसमा अप्ठेरो आयु लम्ब्याउनुभन्दा गुणस्तरीय जीवनको अर्थ हुन्छ । नेपालमा चरम बिरामीले अत्यन्तै खराब स्वास्थ्य सेवा झेल्नुपर्छ । असाध्य रोग लागेकालाई सम्बन्धित डाक्टर र परिवारले समेत वास्तविकता लुकाएर आफन्तसँग मात्रै परामर्श गर्छन् । सूचनाबिना कडा औषधी दिन सुरू गरेपछि बिरामीमा त्रास र संशयजस्ता मनोवैज्ञानिक असर पर्न थाल्छ, जसको पीडा अकल्पनीय हुन्छ । तर सही सूचना दिएर बिरामीको जीवनमा रहेका बाँकी पल अर्थपूर्ण बनाउन सकिन्छ ।

धेरैलाई लाग्छ, आफ्नो मृत्यु गरिमामय होस् । बिरामीको स्वीकृतिबिना उपचारै गर्नु हुँदैन र यो गोपनीयताको हक पनि हो । सांस्कृतिक समस्याका कारण गोप्य निर्णयबाट गरिने उपचारले अत्यधिक सकस र खर्च बढाउँछ । साथै भेटघाट, अन्तिम इच्छा-योजना, पारिवारिक सम्पत्तिका निर्णय आदि अधूरै रहने खतरा बढ्छ । अन्तिम अवस्थाका बिरामीसँग गर्नुपर्ने व्यवहार, परामर्श र वार्तालापबारे डाक्टरलाई उपयुक्त तालिम दिइएको पनि हुँदैन ।

मृत्युलाई स्वीकार्ने हाम्रो दार्शनिक दृष्टिकोण नै फरक हुनुपर्छ, जसमा चिकित्सक समुदाय, सांस्कृतिक विशेषज्ञ र राज्यले बिरामीको सचेत बचाइमा ध्यान पुऱ्याओस् । फरक र सिर्जनात्मक सोच निर्माणमा *बिइङ मोर्टल* आँखीझ्याल हुन सक्छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**



तस्बिर : मनोजसिंह नेवाको फेसबुकबाट

पशुपतिद्वारदेखि ग्रामीसम्म

गोकर्ण गौतम

बाँसुरीवादक मनोजसिंह नेवा, ४१, ले ४ मंसिरमा *फेसबुक*मा लेखे, 'प्रिय देवा र मिटेनले मलाई फोन गरेर चकित पार्ने समाचार सुनाए, हामी ग्रामी मनोनयनमा परेछौँ । यो हामी सबैका लागि सुखद समाचार हो ।'

संगीतका लागि विश्वकै सर्वोच्च पुरस्कार ग्रामी अवार्डमा नेपाली संलग्न संगीत सिर्जना मनोनयनमा परेको यो पहिलो अवसर हो । अमेरिकाको सनफ्रान्सिस्कोमा बस्दै आएका मनोज, जर्मनीकी देवा प्रेमल र बेलायतका मिटेनको संयुक्त एल्बम 'देवा' ग्रामीको ६२ औँ संस्करणको *वेस्ट न्यु एज एल्बम* विधामा छानिएको हो ।

गायत्री मन्त्रको भक्ति संगीतको यस एल्बममा मनोजले बाँसुरीको असाधारण धुन त प्रस्तुत गरेकै छन्, गायन र कम्पोजिसनमा पनि उनको भूमिका छ । अमेरिकाबाट मनोजले खुसी बाँडे, "सात एल्बममा ग्रामीमा आइपुग्यौँ । यसले हामीलाई औधी आनन्द र ऊर्जा दिएको छ ।"

पश्चिमा दुनियाँमा उनी 'मनोसे' नामबाट परिचित छन्, स्टेज नेम यही हो । पासपोर्टमा अंग्रेजी हिज्जे लेख्न गडबड भएपछि मनोजबाट मनोसे भएका रहेछन् । उक्त नामबाट जति ख्याति कमाए पनि

उनलाई मनोजसिंह नै प्यारो लाग्दो रहेछ ।

बौद्धमा जन्मिए-हुर्किएका मनोज बाँसुरीको धुनसँगै कसरी ग्रामीसम्म पुगे ? यात्रा रोचक छ ।

मनोज आठ वर्षका थिए, बाँसुरी हात पर्दा । सुरूमै बाँसुरी र यसको धुनले विछट्टै प्रेम जगायो । भन्छन्, 'भगवान् श्रीकृष्णको कृपाले बाँसुरीप्रति लगन पैदा भयो । बौद्ध स्तुपाभित्र र पशुपतिद्वार पुगेर बजाउन थालें ।' धेरैका लागि संगीत मनोरञ्जनको माध्यम हो । बाँसुरी बजाउनुभित्र यस्तै चाह लुकेको हुन्छ तर मनोज बाँसुरीसँग आध्यात्मिक चेतका साथ नजिक भए । अन्तरमनको खुसीका लागि बाँसुरीसँग खेल्न थाले ।

पशुपति किरातेश्वरमा गएर बजाउन थालेपछि उनले थाहा पाए, त्यहाँ किरातेश्वर संगीत आश्रम छ । त्यहाँ उनको भेट भयो, गुरू मदनदेव भट्टसँग । यो सामीप्यले उनको बाँसुरी वादनकलामा निखार ल्याउन भूमिका खेल्यो । मदन गुरूसँग सिकेपछि शास्त्रीय संगीतको बाल प्रतियोगितामा प्रथम भए । त्यसपछि अन्य स्वनामधन्य कलाकारसँग सिक्ने र संगत गर्ने माहोल जुर्‍यो । *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*मा बजाउने मौका पाए ।

मनोजले आफूलाई भाग्यमानी ठान्ने कारण अनेक छन् । तीमध्ये एक हो, १६-१७ वर्षकै उमेरमा उनले नेपालको प्रतिनिधित्व गर्दै विदेशमा बाँसुरी बजाउन पाए ।

दुई दशक अगाडिको कुरा हो, होमनाथ उपाध्याय, ध्रुवेशचन्द्र रेग्मी, अतुल गौतम, प्रमोद उपाध्याय र मनोजको समूह थियो, प्रस्तार । यो समूह नेपालको मौलिक र परम्परागत संगीत पस्कँदै जर्मनी, स्वीट्जरल्यान्ड, अमेरिकालगायत धेरै देश पुग्यो । यसबाट मनोजले पश्चिमा दुनियाँको पूर्वीय दर्शन र संस्कृतिप्रतिको आकर्षण नियाल्न पाए । ध्रुवेश र अतुलसँग मिलेर सुकर्म ब्यान्ड खोले ।

त्यसबेला भर्खरै खुलेको १९७४ एडी ब्यान्डले सुरूमै वाहवाही पाउन थालिसकेको थियो । मनोज यसको सुरूआती सफलतामै जोडिन पुगेका थिए । उनका अनुसार आधुनिक संगीत लिएर विदेश जाने क्रम १९७४ एडीबाटै सुरू भएको हो । त्यसअगाडि विदेशमा परम्परागत संगीत मात्र जान्थ्यो । भन्छन्, "यस ब्यान्डमार्फत मैले लोक र शास्त्रीय संगीतलाई ज्याज र रकमा अन्तरघुलित बनाएँ, बाँसुरीको सहारामा ।"

बाँसुरी बजाउँदै अमेरिका पुगेपछि मनोजलाई हेक्का भएछ, यहाँ दर्शक-श्रोताको आयतन एकदम फराकिलो छ । आप्रवासीको देश भएकाले अमेरिकामा सबै देशका संस्कृति छन्, तिनलाई सम्मान पनि गरिन्छ । भारतका ठूला कलाकार जाकिर हुसैन, रविशंकरले पनि अमेरिकाबाटै संघर्ष गरे । भन्छन्, "अमेरिका 'क्यापिटलिस्ट' रहेछ । यहाँ जे रूचाइयो, संसारले त्यही रूचाउने रहेछ भनेर बुझेँ ।"

यसपछि मनोज स्थायी रूपमा अमेरिका बस्न थाले । उनलाई थाहा थियो, नेपाल भौगोलिक रूपमा सानो छ तर संस्कृतिले भरिपूर्ण । त्यसैले अमेरिका बसाइको सुरूआतबाटै नेपालसँगै बौद्ध र हिन्दु धर्म फैलाउन अग्रसर भइराखे । त्यतिबेला उनलाई लागेको थियो रे, म नेपालभन्दा यहाँ बस्दा नेपाली धर्म-संस्कृति र संगीतको विस्तारमा योगदान गर्न सक्छु । यो बुझाइले पूर्णता पाउँदै गयो । ग्रामी मनोनयन त्यसको पछिल्लो कडी हो ।

[बाँसुरीको आवाजमा यस्तो जादू हुन्छ, जसबाट सुन्नेको हृदय खुलिसक्छ ।]

मनोजले आफूलाई भाग्यमानी ठान्ने अर्को कारण पनि छ । उनी अमेरिकामा बस्न थाल्नु र योग अनि पूर्वीय दर्शनप्रति उत्साह चुलिनु एकै समय भयो । बाँसुरी बजाउन कति माहिर भने विदेशीलाई विदेशी पारामै बजाउँथे, नेपालीलाई नेपाली शैलीमा । यही गुणले विदेशीलाई पनि उनको धुनले छिट्टै मन्त्रमुग्ध बनायो । सनफ्रान्सिस्कोका धेरै ठाउँबाट बाँसुरी बजाउन निमन्त्रणा आउन थाले ।

त्यही बेला भेट भयो, देवा र मिटेनसँग । उनीहरूको पूर्वीय दर्शनप्रति सहानुभूति र प्रेम थियो, आध्यात्मिक भावले गाएको गीत र मन्त्रले मनोजलाई तान्यो । सम्झन्छन्, "उहाँहरूले मेरो बाँसुरी सुनेपछि कृष्णको धुनजस्तो मीठो भन्न थाल्नुभयो । सँगै काम गर्दा पशुपति र बौद्ध चिनाउन पनि सहज हुन्छ भन्ने लाग्यो । मेरा लागि देश भनेकै धर्म र संस्कृति हो ।" १५ वर्ष बित्यो, उनीहरूसँग सहकार्य भएको । देवा र मिटेनको भेटचाहिँ भारतमा भएको रहेछ । पछि उनीहरूले विवाह गरे ।

बाँसुरी बजाउनुमा मनोजको स्वार्थ र महत्त्वाकांक्षा थिएन । साधना र पूजाको रूपमा आफ्नै लागि बजाउँथे । उनको विलक्षण बाँसुरी वादनकलाले सबैलाई मोहित बनाउँदै लग्यो । तर उनले आफ्नो जरा अर्थात् बौद्ध-हिन्दु धर्म-संस्कृतिलाई पटक्कै भुलेका छैनन् । अघिल्लो वर्ष काठमाडौं हाडीगाउँ बस्ने फुपूलाई अमेरिका बोलाए । फुपू सानैबाट भजन गाउँथिन्, पशुपतिकुञ्जमा समेत उनका स्वर गुन्जिएका छन् ।

अमेरिका जाँदा जब मनोजले फुपूबाट 'हरे राम...' भजन सुने, उनलाई लाग्यो, यो एल्बममा राख्नुपर्छ । मिटेन र देवासँगको छलफलपछि यो भजन 'देवा' एल्बममा अटाएको छ । देवा र मनोजले मिलेर गाएका छन् । मनोजको कम्पोजिसनमा रविशंकरकी छोरी अनुष्काशंकरले सितारा बजाएकी छन् । भन्छन्, "भजन भनेको संस्कृतिको अमूल्य गहना हो । हाम्रो भजनलाई संसारभरका मान्छेले सुनेर मन पराउनुभयो, जुन ठूलो सफलता हो ।"

मनोजका अनुसार उनीहरूको समूहले संगीत मात्र होइन, अध्यात्मको पनि प्रचार गरिरहेको छ । पूर्वीय दर्शनका भोका धेरै छन् । संगीतमा ढालेर प्रस्तुत गर्दा उनीहरूलाई बुझाउन सजिलो हुन्छ । बाँसुरीको आवाजमा यस्तो जादू हुन्छ, जसबाट सुन्नेको हृदय खुलिसक्छ ।

आफ्नो यही चामत्कारिक गुणले हुनुपर्छ, मनोजको समूहले युरोप, अमेरिका, दक्षिण अमेरिका, क्यानडासहित संसारका सबै विकसित मुलुकमा सांगीतिक यात्रा गरिसकेको छ । मस्को (रूस) मा त एकै पटक ६ हजार दर्शक मनोजको बाँसुरीको धुनसँग लठ्ठिए । रूसमा मात्र बाँसुरी बजाउन ११ पटक पुगिसके । सन् २०११ मा भारतमा मनोजको समूहले प्रस्तुति दियो । नेपालमा भने अहिलेसम्म मौका जुरेको छैन । तर अर्को वर्ष नेपालमा कार्यक्रम गर्ने योजना बुनेका छन् । भन्छन्, "पशुपतिको किरातेश्वरमा बसेर बाग्मतीसामु बाँसुरी बजाउनुजत्तिको आनन्द अन्त कतै आउँदैन ।"

आशा गरौं, टिम मनोजले ग्रामी जित्नेछ । त्यसपछि किरातेश्वरमा बाँसुरी बजाउँदाको आनन्द झनै दोब्बर होला ! ■

विनयशील जीवनको अन्त्य

भास्कर गौतम

ढिलोच्छिटो प्रत्येक जीवनको अन्त्य अपरिहार्य रहने सत्यलाई सकार्दै सञ्चारकर्मी एवं साहित्यकार विनय कसजूको विनयशील जीवनले सदाका लागि विश्राम लियो । १० मंसिर ०७६ मा ७२ वर्षे उनको इहलीला सकियो । कसजूको जीवनसँगै नेपाली सञ्चार एवं साहित्यले एक दुरूह प्रयोगवादी स्रष्टा गुमाएको छ । आशा गरौं, कसजूले चिताएजस्तै आगामी दिनमा उनको जुझारू प्रयोगवादले अपेक्षाकृत नतिजा ल्याउनेछ । आउने पुस्ताले रचनात्मक हस्तक्षेप गर्दै नयाँ क्षितिजको खोजी जारी राख्नेछ ।

०५३ सालमा ग्रामीण पत्रिका *देउराली*को सयौं अंक निस्केपछि पत्रपत्रिकामा विनय कसजू र उनका सहकर्मीका कार्यबारे समाचार छापिए । लेखहरू प्रकाशित भए । त्यसैबेला मैले कसजूबारे पहिलो पटक थाहा पाएँ । ०५७ सालमा मार्टिन चौतारीका सहकर्मीहरूसँग मिलेर जब मैले काठमाडौंबाहिरका मिडियाको अवस्थाबारे शोधकार्य थालें, कसजूसँग पहिलो पटक भेट भयो । त्यो भेटघाट थोरै बाक्लियो । त्यसपछि उनीसँगको परिचयले यदाकदा निरन्तरता पाइरह्यो । उनका कामबारे थप जान्ने मौकासमेत मिलिरह्यो ।

०२४ सालमा भैरहवाबाट निस्कने *दैनिक निर्णय*को संवाददाताबाट कसजूले पत्रकारिता थाले । तर ०४० सालमा पाल्पामा थालेको *सत्य* साप्ताहिक सञ्चालन गरिरहँदा उनले सञ्चारकर्मीको पहिचान बनाए । त्यस समयका बहुदलवादी पत्रकारहरूले जे गर्थे, *सत्य*मार्फत उनले पनि त्यही गरे । पञ्चायती व्यवस्थाको स्वेच्छाचारितालाई प्रश्न गर्दै निर्भीक पत्रकारिता गरे । बहुदलको पक्षमा रूझान बढाए तथापि ०२४ सालको छोटो अनुभवले अन्य धेरै पत्रकारभन्दा उनको पृष्ठभूमि पृथक थियो । एक वर्षका लागि उनी रूरू गाउँ पञ्चायत गुल्मीको प्रधानपञ्च भएका थिए । निवर्तमान प्रधानपञ्चले पद छाड्न बाध्य हुँदा केवल २१ वर्षको उमेरमा उनले निर्विरोध पद समाल्ने मौका पाए । त्यो अनुभवले उनमा दुई किसिमको चेत पलायो । उनकै शब्दमा 'जनताको सेवा नभई प्रभावशाली व्यक्तिहरूको स्वार्थपूर्ति' नै पञ्चायती व्यवस्थाको उद्देश्य थियो । उनीजस्तो व्यक्ति 'स्वच्छ र स्वाभिमानी भएर बाँच्न' पञ्चायती व्यवस्थामा ठाउँ थिएन । त्यसैले उनले साहित्य एवं पत्रकारिता रोजे । बहुदल स्थापनामा सघाए । उनले *सत्य*मा लेखेका सम्पादकीयमध्ये छानिएकाहरू *साँचो कुरा* पुस्तकमा पढ्न पाइन्छ ।

पत्रकारितामा कसजूको विशिष्ट योगदान ग्रामीण विकासमा केन्द्रित रह्यो । ०५१ वैशाखदेखि उनी संलग्न ग्रामीण विकास पाल्पाले *देउराली* निकाल्न थाल्यो । *देउराली* प्रत्येक सप्ताह निस्कने ग्रामीण पत्रिका हो । पहिलो तीन वर्ष कसजूले सम्पादन गरेको *देउराली* त्यसपछि मेघराज शर्माको सम्पादनमा अघि बढ्यो । २७ वर्षमा चलिरहेको *देउराली* पछिल्लो एक वर्षदेखि सोमनाथ अर्यालको सम्पादनमा निस्कन्छ ।

सुरूदेखि नै *देउराली*का केही विशेषता थिए । गाउँबासीको जीवनयापन, तिनका प्राथमिकता र ग्रामीण जीवनलाई उन्नत बनाउने ध्येय *देउराली*ले बोक्यो । स्थानीय स्तरमा महत्त्व राख्ने नियमित समाचारबाहेक *देउराली*का विषयवस्तुका चार पाटा छन् । ग्रामीण विकास पहिलो पाटो हो । यहाँ कृषि तथा सिँचाइ, खानेपानी, ग्रामीण बिजुली, वनजंगल, ऋण तथा बचत, शिक्षा र विद्यालय व्यवस्थापन, वातावरण र वायोग्यास एवं सामुदायिक विकास पर्छन् । सार्वजनिक स्वास्थ्य दोस्रो पाटो हो । यहाँ एचआईभी एड्स, अन्य यौनजन्य रोग, प्रजनन स्वास्थ्य, गर्भनिरोधक उपाय, स्वास्थ्यशिविर र पेटजन्य रोगबारे समाचारले महत्त्व पाउँछन् । महिला र लैंगिक सवाल तेस्रो पाटो हो । यहाँ महिला अधिकारबारे समाचार छापिन्छन् । महिला उद्यमीका प्रेरणादायी संघर्षले ठाउँ पाउँछन् । ग्रामीण जीवनमा महत्त्वपूर्ण भूमिका खेलेका प्रेरणादायी व्यक्ति वा गाउँकेन्द्रित जीवनयापनलाई सार्थक बनाएका व्यक्तिका कथा चौथो पाटो हो ।

झट्ट हेर्दा यी विषय नौला होइनन् । राष्ट्रिय पत्रपत्रिकामा समेटिएकै छन् तर यी सबै विषयवस्तुको रचनात्मक प्रस्तुतिलाई *देउराली*ले विशेष ध्यान दिन्छ । काठमाडौंकेन्द्रित नभएर गाउँकेन्द्रित दृष्टिकोणलाई पत्रिकाले आधार बनाएको छ । सामान्य साक्षरले समेत बुझ्ने गरी पढून् भन्ने हेतु भएकाले समाचार लेख्दा भाषाशैलीमा विशेष ध्यान दिइन्छ । ग्रामीणजनलाई सशक्त बनाउने उद्देश्य जो छ ।

कुनै समय ४२ जिल्लामा पुग्ने *देउराली* अहिले मूलतः पाल्पा र प्रदेश ४ र ५ गाउँठाउँबाहिर विराटनगर, धनकुटा र त्यस भेग वरिपरिबाट भारतका विभिन्न ठाउँमा कार्यरत नेपालीभाषीको नियमित खुराक हो । एफएम रेडियोको आगमनसँगै यसका पाठक क्लबको संख्या घट्यो । पत्रिका केवल तीन हजार प्रतिमा सीमित हुन पुग्यो । किसानको घरदैलो र मजदुरको फलानमा गएर गरिने ग्रामीण विकास पत्रकारितामा जुन मिहिनेत छ, त्यसलाई बजारले मात्र टिकाउन सक्दैन । अन्य सहयोग सीमित छन् । त्यसैले ग्रामीण विकास पत्रकारितालाई मर्न नदिन दुःखसाथ *देउराली* चलिरहेको छ ।



(३ साउन २००४ - १० मंसिर २०७६)

ग्रामीण पत्रकारिताको विकास र सञ्चार-प्रविधिको विस्तार गर्ने कार्यले मात्र उनलाई स्थिर बनाएन । उनले सञ्चारको मूल मर्मलाई कदापि भुलाएनन् । उनी प्रेस स्वतन्त्रताका अथक साधक रहिरहे ।

०४३ सालमा आफूले लेखेको पाण्डुलिपि लिएर कसजू भारत पुगे, पुस्तक छाप्न । त्यहाँ उनले अचम्मको कुरा देखे । कम्प्युटरमा पुस्तकको लेआउट सकिएपछि क्लिक गर्नासाथ अलिक टाढा राखिएको प्रिन्टरबाट तयार गरिएका पाना दुरूस्त छापिए । उनी अचम्मित भए । प्रविधि क्षेत्रमा देखेको त्यही चमत्कार उनको मानसपटलमा प्रगाढ थियो । त्यसबेला उनी पाल्पामा प्रेस पनि सञ्चालन गर्थे । पछि काठमाडौं आएपछि बिस्तारै उनले नयाँ प्रविधिलाई नेपालका गाउँघरमा विस्तार गर्ने ठाने । त्यसैले नवसिकारूलाई सञ्चार-प्रविधिसँग साक्षर गराउने कार्यमा लागे । सञ्चार-प्रविधिको प्रशिक्षक बने ।

ग्रामीण पत्रकारिताको विकास र सञ्चार-प्रविधिको विस्तार गर्ने कार्यले मात्र उनलाई स्थिर बनाएन । उनले सञ्चारको मूल मर्मलाई कदापि भुलाएनन् । उनी प्रेस स्वतन्त्रताका अथक साधक रहिरहे । प्रेस स्वतन्त्रता र मानव अधिकारबीचको अन्योयाश्रित सम्बन्धलाई समेत टेवा दिइरहे । यसका धेरै उदाहरण छन् । ०६१ सालमा उनले दयाशंकर स्मृति पत्रकारिता पुरस्कार पाएको सन्दर्भलाई नै हेरौं । २५ हजारको पुरस्कार रकममा उनले त्यति नै रकम थपेर द्वन्द्वपीडित पत्रकारको बिमा र स्वास्थ्य सेवाका लागि कोष स्थापना गरे । श्रमजीवी पत्रकारको सुरक्षा र अभिव्यक्ति स्वतन्त्रताको निर्भीकतालाई बलियो बनाउन टेवा दिए ।

कसजूको व्यक्तित्व सञ्चार जगत्मा मात्र सीमित रहेन । भाषा-साहित्यको क्षेत्रमा उनले विशिष्ट योगदान गरे । उनको जुझारू प्रयोगवाद लघुकथा र बालसाहित्य क्षेत्रमा समेत सराहनीय रह्यो । ०३० सालमा प्रारम्भ भएको *श्रीनगर* साहित्यिक पत्रिकासँगै उनको साहित्यिक लेखन र गतिविधि सुरू भयो, पाल्पाबाटै । तर ०३४ सालमा थालेको *चौतारो* हवाइपत्रिकाबाट उनले लघुकथाको प्रयोग सुरू गरे । बिस्तारै बालसाहित्यलाई उनले कर्मक्षेत्र बनाए । उनले प्रारम्भ गर्दा बालसाहित्यको भाषाशैली परम्परागत नै थियो । विषयवस्तु उपदेशात्मक र नैतिक शिक्षा वरिपरि रूमल्लिएको थियो । धार्मिक र पौराणिक कथा पुनर्उत्पादन भइरहन्थे । उनको लेखनले नयाँ अध्याय थाल्यो ।

कसजूको बालसाहित्य लेखनबारे प्रमोद प्रधानले पुस्तक *बालसाहित्यमा विनय कसजूः योगदान र मूल्यांकन* लेखका छन् । प्रधानको बुझाइमा कसजूका योगदानका दुई पक्ष छन् । विषयवस्तुको क्षेत्रमा कसजूले *नयाँ क्षितिज* उघारे । कथावस्तुमा विविधता ल्याए । उनको ग्रामीण पत्रकारिता र सञ्चार-प्रविधिको लगावले यहाँ काम गर्‍यो । वातावरण, सञ्चार, विज्ञान-प्रविधि, बालबालिकाले भोग्ने तनाव र दुर्व्यवहार तथा बालबालिकाका समसामयिक रूचिवरिपरि उनले कथावस्तु बुने ।

बालसाहित्य लेखनलाई कसजूले कथा लेख्ने कार्यमा मात्र सीमित बनाएनन् । उनलाई यसको सैद्धातिक पक्षमा समेत उत्तिकै रूचि थियो । त्यसैले उनले बालकथा लेखन र बालकथा सम्पादनसम्बन्धी पुस्तक लेखे । ग्रामीण पत्रकारितामा भाषाशैलीलाई प्राथमिकता दिएजस्तै बालकथा लेखनमा सिर्जनात्मक सीपलाई महत्त्व दिए । सिद्धान्त र व्यवहारका यिनै पाटोलाई जोड्न विगत एघार वर्षदेखि उनी बाल वाङ्मय तथा अनुसन्धान केन्द्रमा आबद्ध थिए । सो केन्द्रमार्फत उनले बालसाहित्य लेखनमा नयाँ पुस्ता तयार गर्न प्रशिक्षण दिए । लेखन कार्यशाला चलाए । धेरै नयाँ लेखकका लागि प्रेरणा बने ।

पञ्चायतकालदेखि नै कसजू अनुत्तरदायी शासन व्यवस्थाबाट विरक्तिएका थिए । त्यसैले बहुदल आएपछि नेताका भाषणबाजी, खोक्रा आश्वासन र शक्तिपूजावरिपरि गरिने पत्रकारिताबाट उनी टाढा रहे । सशक्त जनगणको निर्माण नै उनको पत्रकारिता-ध्येय बन्यो । बालसाहित्यमार्फत नयाँ पुस्तामा लगानी गर्ने धून पनि त्यही ध्येयको हिस्सा हो । शासनशैलीमा हाबी विकृति र विसंगतिलाई सुधार्ने दीर्घकालीन उत्तर । बालबालिकामा सार्थक लगानी । आशा गरौं, कसजूले विश्वास गरेझैं जुझारू प्रयोगवादले समयसँगै नौलो र सार्थक जीवनको खोजी जारी राख्नेछ ।

विनज कसजूसँग मेरो उठबस बाक्लो थिएन । हामी सहकर्मी थिएनौं तथापि उनको व्यक्तित्वमा निहित विनयशीलताले मलाई सदैव आकर्षिक गरिरह्यो । प्रत्येक पटक कसजूलाई भेट्दा उनको विनयशीलताले ममा प्रगाढ छाप पारिरह्यो । उनको कर्ममा निहित जुझारू प्रयोगवादप्रति म उत्सुक रहिरहें । कसजूको जीवन्त विनयशीलता र जुझारू प्रयोगवादबाट नेपाली समाजले धेरै सिक्नेछ । ने

१३ औँ साग

पोखरामा ४८ जनकपुरमा २०

सागमा काठमाडौँ मात्र होइन, पोखरा र जनकपुर पनि झुम्नेछ । १५ मंसिरदेखि सुरू हुने सागअन्तर्गत पोखरामा आठ वटा खेल हुनेछन् । महिला फुटबल, महिला क्रिकेट, ट्रायथलन, आर्चरी, ब्याडमिन्टन, भारोत्तोलन, ह्यान्डबल र बिच भलिबलको प्रतियोगिता पोखरामा हुनेछ । ४८ स्वर्णको निर्णय पर्यटकीय नगरी पोखरामा हुनेछ ।

जनकपुर पनि के कम ! कुस्तीका लागि यसै पनि मधेस कहलिएकै छ । यसैले हुन सक्छ, दस वटा तौल समूहअन्तर्गत २० स्वर्णको निर्णय जानकीधाममा हुनेछ ।

पोखरा

जनकपुर

वर्षालाई सुक्खा

डेब्यु फिल्म *नाइँ नभन्नु ल २* मा वर्षा शिवाकोटीको छोटो भूमिका थियो । त्यसपछि उनलाई फिल्मको कमी भएन । *गाजाबाजा, पशुपतिप्रसाद, कारखाना, लप्पनछप्पन*जस्ता फिल्म रिलिज भए । *पशुपतिप्रसाद* हिट भयो तर जस खगेन्द्र लामिछानेले पाए । बाँकी दुई फिल्म फ्लप भए । फिल्ममा खास डिमान्ड नभए पनि म्युजिक भिडियोबाट चर्चा बटुलिरहेकी थिइन् । हिरोइन पनि भएकाले पारिश्रमिक आकर्षक थियो ।

धन्न ! फिल्म पाइरहिन् तर फ्लपको शृंखला भने रोकिएन । उनका पछिल्ला तीन फिल्म *पुरानो बुलेट, जय शम्भु* र *वीरविक्रम २* लगातार असफल भए, न त उनको अभिनयले नै प्रशंसा पायो । यही कारण हुनुपर्छ, हिजोआज निर्माता-निर्देशक तर्कन थालेका छन् । कतिसम्म भने *लप्पनछप्पन*को सिक्वेलमा समेत अटाइनन् ।

महेश प्रधान

जाडोमा आइसक्रिम

१९ औं शताब्दीको प्रारम्भमै विश्वभरि नै लोकप्रिय भएको थियो, आइसक्रिम । यो अहिले पनि उत्तिकै प्रिय छ । गर्मीयाममा मात्र होइन, आइसक्रिमको स्वाद जाडोमा पनि उत्तिकै रूचाइन्छ ।

नेपाली उपभोक्ताको आइसक्रिम मोह बुझेरै होला, मार्टिन आइसक्रिमले काठमाडौं जमलमा पहिलो फ्रेन्चाइज प्रारम्भ गरेको छ । सात वर्षदेखि आधुनिक प्रविधिमार्फत आइसक्रिम उत्पादन गर्दै आएको शक्ति फुडले मार्टिन ब्रान्डमा आइसक्रिम ल्याएको हो ।

उपभोक्तासँग प्रत्यक्ष जोडिन, उद्यमशीलताको विकास र विदेशी आइसक्रिमको आयात रोक्न अनि रोजगारी सिर्जना गर्न फ्रेन्चाइजी मोडल सञ्चालनमा ल्याएको शक्ति फुडका कार्यकारी निर्देशक प्रकाश महर्जन बताउँछन् । महर्जनका अनुसार देशभरिबाट सम्भावित फ्रेन्चाइजीलाई आह्वान गरिएको छ । दस वटा फ्रेन्चाइजीका लागि शक्ति फुडले नै सम्पूर्ण उपकरण र पूर्ण सेटअप प्रदान गरिने विशेष स्किम ल्याएको छ ।

लेहेंगा चोली

भारतको गुजरातदेखि उत्तराखण्डसम्मका भारतीय महिलाले निकै रूचाएको लेहेंगा चोली नेपाली महिलाको पनि उत्तिकै प्रिय पहिरन हो । जस्तो, आशा क्षत्रीलाई हेरौं । रातो रङको भेल्भेट लेहेंगामा आशाको सौन्दर्य अझ निखारिएको छ । लेहेंगा विवाहित महिलाको मात्र पेवा होइन किनकि साना नानीदेखि जवान युवतीसमेत लेहेंगा भनेपछि हुरूक्कै हुन्छन् ।

नोटबुक

योगेश ढकाल

मन्त्रालयकै प्रमोसन

“हाम्रो मन्त्रालयको त प्रमोसन भयो नि,” कानुन मन्त्रालयका एक सहसचिवले अघिल्लो साता सुनाए । अनि, चिया पिउन निम्तो पनि गरे । मन्त्री, कर्मचारीको पो प्रमोसन हुन्छ, कता मन्त्रालयको प्रमोसन हुन्छ ? छक्क परेँ । ती सहसचिवसँग भेट नभएको पनि केही महिना भइसकेको थियो । यही बेला प्रधानमन्त्री सचिवालय र मन्त्रिपरिषद् पुनर्गठन भएका थिए । फेरि उनले थपे, “मन्त्रालय नै प्रमोसन भएपछि हामी त दंग छौं ।” ती सहसचिवको निम्तो मन्त्रिपरिषद् पुनर्गठनपछि आएकाले चासो लाग्ने खालकै भयो । बल्ल रहस्य खुल्यो, कानुन मन्त्रालयले पहिलोपल्ट उपप्रधानसहितको तेस्रो वरीयताको मन्त्री पाएको रहेछ ।

अहिलेसम्म मन्त्री र राज्यमन्त्रीले काम चलाएको मन्त्रालयले उपप्रधानमन्त्री पाएपछि भएन त प्रमोसन ? मालदार मन्त्रालयको सूचीमा नपर्ने कानुन मन्त्रालय सधैं हेपिन्थ्यो । नेताहरूको रोजाइमा पर्थेन । हेलाचीमा पर्ने मन्त्रालयले उपप्रधानमन्त्री हैसियतको मन्त्री त आशै गर्थेन । त्यही क्रममा कानुन मन्त्रालय सम्हालन आइपुगे, उपप्रधानमन्त्री उपेन्द्र यादव । हुन त एक सातायता यादवमाथि प्रधानमन्त्री केपी ओलीले डिमोसन गर्दा पनि मन्त्री पद छाडेनन् भन्ने आरोप छ । नेताहरूले ज्यानको बाजी थापेर देश बनाउने कसम खाएका हुन्छन् । अनि, मालदार मन्त्रालयबाट डिमोसन भए पनि आखिरमा यादवले अर्को मन्त्रालयको प्रमोसन त गराए । यत्रो योगदानका लागि धन्यवाद त कता हो कता, उल्टै सत्तामोहको आरोप लगाउनचाहिं नसुहाउने रहेछ ।

सचिवलाई सुर्ता

राष्ट्रपतिको अस्वाभाविक सक्रियताले मन्त्रालयहरू त्राहिमाम छन् । राजनीतिक नियुक्तिदेखि सरूवा-बढुवामा शीतलनिवासको सूची आउँछ । मन्त्री र सचिव लाइन मिलाउनुपर्ने बाध्यतामा हुन्छन् । यही सेरोफेरोमा एक निवर्तमान सचिवसँग लामो कुराकानी गरियो । ती पूर्वसचिवले बालुवाटार र शीतलनिवासका दबाबका लामो फेहरिस्त सुनाउने क्रममा बीचबीचमा उताको भिजन सिंहदरबारले नबुझेको भन्छन् । मन्त्री र सचिवमाथि शीतलनिवास र बालुवाटारको दबाब झेलेका ती सचिवको अनुभव र सूचना पाइरहँदा लाग्यो- प्रशासनभन्दा बाहिर निर्णय क्षमता भएको सचिव भनेर गरिएको टिप्पणी ठीकै रहेछ । फेरि चाकडी शैलीमा शीतलनिवास र बालुवाटारको पक्षपोषण पनि । म चकित परिरहेको थिएँ । ती मन्त्रीभन्दा पनि शीतलनिवास र बालुवाटारको अरूचिका कारण सरूवामा परेका थिए । र, नजिकका इष्टमित्रलाई यो कुरा सुनाउँथे पनि । शीतलनिवास र बालुवाटारको मन्त्रालयमा हुने अस्वाभाविक चासो तथा सक्रियताबारे प्रशस्त सूचना चुहाएका सचिवलाई उद्धृत गर्दा रिपोर्ट झन् तथ्यपरक हुन्थ्यो ।

शीतलनिवास र बालुवाटारको चाकडी शैलीकै बीचबीचमा भनिरहेका थिए- मेरो नामचाहिं कतै पनि नआओस् है । आखिर किन यतिविध्न डर ? रनभुल्ल परेँ । छुट्ने बेला बल्ल कुरा बुझियो- उनी त नियुक्तिको लोभमा रहेछन् । मिल्यो भने समावेशी आयोग, वित्त आयोग वा निर्वाचन आयोगतिर आयुक्त हुने सपना रहेछ । “त्यसो भए अख्तियार जानू नि त,” मैले सुझाएँ । “हामीलाई कहाँ दिन्छन् अख्तियार,” उनले भने । बरू ती पूर्वसचिवको भनाइ थियो- प्रेम राईसहित फलानोफलानो प्रधानमन्त्री निकट हुन् भनेर लेखिदिए हुन्छ । त्योभन्दा सायद उनको नम्बर बढ्थ्यो होला ।

निर्धाजति बलिमा

प्रंसग पुनर्गठनकै तर प्रधानमन्त्री केपी ओली सचिवालयको । प्रधानमन्त्री सचिवालय मिडियामैत्री त भएन नै, विवादास्पद ठेक्कापट्टामा नाम जोडिएर आउन थाल्यो । मुख्य राजनीतिक सल्लाहकार विष्णु रिमाल, प्रेस सल्लाहकार कुन्दन अर्याल, परराष्ट्र सल्लाहकार राजन भट्टराई, सूचना प्रविधिविज्ञ अली अस्करको नाममा पार्टीभित्र र बाहिर प्रशस्त गुनासा थिए । थममाया थापाले सचिवालयको घेराबन्दीका कारण प्रधानमन्त्रीलाई मन्त्रालयका कामले समेत भेट्न नपाएको जाँदाजाँदै गुनासो गरिन् ।

सम्भवतः यी सबै बुझेरै प्रधानमन्त्री ओली १ मंसिरदेखि सचिवालय फेर्ने प्रयासमा थिए । ओलीले सचिवालय सदस्यलाई राजीनामाको निर्देशन दिएलगत्तै अध्यक्ष प्रचण्ड र महासचिव विष्णु पौडेलको समेत रणनीति हो भनेर बजारी हल्ला सुरू भइहाले । अनि, नेकपाभित्र केपी ओली समूह सक्रिय भयो । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल *फेसबुक*मै लेखेर रिमालको काँध थाम्न आए । थप दृश्य-अदृश्य केन्द्र रिमालको पक्षमा लागेको गाइँगुइँ सिंहदरबारमै सुनिन्थ्यो । थामिएका रिमालले अलीलाई पनि थामे । इन्द्र भण्डारीचाँहि राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत थामिएको चर्चा छ । नसोचिएका सूर्य थापा प्रेस सल्लाहकार भएर प्रवेश गर्दा निरन्तर प्रयासमा रहेका जिल्लावासी गोविन्द थापालाई ओलीले भित्र्याएका छैनन् । तल्लो तहमा काम गर्ने निर्धा कर्मचारी मात्रै बलिको बोका बने । संयोग कस्तो भने मन्त्रिपरिषद् पुनर्गठन पनि प्रधानमन्त्री सचिवालयका सदस्यको फेरबदलजस्तै भइदियो । ने



AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Url: agnimahindra.com **Email: marketing@agnigroup.com.np** **Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)**
www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Introductory Offer:
10% Discount

MARTIN ICE CREAM

Vital

An Italian Gelato

NOW in Jamal

Martin Ice Cream's
1st Ever Franchise

Aus scoops & Smile

AUS Scoops and Smile

Open Time : Every Day 11:00 am to 6:00 pm

Next to Nepal Chamber of Commerce Building, Jamal, Kathmandu |
| RSVP: 9823492444, 9860574755 |

Pixelpro\2019

Franchisor

MARTIN ICE CREAM

An ISO 22000 Certified Company

YouTube